# स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन प्रक्रिया

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह, दोस्रो वर्ष पाठ्यक्रम तथा
मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक आवश्यकता
पुरा गर्नको लागि प्रस्तुत
शोधपत्र


**शोधकर्ता**

**उमलाल भण्डारी**

**परीक्षा रोल नं. : २८०१३४/०६६**

**त्रि.वि. दर्ता नं. : ९-२-२१-४५२-२००२**



**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**(पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग)**

**कीर्तिपुर, काठमाडौं**

**२०६७**

## सिफारिस–पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नाकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पुरा गर्नको लागि छात्र उमलाल भण्डारीले मेरो प्रत्यक्ष सुपरिवेक्षणमा रही **स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन प्रक्रिया** शीर्षकमा तयार गर्नु भएको शोधपत्र अन्तिम मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

..........................

प्रा.डा.तीर्थराज पराजुली

शोधनिर्देशक

शिक्षाशास्त्र केन्द्रीय विभाग

मिति : २०६८/०२/०६

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नाकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पुरा गर्नको लागि छात्र उमलाल भण्डारीले **स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन प्रक्रिया** शीर्षकमा तयार गर्नु भएको शोध प्रतिवेदन स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| सह. प्रा. नारायण बस्नेत<br>विभागीय प्रमुख | …………………… |
| प्रा.डा. तीर्थराज पराजुली<br>शोध निर्देशक | …………………… |
| उप. प्रा. किरणराम रञ्जितकार<br>बाह्य परीक्षक | …………………… |
| उप. प्रा. शिवराज बढू<br>बाह्य परीक्षक | …………………… |

मिति : २०६८/०२/०६/०६

## कृतज्ञता ज्ञापन

सल्यान जिल्ला थारमारे गा.वि.स.को प्राथमिक विद्यालयहरूमा "स्थानयि पाठ्यक्रमको विकास र कार्यान्वयन प्रक्रिया" शीर्षको शोधपत्रको प्रस्वताना कार्यदेखि अन्त्यसमम आफ्नो अमूल्य समय दिई आवश्यक निर्देशन, सल्लाह, सुझाव एवम् प्ररणा गर्नु हुने आदरणीय गुरु प्रा.डा. तीर्थराज पराजूलीज्यू प्रति हृदयदेखि नै हार्दिक आभार व्यक्त गर्दछु । आफ्नो व्यस्त समयका बाबजुद यस अनुसन्धान कार्यमा आवश्यक सूझाव र सल्लाह प्रदान गर्नु हुने पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभाग प्रमुख आदरणिय गुरु स.प्रा. नारायण बस्नेत, उप.प्रा. यशोधरा पन्त, उप. प्रा. विश्ववाला थापा, उप. प्ा. किरणराम रञ्जितकार, उप.प्रा. शिवराज बढूप्रति आभार व्यक्त गर्दछु ।

अनुसन्धानको क्रममा अवाश्यक सूचनाहरू उपलब्ध गराई सहयोग पुऱ्याउन हुने अध्ययनक्षेत्रका ३ वटा विद्यालयका प्र.अ., शिक्षक, शिक्षिका, अभिभावकहरू विद्यार्थीहरू, समुदायका वृद्धवृद्धा, महिला, विभिन्न जातजातिका व्यक्तिहरू साथै स्थानीय संघसंस्थाका व्यक्तिहरू र विद्यार्थीहरूलाई धन्यवाद ज्ञापन गर्दछु । अनुसन्धान कार्य गर्ने क्रममा सहयोग लिईएका र साभार गरिएका विभिन्न पाठ्यसामग्रीका लेखक तथा अनुसन्धानकर्ता र रचनाकार प्रति आभारी छु । भौतिक तथा आर्थिक सहयोग गरी उच्च शिक्षा सम्म पढ्ने अवसर दिनु हुने श्रद्देय मातापिता कृष्ण बहादुर भण्डारी र छपि भण्डारीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी पढाईमा हौसला प्रदान गर्ने र उच्च शिक्षा पढ्न अवसर प्रदान गर्न जीवन साथी अनिता भण्डारी, भाई विक्रम भण्डारी, छोरा बाबुराम भण्डारी र छोरी सीता भण्डारीलाई धन्यवाद दिन चाहन्छु । शोधपत्र लेखन कार्यमा सहयोग गर्नुहुने मेरा सहपाठी मित्रहरू राजेन्द्र साउद, रोमहर्ष शर्मा, अनुपम समिर, प्रकाश चन्द, हर्क साउद, र शिव मुस्कान राईलाई पनि धनयवाद दिन चाहन्छु ।

शोधपत्रलाई मूर्तरूप दिन लेखन कार्यमा र शुद्धाशुद्धिमा सहयोग पुऱ्याने सुनेश फोटोकपि एण्ड कम्प्युटर सर्भिसका सुनेश श्रेष्ठलाई धन्यवाद दिन चाहन्छु ।

## शोधसार


यस शोध अध्ययनको शीर्षक "स्थानीय पाठ्यक्रमको विकास कार्यान्वयन प्रक्रिया" रहेको छ । यो अध्ययनका लागि उद्देश्यहरू विभिन्न विषयमा स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया, स्थानीय आवश्यकता र पाठ्यक्रम बीचको तादात्म्यता र स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्नु राखिएको छ । यस अध्ययनको क्षेत्र सल्यान जिल्लाको थारमारे गा.वि.स. अन्तर्गत शान्ति प्राथमिक विद्यालय रात्पहरा, अमरज्योति प्राथमिक विद्यालय चौरपानी र सरस्वती प्राथमिक विद्यालय ठिङ्गवाङ्ग गरी जम्मा ३ वटा विद्यालयहरू रहेका थिए । अध्ययनका उद्देश्यहरू पूरा गर्नका लागि सूचनाका स्रोतहरूमा अध्ययन क्षेत्रका प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स., छनोट गरिएको थियो भने सूचनाका साधनहरूमा प्रश्नावली, अन्तर्वार्ता समूह छलफल, कक्षा समूह छलफल र कक्षा अवलोकन जस्ता साधनको निर्माण गरिएको थियो ।

अध्ययनका क्रममा प्राप्त भएका सूचना अनुसार अध्ययन क्षेत्रका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम स्थानीय विषयको मात्र निर्माण गरी पठन पाठन गरेको पाइयो । यस विषयको पाठ्यक्रम स्रोत व्यक्तिको नेतृत्वमा निर्माण गर्ने गरेको पाईयो । निर्माण कार्यमा प्रअ., शिक्षक, वि.व्य.स. विद्यार्थी, स्रोत व्यक्ति र विद्यार्थीका अभिभावकलाई मात्र संलग्न गराएको पाइयो भने अध्यनय क्षेत्रमा बसोवास गर्ने अन्य व्यक्तिहरू जस्तै : महिला, वृद्धवृद्धा, विभिनन संघसंस्थाका व्यक्तिहरू, बुद्धिजिवि र जातजातिका व्यक्तिहरू र पाठ्यक्रमविद आदि व्यक्तिहरूलाई संलग्न गराएको पाईएन । स्थानीय विषयको स्थानीय पाठ्यक्रम प्रक्रियाका सबै चरणहरूको प्रयोग गरेर निर्माण गरेको पाईएन । निर्माण प्रक्रियका चरणहरूमा आवश्यकता पहिचान विषयवस्तुको छनोट, शिक्षण सिकाई प्रक्रिया र समय निर्धारणलाई मात्र प्रयोग गरेको पाईयो । अन्य चरणहरू उद्देश्यको निर्धारण, कक्षागत सिकाई उपलब्धि र विद्यार्थी मूल्याङ्कन जस्ता चरणहरूको प्रयोग गरेको पाईएन । स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठन गरे पनि पूर्ण रूपले निर्माण प्रक्रिया समबन्धी थाहा नपाएको र तालिम प्राप्त नभएको पाईयो ।

त्यसै गरी स्थानीय विषय बाहेक अन्य विषयहरू सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयको पाठ्यक्रम निर्माण गरेको पाईएन । यी विषयको स्थानीय विषयवस्तु केन्द्रीय पाठ्यक्रमलाई आधार मानेर पाठ्यक्रम निर्माण गरी केही स्थानीय विषयवस्तु पढाउने गरेको पाइयो । यी विषयहरूको विषयवस्तु छनोट विद्यालय तहको नेतृत्वमा छनोट गर्ने गरेको पाईयो भने छनोट कार्यमा शिक्षक, विद्यार्थीहरू र केहि विद्यालयमा वि.व्य.स. लाई मात्र संलग्न गराउने गरेको पाईयो । विषयवस्तु छनोटका चरणहरू कुनै पनि प्रयोग नगरेको तर संयोगवस केही चरणहरू छनोट प्रक्रियामा मिल्न गएको पाईयो ।

अध्ययनका क्षेत्रका स्थानीय आवश्यकताहरू स्थानीय विषय अनतर्गतका आवश्यकताहरूमा अदूवा खेति, सून्तला खेति, चोयाको काम, धान, कमै खेति र व्यापार तथा बैदेशिक रोजगार रहेको पाईयो भने सामाजिक विषयका स्थानीय आवश्यकताहरू खैरावाङ्ग मन्दिर, कुमाखको सिद्धनाथ बाबाको मन्दिर, सोरटि नाच, मयुर नाच, कुपिण्डे दह, विभिन्न जातजातिका जातिय आवश्यकता र शौचालय, पिउने पानी, प्राथमिक उपचार जस्ता स्थानीय आवश्यकता रहेको पाईयो । त्यसै गरी शारीरिक शिक्षा सम्बन्धी स्थानीय रूपमा कुनै आवश्यकता नरहेको पाईयो भने सिर्जनात्मक कला विषयमा मयूर नाच र सोटरी नाच लगायत अन्य सिलाई बुनाई सम्बन्धी आवश्यकता रहेको पाईयो । तर अध्ययन क्षेत्रका स्थानीय पाठ्यक्रम र विषयवस्तुमा यी सबै आवश्यकतालाई

नसमेटेर अदूवा बाली, खैराबाङ्ग दुर्गामाता मन्दिर, कुमाखको सिद्धनाथ बाबा मन्दिर र आवश्यकताभन्दा बाहिरका विषयवस्तु सम्बन्धी मात्र पठनपाठन गर्ने र गराउने भएकाले स्थानीय आवश्यकता र पाठ्यक्रमबीचको तादात्म्यता प्रभावकारी नभएको पाइयो ।

अध्ययन क्षेत्रका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रभावकारी रूपमा भएको पाईएन । स्थानीय पाठ्यक्रम अनुसारको पाठ्पुस्तक उपलब्ध नभएको, स्थानीय पाठ्यक्रम उल्लेख गरे अनुसारका शिक्षण विधि र सामाग्री प्रयोग गरेको पाईएन । स्थानीय पाठ्यक्रमको मर्म अनुसारको प्रक्रिया अनुसार पाठ्यक्रम निर्माण नभएको, निर्मण गरेको पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक निर्माण गर्न नसकेको कारणले विद्यार्थीहरूले घरमा गएर पढ्न नपाउने, विद्यालयमा पढाई भए पनि क्रमिकता अर्थात् क्रबद्धता अनुसार पढाई नहुने, शिक्षण सामाग्री प्रयोग गरेर मात्र पठनपाठन गर्ने पाठलाई पनि व्याख्या विधिबाट मात्र पढाएको पाईयो । शैक्षिक भ्रमण गराउनै पर्ने विषयवस्तुमा शैक्षिक भ्रमण नगराएको पाईयो । विद्यालय स्थानीय पाठ्यक्रम अनुसारको दक्ष शिक्षकको अभाव रहेको शिक्षकहरूलाई स्थानीय पाठ्यक्रमसमबन्धी तालिमको अभाव भएको आदि कारणले कार्यान्वयन प्रभावकारी नभएको पाईयो त्यसैगरी विद्यार्थी मूल्याङ्कन पनि स्थानीय पाठ्यक्रमको मर्म अनुसार नगरी अर्धवार्षिक र बार्षिक परीक्षाको माध्यमबाट मूल्याङ्कन गर्ने त्यसमा पनि अन्य विषयमा ल्याएको प्राप्ताङ्कको आधारमा विद्यार्थीलाई अंक प्रदान गर्ने नाजूक मूल्याङ्क प्रक्रियाले स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था प्रभावकारी नभएको पाईयो ।

यी माथि उल्लेखित राम्रा नराम्रा पक्षहरूलाई प्रभावकारी रूपमा अगाडि बढाउन र कार्यान्वयन गर्नको लागि विद्यालयमा शिक्षण गर्ने शिक्षक, स्रोत व्यक्तिलाई स्थानीय पाठ्यक्रम सम्बन्धी तालिमको व्यवस्था, विद्यालयहरूलाई जिल्ला शिक्षा तथा केन्द्रबाट र सबै सम्बन्धित निकायबाट सहयोग, विद्यालयको आर्थिक अवस्थालाई बलियो पार्ने, सूचना तथा सञ्चार माध्यमबाट व्यापक रूपमा कार्यान्वयन गर्न र गराउन लगाएमा स्थानीय पाठ्यक्रम निर्माण गर्ने गराउने तथा बनाउने, केन्द्र र जिल्ला तहबाट सबे विद्यालयहरूमा निरीक्षण परामर्श र निर्देशन तथा नीति, नियम र योजनालाई व्यापक पारेमा निर्माण प्रक्रियादेखि कार्यान्वयन प्रक्रियासम्म सुधार हुने सम्भावना देखियो ।

## परिच्छेद एक


| | |
|---|---|
| **सिफारिसपत्र** | I |
| **स्वीकृतिपत्र** | II |
| **कृतज्ञताज्ञापन** | III |
| **शोधसार** | IV |
| **विषयसूची** | VI |
| **तालिका सूची** | IX |

**परिच्छेद एक**

**परिचय**

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | अध्ययनको महत्त्व | ३ |
| १.४ | अध्ययनको उद्देश्य | ४ |
| १.५ | अनुसन्धान प्रश्नहरू | ५ |
| १.६ | अध्ययनको सीमाङ्कन | ५ |
| १.७ | विशेश शब्दावलिको प्रयोग | ६ |

**परिच्छेद दुई**

**पूर्व साहित्यको पुनरावलोकन**

| | | |
|---|---|---|
| २.१ | पाठ्यक्रमको धारणा | ७ |
| २.२ | पाठ्यक्रमको विकास प्रक्रिया | १० |
| | २.२.१ पाठ्यक्रम विकास तार्किक नमूना | १० |
| | २.२.२ पाठ्यक्रम विकासका चक्रिय नमूनाहरू | १२ |
| | २.२.३ पाठ्यक्रम विकासका गतिशील/अन्तर्क्रियात्मक नमुनाहरू | १४ |
| २.३ | पाठ्यक्रमको कार्यान्वयन | १५ |
| २.४ | पाठ्यक्रम सम्बन्धमा विभिन्न देशहरूका अभ्यासहरू | १६ |
| २.५ | नेपालमा पाठ्यक्रम सम्बन्धी भएका व्यवस्थाहरू | १७ |
| २.६ | स्थानीय पाठ्यक्रम सम्बन्धमा विभिन्न प्रावधानहरू | १८ |
| २.७ | अवधारणात्मक ढाँचा | १९ |

## परिच्छेद तीन

## अध्ययन विधि


३.१ अनुसन्धानात्मक ढाँचा २२

३.२ अध्ययन क्षेत्र र जनसंख्या छनोट २२

३.३ नमूना छनोट २३

३.३.१ विद्यालयको छनोट २३

३.३.२ विद्यार्थी छनोट २३

३.३.३ प्रधानाध्यापक र शिक्षकको छनोट २३

३.३.४ विद्यालय व्यवस्थापन समितिको अध्यक्षको छनोट २३

३.३.५ स्रोत व्यक्तिको छनोट २४

३.३.६ अभिभावको छनोट २४

३.३.७ स्थानीय पाठ्यक्रम निर्माता र संघ सस्थाको छनोट २४

३.४ अनुसन्धानका साधनहरू २४

३.४.१ प्रश्नावली २४

३.४.२ अन्तर्वार्ता २४

३.४.३ समूह छलफल २५

३.४.४ अवलोकन २५

३.५ साधनको बैधता २५

३.६ सूचना सङ्कलन प्रकृया २५

३.७ सूचनाको विश्लेषण र व्याख्या २६


## परिच्छेद चार

## सूचनाको विश्लेषण र ब्याख्या


४.१ स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया २८

४.१.१ स्थानीय विषय २८

४.१.२ विभिन्न विषयको विषयवस्तु छनोट प्रक्रिया ३६

४.१.३ विभिन्न विषयको स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको सार सङ्क्षेप ४७

४.२ स्थानीय आवश्यकता र पाठ्यक्रम बीचको तादात्म्यता ४९

४.२.१ स्थानीय विषयको स्थानीय आवश्यकता र पाठ्यक्रम बीचको तादात्म्यता ४९

४.२.२ सामाजिक अध्ययन : विषयको स्थानीय आवश्यकता र पाठ्यक्रम बीच तादात्म्यता ५४

४.२.३ शारिरीक शिक्षा विषयको स्थानीय आवश्यकता र पाठ्यक्रम बिचको तादातत्म्यता ६५

४.२.४ सिर्जनात्मक कला विषयको स्थानीय आवश्यकता र पाठ्यक्रम बीचको तादात्म्यता ६६

४.२.५ स्थानीय आवश्यकता र पाठ्यक्रम बीचको तादात्म्यताको सारसंक्षेप ६८

४.३ स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था ६९

४.३.१ प्रश्नावली अन्तर्वार्ताबाट प्राप्त सूचनाको विश्लेषण ६९

४.३.२ कक्षा समूह छलफलवाट प्राप्त सूचनाको विश्लेषण ७०

४.३.३ कक्षा अवलोकनबाट प्राप्त सूचनाको विश्लेषण ७१

४.३.४ स्थानीय पाठ्यक्रम कार्यान्वयनको सारसंक्षेप ७४

**परिच्छेद पाँच**

**प्राप्ति, निष्कर्ष र सुझाव**

५.१ प्राप्ति ७६

५.२ निष्कर्ष ७८

५.३ सुझाव ८०

**सन्दर्भसूची**

**अनुसूची**

# तालिका सूची


| | | | |
|---|---|---|---|
| तालिका नं. ४.१ | : | स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको नेतृत्व | २९ |
| तालिका नं. ४.२ | : | निर्माण प्रक्रिया | ३० |
| तालिका नं. ४.३ | : | निर्माण कार्यमा संलगन व्यक्ति र सन्तुलन गराउनु पर्ने व्यक्तिहरू निर्माण प्रक्रिया | ३५ |
| तालिका नं. ४.४ | : | सामाजिक विषयवस्तुको छनोट नेतृत्व | ३६ |
| तालिका नं. ४.५ | : | सामाजिक अध्ययनको विषयवस्तु छनोटमा संलग्न व्यक्तिहरू | ३७ |
| तालिका नं. ४.६ | : | सामाजिक अध्ययनको विषयवस्तु छनोटमा प्रक्रिया | ३८ |
| तालिका नं. ६.७ | : | शारीरिक शिक्षा विषयको विषयवस्तु छनोटको नेतृत्व | ४० |
| तालिका नं. ४.८ | : | शारीरिक शिक्षा विषयको विषयवस्तु छनोट गर्दा संलग्न गराएका व्यक्तिहरू | ४१ |
| तालिका नं. ४.९ | : | शारीरिक शिक्षा विषयको स्थानीय विषयवस्तु छनोट प्रक्रिया | ४२ |
| तालिका नं. ४.१० | : | सिर्जनात्मक कला विषयको विषयवस्तु छानोटको नेतृत्व | ४४ |
| तालिका नं. ४.११ | : | सिर्जनात्मक कला विषयको स्थानीय विषयवस्तु छनोट गर्दा संलग्न गराएका व्यक्तिहरू | ४५ |
| तालिका नं. ४.१२ | : | सिर्जनात्मक कला विषयको विषयवस्तु छनोट प्रक्रिया | ४६ |
| तालिका नं. ४.१३ | : | अध्ययन क्षेत्रका विद्यालयहरूमा पढाई हुने स्थानीय विषयवसतु र उक्त क्षेत्रका स्थानीय आवश्यकताहरू | ५० |
| तालिका नं. ४.१४ | : | अध्ययन क्षेत्रका सााजिकक क्षेत्रका स्थानीय आवश्यकतार विद्यालयमा पढाई हुने सामाीजक विषय वस्तुहरू | ५४ |
| तालिका नं. ४ १५ | : | अध्ययन क्षेत्रका सांस्कृतिक स्थानीय आवश्यकताहरू र विद्यालयमा पढाई हुने विषयवस्तु | ५५ |
| तालिका नं. ४.१६ | : | अध्ययन क्षेत्रका भौगोलिक र प्राकृतिक स्रोतहरू | ५८ |
| तालिका नं. ४.१७ | : | अध्ययन क्षेत्रका बसोबास गने जातजाति र विद्यालयमा पढन आउने जातजाति | ६० |
| तालिका नं. ४.१८ | : | अध्ययन क्षेत्रका माानिसहरूको स्वास्थ्य सम्बन्धी आवश्यकताहरू | ६३ |
| तालिका नं. ४.१९ | : | अध्ययन क्षेत्रका समूदायका शारीरिक शिक्षा विषयका स्थानीय खेलहरू र विद्यालयमा खेलाईने खेलहरू | ६५ |
| तालिका नं. ४.२० | : | सिर्जनात्मक कला विषय सम्बन्धी स्थानीय आवश्यकता र विद्यालयमा पठनपाठन गरिने विषयवस्तु | ६७ |
| तालिका नं. ४.२१ | : | शान्ति प्रा.वि.को कक्षा अवलोकनबाट प्राप्त सूचनाहरू | ७१ |
| तालिका नं. ४.२२ | : | अदूवा खेतीको गर्ने तरिका पाठको कक्षा अवलोकन | ७३ |
| तालिका नं. ४.२३ | : | स्थानीय खेल भलिवलको प्रयोगात्मक कक्षा अवलोकन | ७४ |

# परिच्छेद एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

वर्तमान यूग विश्वव्यापीकरणबाट प्रभावित यूग हो । यो यूग नै जातीय बैशिष्यता, राष्ट्रिय पहिचान, भाषा, संस्कृति, मौलिकता आदिको पहिचानका लागि आन्दोलित यूग पनि हो । तेस्रो विश्वका अधिकांश देशहरूमा विश्वव्यापीकरणको लहर र स्थानीय पहिचानको लहर एकै समयमा चलिरहेको छ । Think Globally, Act locally भन्ने मध्यमार्गी र समन्वयकारी नाराले अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय विषयवस्तुलाई विद्यालयिय पाठ्यक्रममा समावेश गरिनुपर्छ भन्ने मान्यतालाई स्वीकारेको पाइन्छ । राष्ट्रिय पाठ्यक्रमले विविधतायूक्त राष्ट्रिय परिवेशलाई समेट्न कठिन हुने हुदा पाठ्यक्रममा निश्चित अंश स्थानीय आवश्यकता, स्थानीय विषय क्षेत्र, स्थानीय परिवेशलाई समेट्नु पर्छ भन्ने मान्यतामा सैद्धान्तिक सहमति भएको पाईन्छ । शैक्षिक विकेन्द्रिकरणको अवधारणा अन्तर्गत पाठ्यक्रम सुधार पद्धति अनुसार स्थानीय आवश्यकतालाई समेट्ने गरी स्थानीय निकाएलाई नै स्थानीय पाठ्यक्रम बनाउन दिई सुधार गर्न सकिने कुरामा जोड दिएको पाईन्छ ।

नेपाल भौगोलिक, सामाजिक र संस्कृतिक विविधता यूक्त देश हो । यिनै विविधता नेपालका विशिष्ट पहिचान पनि हुन । नेपालमा उच्च हिमशृङखला सहितको शितोष्ण हिमाली भेग, रमणिय जलवायु युक्त समशित्तोष्ण पहाडी भेग र उपत्यका, समतल र उर्वरभूमि भएको उष्ण तराई एवम् दक्षिणदेखि उत्तरसम्मको छोटो दूरी बीचको एक आपसमा अतिभिन्न जलवायुले नेपालको भौगोलिक, सामाजिक तथा संस्कृतिक पक्षहरूमा विशिष्टता प्रदान गरेका छन् । यी फरक फरक विशिष्टताका आधारमा विभिन्न अध्ययनबाट यहाँ १०२ भन्दा बढी जति रहेका छन् भने ९२ भन्दा बढी भाषा बोल्दछन् । सामूहिक जीवनपद्धति, आपसी सद्भाव र सहिष्णुता, सरल, मैत्रीपूर्ण र आफ्नो संस्कार तथा सांस्कृतिमा रमाउने जीवनशैली, परोपकार, अतिथि सत्कार मेलमिलाप र सद्भाव जस्ता आदर्श नेपालको सामाजिक तथा संस्कृतिक विशेषता बनेका छन् । विविध कला, धर्म, भेषभूषा, रहनसहन, मन्दिर, गुम्बा, धर्मशाला, पाटीपौवा, चौतारी आदिमा आस्था, आत्मियताको आदन प्रदान विविध संस्कृतिक, संस्कार, परम्परा प्रति पनि सद्भाव सरल, मैत्रिपूर्ण र आफ्नै संस्कार तथा संस्कृतिमा रमाउने चलन आफैमा विशिष्ट छन् । नेपालमा विभिन्न विश्वव्यापीकरणको लहरसँगै उदारीकरण र विश्वव्यापार सँगठका साथै कृषि, पशुपालन, जडीबुटि, स्थान विशेषका उत्पादनको आदान प्रदान, हाटबजार, पर्वतारोहण, पर्यटक, श्रम आदि पक्ष नेपालका आर्थिक क्रियाकलापको मुख्य आधार हुन् (प्रा.वि.के २०६२/०६३) ।

विकेन्द्रीकरण शिक्षाप्रणाली शैक्षक पद्धतिका रूपमा प्रभावकारी सोच बनाउनु पर्छ । साथै विकसित देशहरूले मूल रूपमा विकेन्द्रीकरण र स्थानीय सवालंलाई केही फरक राखेर विभिन्न प्रश्नको उत्तर औजारको रूपमा उल्लेख गरेका छन् । यसको विचार अनुसार पाठ्यक्रमको योजना, विकास, परीक्षण, कार्यान्वयन, वैधता र मूल्याङ्कन गर्ने उत्तरदायित्व स्थानीय विद्यालयलाई दिनु पर्छ । यस्ता सुविधाहरू तिनीहरूका स्थानीय आवश्यकता अनुसारको शिक्षा दिनु पर्छ र सिकारुको चाहाना अनुसार गर्नु पर्छ । स्थानीय स्तरका चाहाना, आवश्यकता र

स्रोतहरूको जानकारी केन्द्रिय स्तरका पाठ्यक्रम निर्माता र योजनाकारलाई हुदैन । राज्यको र  स्थानीय सिकारुको चाहाना र उद्देश्य निर्माताको जीवनशैली बीच फरक हुन्छ । तसर्थ पाठ्यक्रम विकास योजना स्थानीय स्तरमा हुनुपर्छ ।

यसरी देशको राष्ट्रिय परिवेश र अन्तराष्ट्रिय क्षेत्रमा आएको परिवर्तन समेतलाई दृष्टिगत गरी नेपालले २०४९ सालको प्राथमिक शिक्षा पाठ्पयक्रमले प्राथमिक तहमा विद्यालयले १०० पूर्णाङ्कको स्थानीय आवश्यकता अनुसारको मातृभाषा वा स्थानीय विषयका रूपमा अन्य कुनै विषय छनोट गरी पठनपाठन गर्नु पर्ने व्यवस्था गरेदेखि स्थानीय पाठ्यक्रमको सन्द्रर्भमा विद्यालयीय शिक्षामा जोडिएको छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले स्थानीय पाठ्यक्रमको सन्द्रर्भलाई केही थप प्रावधान सहित अगाडि आएको छ । जसमा प्राथमिक तहको सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयमा बार्षिक पाठ्यभारको २० प्रतिशत अंश स्थानीय विषयबस्तुलाई समेटेर स्रोत व्यक्ति सँगको सहयोगमा शिक्षक स्वपयमले पाठ्यक्रम बनाई पठनपाठन गर्ने ब्यवस्था गरिएको छ भने बाँकी ८० प्रतिशत को पाठ्यक्रम केन्द्रबाट नै निर्माण गरेको पाठ्यक्रम अनुसार पठनपाठन गर्ने व्यवस्था छ । सामाजिक अधययन विषयको विषयवस्तुमा एतिहासिक, संस्कृति, भौगोलिक खेल, शारीरिक कसरत र अभ्यास रहेका छन् भने सिर्जनात्मक कला विषयमा स्थानीय रूपमा पाइने माटो, काठ, ढुङ्गा, बेतबाँस, निगालो, सिलाई बुनाई, रङ्गाई, चित्र बताउने आदि जस्ता विषयवस्तुका क्षेत्र रहेका छन् भने शारीरिक शिक्षामा स्थानीय खेल र शारीरिक अभ्यासलाई जोड दिइएको छ । स्थानीय पाठ्यक्रमको मर्म अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाद्वारा मूल्याङ्कन गर्ने र उदार कक्षा उन्नति अपनाउनु पर्ने व्यवस्था गरेको छ (प्रा.वि.के, २०६४) ।

### १.२ समस्याको कथन

नेपालका विभिन्न ठाउँमा विभिन्न साधन र स्रोतहरू छन् । विभिन्न ठाउँका मानिसहरूको आवश्यकता, चाहना फरक फरक छन् । त्यसैले केन्द्रमा निर्माण गरेको पाठ्यक्रमका सबै अंश सबै क्षेत्रमा हुबहु लागु गर्न सकिने हुन्छ । जस्तो काठमाडौंका विद्यार्थीहरूका लागि त्यहाँका सांस्कृतिक र पूरातात्विक महत्त्वका स्थलहरूका बारेमा जानकारी र सूचना प्रविधि सम्बन्धी शिक्षा आवश्यक हुन सक्छ । भन्ने जुम्लाका विद्यार्थीका लागि तरकारी तथा फलफूल खेती र त्यसको व्यवस्थापन विषयमा आधारभूत कुराहरू आवश्यक हुन सक्छ । त्यसै गरी संरक्षणका लागि ताप्लेजुममा लिम्बु भाषा धनुसामा मैथली हुन सक्छन भने कपिलवस्तुमा अवधी, कैलालीमा थारु भाषाको शिक्षण हुन आवश्यक छ । सिकाईलाई प्रभाव पार्ने बाल परिवेशसँग सम्बन्धित पक्षलाई मध्यनजर गरी पाठ्यक्रम विकास केन्द्रले स्थानीय अंश छुट्टयाएको छ । सोही आधारमा निर्देशित भई अधिकांश विद्यालयहरूले स्थानीय अशंको पाठ्यक्रम निर्माण र कार्यान्वयन गरी सकेको अवस्था छ ।

स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन भईसके पनि पाठ्यक्रमको व्यवहारिक प्रयोगमा विभिन्न समस्याहरू आईपरेका छन् । जसमा स्थानीय तहमा स्थानीय पाठ्यक्रम निर्माण गर्न सक्ने खालको जनशक्ति नहुनु, स्थानीय तहमा पाठ्यक्रम विकास, निर्माण गर्न सक्ने खालको जनशक्ति नहुनु, स्थानीय तहमा पाठ्यक्रम विकास निर्माण र कार्यान्वयन गर्ने संस्थागत व्यापक हुन नसक्नु जस्ता समस्या रहेका छन् । यसका साथै स्थानीय

पाठ्यक्रम विकास र निर्माण तथा कार्यान्वनका लागि आवश्यक बजेट, समावेश गर्नुपर्ने क्षेत्रका विज्ञ वा स्रोत व्यक्तिहरू उपलब्ध हुन नसक्नु, स्थानीय तहमा पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनमा आन्तरिक तयारी र तत्परताको अभाव हुनु जस्ता थुप्रै समस्या रहेका ।

सूचनाहरू विभिन्न माध्यमबाट प्रतिक्रिया, आलोचना र सुधारका लागि सुझाव तथा माग आएकाले यस अध्ययनमा स्थानीय पाठ्यक्रमको विकास कसरी गर्ने गरेको छ ? स्थानीय पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया के कस्तो छ ? स्थानीय आवश्यकता र पाठ्यक्रमको विचमा के दातात्म्यता रहेको छ ? भन्ने उद्देश्यले यो अध्ययनमा यी कुरा पत्ता लगाउने रुची र ईच्छा लागेकोले यस अध्ययनमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन प्रक्रियालाई समस्याको रूपमा लिईएको छ ।

## १.३ अध्ययनको महत्त्व

स्थानीय पाठ्यक्रम विकास प्रक्रियामा स्थानीय सरोकारवाला पक्षहरूको सहभागिता भए तापनि कार्यान्वन तहमा पुग्दा पाठ्यक्रम उद्देश्य अनुरूप प्रक्रिया सम्पन्न भएको छैनन् । समाजका सबै स्थानीय आवश्यकता र चाहना समावेश भएको छैनन । पाठ्यक्रम निर्माणमा सबै व्यक्तिको सल्लाह र रुची तथा चाहनालाई समेटिएका छैनन सो को शोधखोज गरी कार्यान्वयन सन्दर्भमा देखिएका र देखापर्ने सबल र दुर्वल पक्षको पहिचान गर्नु यस अनुसन्धानको महत्त्व रहेको छ । यो अनुसन्धानको समस्या र विषय क्षेत्रबाट प्राप्ति, निष्कर्ष, उपयोगिता तथा महत्त्वका दृष्टिकोण अर्थपूर्णहुन्छ । सल्यान, जिल्ला क्षेत्र नं. १ थारमारे गा.वि.स. को १२ वटा प्राथमिक विद्यालय मध्ये ३ वटा प्राथमिक विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण कसरी गरिन्छ ? उक्त विद्यालयमा प्राथमिक पाठ्यक्रम २०६२/६३ ले प्रत्येक सामुदायिक विद्यालयलाई स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने गराउने गरेको व्यवस्था अनुसार उक्त विद्यालयहरूमा आफै, स्रोत केन्द्र तह वा जिल्ला तह मध्य कुन तहबाट स्थानीय पाठ्यक्रमको विकास, निर्माण तथा कार्यान्वयन भएको छ वा छैन ? स्थानीय आवश्यकता र पाठ्यक्र बीचको तादात्म्यता छ कि छैन ? भन्ने प्रमुख समस्यालाई मुख्य मुद्दाको रूपमा केन्द्रित रहेर अनुसन्धान गर्नु यस अनुसन्धानको महत्त्व हो । अनुसन्धान पछि स्थानीय पाठ्यक्रमको विकास, तादात्म्यता र कार्यान्वयन पक्षलाई गुणस्तरीय तथा प्रभावकारी बनाउने यसको महत्त्वपूर्ण भूमिका रहेको छ । यस अनुसन्धानको महत्त्व, उपयोगिता तथा सार्थकता निम्नानुसार चरणबद्ध प्रस्तुत गरिएको छ :

(क) स्थानीय पाठ्यक्रमको निर्माण प्रक्रियाको मर्म अनुसार आवश्यकता, उद्देश्य, विषयवस्तु छनोट र शिक्षण विधि, शिक्षण सामग्री सान्दर्भिक छन् वा छैनन् ? निर्कियौल गर्न मद्दत पुग्ने छ ।

(ख) स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाका सुधार पक्ष पहिचान गरी निर्माण कर्तालाई पृष्ठपोषण दिने छ ।

(ग) स्थानीय आवश्यकता र पाठ्यक्रमको तादात्मयता पहिचान गर्ने छ ।

(घ) कार्यान्वनयका सुधार पक्ष पहिचान गरी कार्यान्वयन कर्तालाई पृष्ठपोषण दिने छ ।

(ङ) अनुसन्धानले सिफारिस गरेका उपायहरू अन्य स्थानमा पनि लागु गर्न सहयोग पुऱ्याउने छ ।

(च) यस अनुसन्धानले स्थानीय पाठ्यक्रमको विकासको अवस्था पहिचान गरी निर्माण तथा विकास नभएका विद्यालयहरूमा विकास गर्न सहयोगी हुने छ ।

(छ) स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वनयको के कस्ता ज्ञान तथा स्रोतको अध्ययन गर्नुपर्ने हो सो आवश्यकताको पुष्टि गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

(ज) स्थानीय पाठ्यक्रमको प्रभावकारीता सम्बन्धी के कति उपयोगी छ भनि पुष्टि गर्न यस अनुसन्धानले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि अनुसन्धान निश्चित लक्ष्य तथा उद्देश्यमा केन्द्रित हुन्छ । यस अनुसन्धानको प्रमुख उद्देश्य प्राथमिक शिक्षा पाठ्यक्रम २०६२/२०६३ को प्रावधान अनुसार स्थानीय पाठ्यक्रमको विकास प्रक्रियामा शिक्षक, विद्यार्थी, अभिभावक र शिक्षण संस्था आदिले कुन कुन प्रक्रियामा के के गर्दछन् ? कुन कुन व्यक्तिको संलग्नतामा स्थानीय पाठ्यक्रम निर्माण गर्दछन् ? तिनिहरूको क्रियाकलाप अध्ययन गरिएको थियो भने विशिष्ट रूपमा अनुसन्धानको उद्देश्य निम्न अनुसार राखिएको थियो ।

(क) विभिन्न विषयमा स्थानीय पाठ्यक्रमको निर्माण प्रक्रिया पहिचान गर्नु ।

(ख) स्थानीय आवश्यकता र स्थानीय पाठ्यक्रम बीचको तादात्म्यता पत्ता लगाउनु ।

(ग) स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्नु ।

## १.५ अनुसन्धान प्रश्नहरू

यस अध्ययनको ३ वटा मूल प्रश्नहरू छन् । त्यसका आधारमा अन्य उपप्रश्नहरू निर्माण गरिएको छ ।

(क) स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया के कस्तो छ ?

(i) विभिन्न विषयमा स्थानीय पाठ्यक्रम निर्माण गर्ने चरणहरू के के हुने गरेको छ ?

(ii) विभिन्न विषयको स्थानीय पाठ्यक्रम निर्माण कार्यमा कस कसको संलग्नता रहन्छ ?

(ख) विभिन्न विषयका स्थानीय पाठ्यक्रममा समेटिएका विषयवस्तु के के छन् ?

(i) विभिन्न विषयका स्थानीय पाठ्यक्रममा समेटिएका विषयवस्तुहरू के के छन् ?

(ii) स्थानीय तहमा रहेका विषयवस्तु र पठनपाठन गरिरहेको स्थानीय विषयहरूमा के कस्तो सम्बन्ध रहेको छ ?

(ग) स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ ?

(i) स्थानीय पाठ्यक्रममा के के कुराहरू पढाउँछन् ?

(ii) स्थानीय पाठ्यक्रमको पठनपाठन गराउँदा कुन विधि र सामग्री प्रयोग गरी पढाउँछन् ?

(iii) स्थानीय पाठ्यक्रमको मूल्याङ्कन के कसरी गर्दछन् ?

### १.६ अध्ययनको सीमाङ्कन

स्थानीय पाठ्यक्रम विकास प्रक्रिया सम्बन्धी अनुसन्धान गर्न देशभरिको सबै क्षेत्रको अध्ययन गर्नको लागि आर्थिक अभाव, समय तथा अन्य व्यवहारिक कारणले सम्भव हुन नसक्ने हुनाले यस अनुसन्धानको लागि निम्न निश्चित सीमा क्षेत्रलाई छनोट गरिएको छ :

(क) सल्यान जिल्ला थारमारे गा. वि.स. मा सीमित गरिएको थियो ।

(ख) प्राथमिक तहका ४ र ५ कक्षा सीमित गरिएको थियो ।

(ग) सूचनाका स्रोतहरू उक्त गा.वि.स. का शिक्षक, विद्यार्थी, अभिभावक, प्र.अ., वि.व्य.स. र स्रोत व्यक्ति र स्थानीय अन्य व्यक्ति वुद्धिजिवी र संघ संस्था सीमित गरिएको थियो ।

(घ) सामाजिक अध्ययन, शारीरिक शिक्षा, सिर्जनात्मक अभिव्यक्तिशील कला र स्थानीय विषयमा सीमित गरिएको थियो ।

(ङ) प्रश्नावली, अन्तर्वार्ता, समूह छलफल, कक्षा समूह छलफल, अवलोकन जस्ता साधनको प्रयोग गरी सूचना संकलन गरिएको थियो ।

(च) स्थानीय आवश्यकता र स्थानीय पाठ्यक्रमको सहसम्बन्धमा सीमित गरिएको थियो ।

(छ) अध्ययन क्षेत्रको स्थानीय परिवेश सीमित गरिएको थियो ।

### १.७ शब्दावलिको प्रयोग

स्थानीय पाठ्यक्रम : स्थानी स्तरमा स्थानीय सरोकारवालाहरूको सहभागिता स्थानीय आवश्यकता अनुसार स्थानीय विषयवस्तुहरू समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो ।

कार्यान्वयनको अवस्था : कुनै पनि नीति नियम र निर्माणका कुराहरूलाई व्यवस्थित रूपमा लागु गर्ने कार्यलाई कार्यान्वयन भनिन्छ । यस अध्ययनको सन्दर्भमा स्थानीय पाठ्यक्रममा समेटिएका विषयवस्तुलाई विभिन्न विधि र सामग्री प्रयोग गरी शिक्षण गर्ने कार्यलाई कार्यान्वयनको अवस्थाको रूपमा लिइएको छ ।

तादात्म्यता : कुनै दुई वा दुईभन्दा बढी व्यक्ति, वस्तु, नीति नियमबीच रहेका नजिकको सम्बन्धलाई तादात्म्यता भनिन्छ । यस अध्ययनमा स्थानीय परिवेश र स्थानीय पाठ्यक्रम बीचको सम्बन्धलाई तादात्म्यता जनाउने छ ।

# परिच्छेद दुई
# पूर्व साहित्यको पुनरावलोकन

पूर्व साहित्यको पुनरावलोकन भन्नाले अध्ययन गर्न खोजिएको विषयवस्तुको मिल्दो जुल्दो यस अनुसन्धान भन्दा अगाडि गरेको अनुसन्धान तथा खोजको सङ्क्षिप्त जानकारी हो । पूर्व साहित्यको पुनरावलोकनले अध्ययनलाई सहयोग गर्दछ । यो कार्य अनुसन्धान अवधिभर निरन्तर चलिरहने प्रक्रिया हो । यस अनुसन्धानका क्रममा केही पुस्तक, साहित्य, जर्नल र अनुसन्धानसँग सम्बन्धित पत्र पत्रिका र विभिन्न विद्वान्हरूको प्रकाशित कृतिको सहयोग लिइएको छ । जसको आधारमा तलको शीर्षकमा पाठ्यक्रम र स्थानीय पाठ्यक्रम सम्बन्धी सङ्क्षिप्त व्याख्या गरिएको छ ।

## २.१ पाठ्यक्रमको धारणा

सामान्य अर्थमा भन्नु पर्दा पाठ्यक्रम भन्नाले विद्यार्थीहरूलाई के पढाउने कति पढाउने, कहिले पढाउने, किन पढाउने, कुन विधि छनोट गर्ने ? कुन सामग्री निर्माण गरी पठन पाठन गराउने भनेर तयार पारिएको पूर्व योजनालाई पाठ्यक्रम भनिन्छ । पाठ्यक्रमलाई विभिन्न समयमा विभिन्न विद्वान्हरूले आ-आफ्नो विचार अनुसार अभिव्यक्त गरेका छन् । त्यस्ता धारणाहरू परिवर्तनशील हुन्छन् । पाठ्यक्रम विभिन्न समयमा परिवर्तन हुँदै आजको विकसित अवस्थामा आई पुगेको छ । पाठ्यक्रम सम्बन्धी विभिन्न समयमा व्यक्त भएका धारणाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### (क) पाठ्यक्रमसम्बन्धी स्थायित्व वादिहरुका धारणाहरू

विसौं शताब्दीको सूरूमा शैक्षिक तथा दार्शनिक क्षेत्रमा एउटा नयाँ दृष्टिकोणले प्राथमिकता पायो । त्यो दृष्टिकोण भनेको स्थायित्ववाद हो । यस दृष्टिकोणले परम्परागत रूपमा मानव जातिको सृजना गरेको संस्कृतिक ढाँचातर्फ उन्मुन हुन सक्नु नै बास्तविक जीवन हो भन्ने धारणा राखेको पाइन्छ । यस धारणाका अनुयायीहरू परम्परागत मूल्य र मान्यताहरू नै शास्वत भएकाले तिनीहरू नै स्थायी हुन र तिनैको अनुकरणमा जीवन सफल हुन्छ भन्ने कुरामा जोड दिएका छन् । स्थायीत्ववादिहरू विद्यालयको पाठड्यक्रममा अंग्रेजी, भाषा, ईतिहास, गणित, प्राकृतिक विज्ञान, ललितकला र दर्शन जस्ता विषयवस्तुहरू समावेश गर्नुपर्छ भन्ने धारणा अगाडी सारेका छन् । पाठ्यक्रममा स्थानीय विषयवस्तुहरू मात्र समावेश गर्नु पर्दछ भन्ने कुरालाई समर्थन गर्दछन् । सत्य सधै एउटै रहन्छ त्यो परिवर्तन छैन, त्यसैले संसारका सबै मानिसहरूलाई सधै निश्चित पाठ्यक्रमको माध्यमबाट ज्ञान दिन सकिन्छ भन्नेन धारणा व्यक्त गरेका छन् (Orntein and Levine, 1989 : 209)।

### (ख) आवश्यकतावादी धारणाहरु

आवश्यकतावादी दार्शनिकहरूको पाठ्यक्रम प्रतिको धारणा भनेको मानव जीवनका लागि आवश्यक पर्ने केही महत्त्वपूर्ण विषय वा ज्ञान, सीप र कला छन्, तिनीहरूको आवश्यकता मानव जीवनका लागि आवश्यक

परिरहन्छ, तसर्थ त्यस्ता केही निश्चित आवश्यक तत्त्वहरू वा पक्षहरूको ज्ञानले मानिसलाई वा विद्यार्थीलाई सभ्य समाजको असल नागरिकको रूपमा व्यवहार गर्न सहयोग पुऱ्याउँछ । त्यसैले विद्यार्थीहरूले त्यस्ता विषयहरू अध्ययन गर्नुपर्दछ भन्ने धारणा हो । अवाश्यकता वादिहरूले पाठ्यक्रमका विषयवस्तुहरूको पुन : परीक्षण गर्ने, विद्यालयका कार्यक्रमहरूमा अवाश्यकिय तत्त्वको छानविन गर्ने र कक्षा कोठामा अधिकार कायम गर्ने जस्ता कुराहरूमा जोड दिएका छन् (Kneller, 1975, p. 243-244)।

**(ग) विधागत संरचनाको रूपमा पाठ्यक्रम**

विधागत संरचना भन्नाले फरक फरक ज्ञान, सीप, धारणालाई विभिन्न संरचना वा ढाँचमा राखेर अध्ययन गर्ने भन्ने अर्थ लाग्दछ । दोस्रो विश्व युद्ध पछि विश्वका दुई ठूलो देशहरू रुस र अमेरिका बीच अन्तरीक्षमा पुग्नका लागि एक आपसमा प्रतिस्पर्धा भयो र दुई देशबीच शितयुद्ध चल्यो । रुसले स्पूतनिक नामक यान पहिलो पटक प्रक्षेपन गऱ्यो र पछि अमेरिकामा विद्यालय तथा विश्वविद्यालय तहको पाठ्यक्रममा आमूल परिवर्तन गर्नका लागि करोडौं डलर छुट्टयाउने कार्य National Science Foundation ले गऱ्यो र विश्व विद्यालयका विज्ञहरूलाई विद्यालयको त्यसमा पनि विशेष गरी गणित, विज्ञान विषयको पाठ्यक्रममा सुधार गर्न अनुरोध गऱ्यो । विश्वविद्यालयका विज्ञहरूले पाठ्यक्रम विद्यागत संरचनाको आधारमा तयार गर्नुपर्ने तर्क प्रस्तुत गरे यसै सन्दर्भमा विभिन्न विषयका विशेषज्ञहरूले विद्यागत विशिष्टिकरणको आधारमा प्राथमिक तथा माध्यमिक तहको पाठ्यक्रम तयार गर्नुपर्ने धारणा व्यक्त गरे र यस धारणाले समाजमा विभिन्न क्षेत्र परिवेश र क्षेत्रहरू हुन्छन् र ती प्रत्येक विधाको आधारमा पाठ्यक्रम अलग अलग रूपमा निर्माण र विकास गर्ने धारणा व्यक्तगरेका छन् । पाठ्यक्रमलाई विधागत संरचनाको रूपमा स्विकार गर्ने पाठ्यक्रमविद्हरूले बौद्धिक विकास विधागत खोज र अनुसन्धानबाट हुन सक्ने धारणा प्रस्तुत गरेका छन् (Tanner and Taner 1980)।

**(घ) सिकारुको अनुभवको रूपमा पाठ्यक्रम**

सिकारुको अनुवभको रूपमा पाठयक्रम सम्बन्धी धारणामा प्राचिन समयमा अध्यापन गराईने र अध्ययन गरिने विषयवस्तुले जीवनको वास्तविकतालाई सम्वोधन गर्न नसेकेको विद्यार्थीको बास्तविकता उनिहरूको रुची, ईच्छा, आवश्यकता र सिक्न सक्न सक्ने क्षमतालाई पाठ्यक्रमले प्रतिनिधित्व गर्न नसकेको वास्तविकता प्रति प्रगतिवादी दार्शनिकहरूले कटु आलोचना गरे । पाठ्यक्रममा हाल भईरहेको समाजको आवश्यकतालाई समेट्न सक्ने किसिमका विषयवस्तु समावेश गरिनु पर्छ, हामिहरूले व्यथित गरेका गरिरहेका हाम्रो सामुदायिक जीवनका साझा माग र आवश्यकता पुरा गर्ने गरी पाठ्यक्रम छानिनु पर्छ । यसो गर्दा मात्र विगत भन्दा भविश्य हाम्रो हुन सक्ला वा हुनेछ र भन्ने धारणा प्रगतिवादी दार्शनिकहरूको रहेको पाइन्छ । पाठ्यक्रम सम्बन्धीको यस धारणाले बालबालिकाको जीवन परिस्थितिसँग मिल्ने किसिमको उपयोगी र व्यवहारीक पाठ्यक्रम हुनुपर्ने तर्क गरेका छन् ।

**(ङ) अनुभवको रूपमा पाठ्यक्रम**

पाठ्यक्रम भनेको सिकारुहरूले विद्यालयको वा शिक्षण संस्थाको निर्देशनमा विद्यार्थीले आर्जन गर्ने र विभिन्न किसिमका सिकाइ अनुभवहरू हुनुपर्छ । विद्यार्थीहरूले पाठ्याङ्शको अध्ययनबाट प्राप्त गरेको ज्ञान मात्र

सिकाइ नभई विद्यालयको वातावरणमा प्राप्त गर्ने सम्पूर्ण प्रत्यक्ष वा अप्रत्यक्ष ज्ञान नै पाठ्यक्रम हो । विद्यालयद्वारा विद्यार्थीलाई प्रदान गरिने सम्पूर्ण क्रियाकलाप नै पाठ्यक्रम हो (Tanner,1980: 16)।

**(च) अतिरिक्त कक्षा क्रियाकलापको रूपमा पाठ्यक्रम**

विद्यालयमा गरिने दैनिक लेखाई पढाईका अतिरिक्त अन्य क्रियाकलाप जस्तै खेल खेलाई, संगितको सिकाई नृत्य, साहित्यिक कार्यक्रम जस्ता पक्षहरू जुन बालबालिकाको बौद्धिक, सामाजिक, शारीरिक र संवेगात्मक पक्षको विकासका लागि अति महत्त्वपूर्ण पक्ष हुन् । तिनीहरूलाई पनि पाठ्यक्रममा समावेश गर्नुपर्छ भन्ने धारणा पाठ्यक्रमका धारणाहरू बद्लिदै जाने क्रममा देखापर्न थाले । शिक्षण संस्थामा अतिरिक्त क्रियाकलाप जसलाई पाठ्यक्रममा समावेश गरिँदै त्यसलाई पनि प्राथमिकता दिनुपर्छ भन्ने धारणा अनुसार विद्यालयको पाठ्यक्रममा दैनिक पढाई लेखाईका अतिरिक्त बाध्यवादन, संगित, फोटोग्राफी, फिल्म बनाउने नाटक जस्ता प्राज्ञिक पक्षका रूपमा पाठ्यक्रममा समावेश गरी तिनीहरूलाई पनि पाठ्यक्रमको अभिन्न अङ्गका रूपमा पाठ्यक्रम निर्माण गर्ने धारणा आयो ।

**(छ) योजनाको रूपमा पाठ्यक्रम**

शिक्षाविद Sayloor and Alexander ले पाठ्यक्रमलाई एक योजनाको रूपमा अगाडि सारेका छन् । उनिहरूका अनुसार पाठ्यक्रम भन्नाले A plant for providing sets of learning opportunities to achieve broad goals and related specific objectives for the identifiable population served by a single school centre भन्ने बुझिन्छ ।

(ज) कुनै शैक्षिक संस्थाले सिकारुका लागि प्रस्ताव गरेका सम्पूर्ण योजनाबद्ध सिकाई अवसर र सिकारुले पाठ्यक्रम कार्यान्वयनका क्रममा समता गरेका अनुभवहरूको संयुक्त रुपलाई पाठ्यक्रम भनिन्छ (Print, 1993:7)।

**२.२ पाठ्यक्रमको विकास प्रक्रिया**

पाठ्यक्रम विकास प्रक्रियाको सम्बन्धमा पनि प्राचित कालदेखि फरक फरक किसिमका विकास प्रक्रिया आएका छन् । विभिन्न समयमा आएका पाठ्यक्रम विकासका नमूनाहरुलाई तल प्रस्तुत गरिएको छ ।

**२.२.१ पाठ्यक्रम विकास तार्किक नमूना**

पाठ्यक्रम विकासका सम्बन्धमा प्रतिपादित तार्किक नमूनाहरू बैज्ञानिक नमुनाहरू हुन । यसलाई उद्देश्य मूल क नमुनाहरू, शास्त्रिय नमुना, साधन साध्य नमूना पनि भनिन्छ । यस प्रकारका नमुनाहरूले पाठ्यक्रम विकास प्रक्रियामा निश्चित तत्त्वहरू निश्चित क्रममा हुनुपर्ने जोड दिएका छन् । पाठ्यक्रम विकास सिलसिलाबद्ध ढाँचामा सुरु गर्दा उद्देश्यहरू, विषयवस्तुहरू, विधि र मूल्याङ्कनको क्रममा गरिनु पर्ने उक्त पद्धतिको मूल मर्म हो । पाठ्यक्रम निर्माण उद्देश्यबाट सुरु भई विषयवस्तु शिक्षण विधि र अन्तमा मूल्याङ्कन सम्मका सम्पूर्ण तत्त्वहरू यस नमुनाभित्र पर्नु पर्दछ । यस प्रकारका नमुनाहरूमा राल्फ टेलर र हिल्डा टावाले प्रस्तुत गरेको दुई मुख्य प्रक्रिया वा नमुना छन् ।

Tyler (1947) द्वारा प्रतिपादीत पाठ्यक्रमको विकास नमूनालाई प्राविधिक नमुना, वृहत नमुना, वैज्ञानिक नमुना, उद्देश्यमुखी नमुना, साधन साध्य नमुना उत्पादक नमुना पनि भनिन्छ । टेलरले सन् १९२८ बाट अनुसन्धान निर्देशकको जिम्मेवारी प्राप्त गरी स्कुल कलेजको पाठ्यक्रमको बारेमा अध्ययन गर्ने मुख्य उद्देश्यका साथ अध्ययन कार्यलाई अगाडि बढाएर सन् १९३६ तिर त्यसको निष्कर्ष निकालेका थिए । यस अध्ययनलाई पठ्यक्रम अनुसन्धानको इतिहासमा आठ वर्षे अध्ययन भनि चिनिन्छ । यस अध्ययनबाट उनले पाठ्यक्रमका चारवटा तत्त्वहरू हुनेमा जोड दिएका थिए । उनले आफ्नो मूल्याङ्कलाई पाठ्यक्रमको तत्त्वको रूपमा समावेश गरी आफ्नो नमुना प्रस्तुत गरे । त्यसैले मूल्याङ्कनलाई पाठ्यक्रमको तत्त्वको रूपमा समावेश गरी आफ्नो मूल्याङ्कनलाई टेलरले पाठ्यक्रमको महत्त्वपूर्ण तत्त्वको रूपमा प्रस्तुत गरेका छन् । उनले मूल्याङ्कन तत्त्वले पाठ्यक्रमका उद्देश्यहरू स्पष्ट पार्नका लागि शिक्षक र विशेषज्ञलाई सहयोग गर्न आवशयक भूमिका निर्वाह गर्छ भन्ने धारणा उल्लेख गरेका छन् । उनले पाठ्यक्रम सम्बन्धी गरेको आठ वर्षे अध्ययनको अनुभवको आधारमा पाठ्यक्रम निर्माण गर्दा पाठ्क्रमका कस्ता शिक्षण विधि आवश्यक पर्छ र विद्यार्थीहरूको शैक्षिक उपलब्धी मूल्याङ्कन कसरी गर्ने भन्ने जस्ता कुरा स्पष्ट पारेका छन् । टेलरल अध्ययनको अनुभवको आधारमा सन १९४९ मा पाठ्यक्रम र प्रशिक्षणका आधारभूत सिद्धान्त नामक पुस्तक पनि प्रकाशन गरे । उक्त पुस्तकमा खास गरी पाठ्यक्रमलाई तर्कपूर्ण, व्यवस्थित, क्रमबद्ध र अर्थपूर्ण रूपमा विकसित गर्नका लागि वैज्ञानिक सिद्धान्तहरू अपनाउनु पर्छ भन्ने उल्लेख गरेका छन् । उनले कुनै पनि शिक्षण संस्था, पाठ्यक्रम विधि, शिक्षाविदले पाठ्यक्रकोबारेमा तार्किक रूपमा विचार विश्लेषण र प्रस्तुतीकरण गर्दा पाठ्यक्रम विकासका आधारभूत सिद्धान्तलाई चारवटा प्रश्नको रूपमा उठाएका छन् । जुन यसप्रकार छन् :

(क) विद्यालयले कुन शैक्षिक उद्देश्य प्राप्त गर्न खोज्नु छ ?

(ख) ति शैक्षिक उद्देश्य प्राप्त गर्नका लागि कस्ता शैक्षिक अनुभव प्रदान गर्नुपर्छ ?

(ग) कसरी ती शैक्षिक अनुभवलाई प्रभावकारी रूपमा सँगठित गर्न सकिन्छ ?

(घ) ति शैक्षिक उद्देश्य पुरा भएको हामी कसरी निश्चित गर्न सक्छौं ?

Taba, (१९६९) ले तत्कालीन अवस्थामा सार्वजनिक शिक्षामा उत्पन्न भएका संकटहरू र पाठ्यक्रम योजनामा देखिएका अन्यौलहरूलाई दृष्टिगत गरी वैज्ञानिक र व्यवस्थित पाठ्यक्रम विकासको सिद्धान्तको आवश्यकता महसुस गरेर योजना बद्ध वैज्ञानिक एवम् व्यवस्थित पाठ्यक्रम विकास : सिद्धान्त र अभ्यास नामक पुस्तक प्रकाशन गरेकी हुन् । उक्त पुस्तकमा उनले पाठ्यक्रम विकासको नयाँ नमूना समेत प्रस्तुत गरेकी हुन् । प्रस्तुत पुस्तक चार भागमा लेखिएको छ । पहिलो भागमा पाठ्यक्रम विकासका आधार दास्रो भागमा पाठ्यक्रम योजना प्रक्रियाको ढाँचा, तेस्रो भागमा पाठ्यक्रमको ढाँचा र चौथा भागमा पाठ्यक्रम परिवर्तनका रणनीतिहरू सम्बन्धी विधिहरू तथा शैक्षिक क्षेत्रका जनशक्तिहरूको भूमिका उल्लेख गरेकि छिन् । उक्त सिद्धान्त पाठ्यक्रम विकासको परम्परागत सिद्धान्त भन्दा फरक छ । यस पाठ्यक्रम विकास सिद्धान्तले पाठ्यक्रम विकास गर्दा समाज र संस्कृतिको विश्लेषण, विद्यालयको कार्य प्रतिको वर्तमान अवधारणा, सिकारुको बौद्धिक एवम् मानसिक विकास, संस्कृतिको विश्लेषणका शैक्षिक उपयोगीता, सिकाईको स्थानान्तरण, सामाजिक तथा सांस्कृतिक सिकाईको

विस्तार, सिकाईका सिद्धान्तहरू, विकासको अवधारणा ज्ञानको स्वरूपमा आउने परिवर्तन, जनचेतना र प्रतिविम्बित सोचाइ विज्ञान र प्रविधिमा आएको परिवर्तन आदिको आधारमा पाठ्यक्रम विकास गर्नु पर्ने आवश्यकता उल्लेख गरेकी छिन् । यसका लागि उनले दिएका पाठ्यक्रम विकासका चरणहरू निम्न छन् :

- आवश्यकताको पहिचान
- विषयवस्तुको निर्धारण
- विषयवस्तुको छनोट
- विषयवस्तुको सँगठ
- सिकाइ अनुभवको छनोट
- सिकाइ अनुभवको सँगठन
- मूल्याङ्कन प्रक्रिया

### २.२.२ पाठ्यक्रम विकासका चक्रिय नमूनाहरू

पाठ्यक्रम विकास प्रक्रियाको क्षेत्रमा चक्रिय नमुनाहरूको विकास कर्ताहरूमा शिक्षा विदहरू डि.के ह्वीलर र एड्रि हवार्ड निकोल्स प्रसिद्ध छन् । उनीहरूको उद्देश्य/तार्किक नमुना तथा गतिशिल नमुनाका चरम पक्षहरूलाई समावेश गरी यस प्रकारका पाठ्यक्रम विकासका नमुना विकास गरेका छन् । पाठ्यक्रम विकासका चक्रिय नमुनाहरू त्यस्ता नमुनाहरू हुन् । जो निकटताको हिसावले तार्किक छन् र प्रायोगिक हिसावले बढी लचकतातर्फ उन्मुख छन् (Print, 193: 64) ।


पाठ्यक्रम विकासका चक्रिय नमुनाहरू उद्देश्यमूलक नमुना र गतिशील नमुनाका चरम पक्षहरू बीचमा जोड्ने योजनाका रूपमा देखिन्छन् । यस नमुनाका तत्त्वहरू एक अपासमा अन्तर्सम्बन्धित र आत्मनिर्भर छन् । पाठ्यक्रमको उद्देश्य तथा विषयवस्तु तर्जुमा गर्ने क्रममा वा समयमा नै कक्षा शिक्षण पद्दति अपनाउने भन्ने सवालमा समेत ध्यान दिनु पर्ने हुन्छ ।

हिलर (१९६७), को पाठ्यक्रम विकास प्रक्रियाको सम्बन्धमा उनको अत्यन्त प्रसिद्ध पुस्तक पाठ्यक्रम प्रक्रिया प्रकाशित भयो । जसले पाठ्यक्रम प्रक्रियामा उत्पन्न पाठ्यक्रमका समस्याहरूलाई व्यवस्थित रूपमा ध्यान पुऱ्याई समाधान गर्ने उपयुक्त मार्ग निर्देशकहरू प्रदान गऱ्यो । उनले पाठ्यक्रम प्रक्रियामा पाँचवटा अन्तर सम्बन्धित चरणहरू हुन्छन् । जुन तार्किक एवम् अस्थिर रूपमा रहन्छन् र जसका आधारमा प्रभावकारी पाठ्यक्रम विकास गर्न सकिन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । उनले पाठ्यक्रम प्रक्रियामा टेलर र टावाका पाठ्यक्रम विकास प्रक्रियाका तत्त्वहरूलाई समावेश गरी निम्न रूपबाट प्रस्तुत गरेका छन् :


- अभिप्राय, लक्ष्य र उद्देश्यहरूको छनोट,
- उक्त अभिप्राय, लक्ष्य एवम् उद्देश्यहरूको प्राप्तिमा सहयोग पुऱ्याउने सिकाइ अनुभवको छनोट तथा समन्वय,

- निश्चित प्रकारका अनुभवहरू प्रदान गर्नका लागि विषयवस्तुको छनोट,
- शिक्षण सिकाइ प्रक्रियासँग सम्बन्धित सिकाई अनुभवहरू एवम् विषयवस्तुको सँगठन तथा समन्वय
- लक्ष्यहरू एवम् उद्देश्यहरूको प्रत्यक चरणको मूल्याङ्कन

पाठ्यक्रम विकास प्रक्रियामा यस नमुनालाई प्रत्ये चरणको क्रमबद्धता, अन्तरसम्बन्ध, निरन्तरण चक्रिय ढाँचा भनिन्छ । यसलाई चक्रिय नमुनाका रूपमा तलको चित्र द्वारा प्रष्ट्याउन सकिन्छ ।




निकोल्स र निकोल्सले (१९७८) मा Developing a Curriculum नामक पुस्तक प्रथम पटक प्रकाशित गरे पछि उक्त पुस्तकमा पाठ्यक्रम विकासको सरल एवम् चक्रिय दृष्टिकोण प्रस्तुत गरेका छन् । जसले पाठ्यक्रमका तत्त्वहरू समेटेको पाठ्यक्रम विकासको सङ्क्षिप्त एवम् स्पष्ट नमुना प्रदान गरेको छ । यस चक्रिय नमुनाले पाठ्यक्रम विकासको तार्किक पद्तीमा जोड दिएको छ । जहाँ परिवर्तीत परिस्थितिका लागि नयाँ पाठ्यक्रमको उत्पादन गर्नुपर्ने आवश्यक  छ । पाठ्यक्रमलाई योजनाबद्ध गरिनुपर्छ र तार्किक प्रक्रियअनुसार बैध एवम् न्यासँगत र औचित्यको आधारमा प्रस्तुत गनुपर्छ तर व्यापक रूपमा परिवर्तन भएको अवस्थामा भने त्यो लागु नहुन सक्छ भन्ने तर्क उनीहरूको छ । पाठ्यक्रम विकासको चक्रिय प्रक्रियामा जोड दिएको यस नमुना पाठ्यक्रम विकासको निम्ति टेलर, टावा र हिलरले प्रतिपादन गरेका नमुनाहरूको विकसित र परिमार्जित रूप हो । प्रस्तुत पाठ्यक्रम विद्हरूका नमुनामा परिमार्जन गरी पाठ्यक्रम विकासको पहिलो चरणमा परिस्थितिको विश्लेषण, परिस्थिति वा सन्दर्भको विश्लेषण पछि विषयवस्तुको छनोट र सँगठन, त्यस पछि शिक्षण विधिको छनोट र सँगठन र अन्तमा मूल्याङ्कन र सँगठन गर्नुपर्छ भन्ने धारणा प्रस्तुत गरेका छन् ।



### २.२.३ पाठ्यक्रम विकासका गतिशील/अन्तर्क्रियात्मक नमुनाहरू

पाठ्यक्रम विकासका विभिन्न नमुनाहरू मध्य अन्तक्रिर्यात्मक गतिशिल नमुना पाठ्यक्रम विकास साहित्यमा पछिले अवधारणा हो । यस नमुनाको विकासका प्रस्तावहरू डेकर बाल्कर, माल्कम स्किल्वेक, जे म्याक्डोनाल्ड र डी परपेल हुन् । उनिहरूले पाठ्यक्रम विकास प्रक्रियाका सन्दर्भमा एउटा वैकल्पिक धारणा प्रस्ता गरेका थिए; यसलाई नै पाठ्यक्रम विकासको अन्तक्रियात्मक नमुना भनिन्छ । पाठ्यक्रम विकासको सन्दर्भमा उनिहरूको पाठ्यक्रम विकासको अघिल्ला नमुनाहरूले शैक्षिक सँगठनमा पाठ्यक्रम विकासको क्षेत्रमा बास्तविक प्रतिबिम्बित गर्न सकेन अर्थात् शिक्षाको सँगठनमा पाठ्यक्रम विकासको सहि प्रतिबिम्बित आउन सकेन भन्न आरोप लगाएका छन् । यस नमुनाले अघिल्ला नमुनाहरू परम्पागत क्रमबद्ध ढाँचाका विरुद्धमा जुध्न सकेन भन्ने जस्ता कार्यहरू प्रस्तुत गरेको छ । यस नमुनाले पाठ्यक्रमको योजना निर्माण गर्दा पूर्व निर्धारित सूचनाहरूको समूहको प्राप्तिमा भन्दा सिकाइको आवश्यकताको महत्त्व बढी हुने कुरा उल्लेख गरेको छ ।

वाल्कर (१९७०), का अनुसार पाठ्यक्रम विकासको पहिलो चरणमा पाठ्यक्रम विकासकर्ताहरूले पाठ्यक्रमको आधार सम्बन्धी कथनहरू पहिचान गर्नुपर्छ त्यसमा पाठ्यक्रम निर्माताहरूले पाठ्यक्रम विकासको आधारलाई ध्यान दिएको हुन्छ । जसमा छरिएर रहेका विचारहरू अभिरुचीहरू, दृष्टिकोण, विश्वास, मूल्यमान्यताहरू विध्यमान रहन्छन् । प्रारम्भिक चरणमा उक्त कुराहरू स्पष्ट रूपमा परिभाषित गरिएको हुँदैन । स्पष्ट र तार्किक रूपमा प्रस्तुत भएका हुँदैनन तर पाठ्यक्रम निर्माताले भावी पाठ्यक्रम सम्बन्धी निर्णय लिने सन्दर्भमा आधारको रूपमा प्रयोग गर्छन् ।

पाठ्यक्रम सम्बन्धी जब व्यक्तिहरू बीच अन्तक्रिया सुरु हुन्छ, तब पाठ्यक्रम निर्माताहरू पाठ्यक्रम निर्माणको विचार विमर्शको चरण, छलफलको चरणमा प्रवेश गर्दछन् । जसमा व्यक्तिहरू बीच अन्तक्रिया गराउने कार्य गरिन्छ । यस कार्यमा प्रत्यक व्यक्तिले आफ्नो विचारहरू स्पष्ट पार्न थाल्दछन् ।

वालकर नमुनाको अन्तिम चरण पाठ्यक्रम ढाँचा हो । यस चरणमा निर्माताहरूले पाठ्यक्रमका तत्त्वका बारेमा, विभिन्न प्रक्रियागत तत्त्वहरूका सम्बन्धमा निर्णय गर्दछन् । यस प्रकारको कार्य व्यक्तिहरू बीचको व्यापक छलफल, घनिभूत छलफल र सहमतिबाट निर्माणमा पुगिन्छ ।

माल्कम (१९७६) को नमुनाले तार्किक नमुनाले प्रस्ताव गरे जस्तो एउटा निश्चित क्रममा र निश्चित तत्त्वहरूबाट निर्देशित भई पाठ्यक्रम निर्माण गर्नुभन्दा कुनै पनि तत्त्व क्रमबाट पाठ्यक्रम निर्माण गर्न सकिन्छ भन्ने तर्क प्रस्तुत गरेका छन् । यस नमुनाको दाबी अनुसार विद्यालयमा आधारित पाठ्यक्रम विकास कार्य प्रभावकारी बनाउन पाठ्यक्रम प्रक्रियामा परिस्थितिको विश्लेषण, लक्ष्य निर्धारण, कार्यक्रम निर्माण, प्रस्तुतिकरण र कार्यान्वयन तथा अनुगमन, पृष्ठपोषण, मूल्याङ्कन, पुननिर्माण जस्ता चरणहरूको आधारमा पाठ्यक्रम विकास वा निर्माण गर्न सकिन्छ भन्ने धारणा रहेको छ ।

## २.३ पाठ्यक्रमको कार्यान्वयन

जव नयाँ बनेको पाठ्यक्रमबारे सरोकारवालाहरूलाई जानकारी गराईन्छ साथै आवश्यक आर्थिक मानवीय र भौतिक स्रोतको व्यवस्था हुन्छ । त्यस पछि त्यसलाई कक्षाकोठाको वातावरणमा लागु गर्नु पर्छ । पाठ्यक्रम कार्यान्वयन गर्दा पाठ्यक्रम प्रयोगकर्ता, पाठ्यक्रम निर्माणकर्ता, प्रशासकहरू, शिक्षकहरू, सुपरीवेक्षक आदि व्यक्ति नव परिवर्तनको सम्बन्धमा स्पष्ट हुनुपर्छ । त्यसैगरी परिवर्तीत पाठ्यक्रमले हुने फाईदाका बारेमा शिक्षक, शिक्षाविद्, राजनीतिक दलका नेता सबैलाई जानकारी दिनुपर्छ । पाठ्यक्रम कस्तो प्रक्रितिको छ ? यसले कस्ता कस्ता उद्देश्य राखेर परिवर्तन गर्न खोजेको हो ? त्यसको बारेमा स्पष्ट जानकारी दिनुपर्छ । कुनै पनि विषयको पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउँदा त्यसको आवश्यकता, महत्त्व, र औचित्य आदिको जानकारी सम्बन्ध सबै पक्षलाई दिनुपर्छ । नयाँ पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याँउदा धेरै समय लाग्न सक्छ, पाठ्यक्रम कार्यान्वयन गर्ने व्यक्ति विशेष गरी शिक्षक, शिक्षाविद्, विद्यार्थीहरूको धारणामा परिवर्तन ल्याउनु पर्छ । यसका साथै पाठ्यक्रम कार्यान्वयन गर्न उपयोगी र व्यावहारिक योजनाको आवश्यकता पर्दछ र योजनाले ३ वटा पक्षमा जोड दिनुपर्छ, तिनीहरू हुन मानिस, कार्यक्रम र प्रक्रिया हुन् । ती तीन तत्त्वहरू एक आपसमा छुट्टयाउन नमिल्ने पक्ष हुन् । त्यसैगरी पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउनको लागि सञ्चार, सहयोगको पनि आवश्यकता पर्छ ।

Wood ले पाठ्यक्रम निर्माण तथा सुधार समाजको प्रकृति, सामाजिक रूपान्तरण, सिकारुको प्रकृति र आवश्यकताको अध्ययन गर्दै पाठ्यक्रमा कक्षाकाठा कसरी प्रवेश भएको छ मूल्याङ्कन गर्नु आवश्यक हुन्छ भनेका छन् । यस अर्थमा सबै तवरबाट उपयुक्त ठानिएको पाठ्यक्रम कक्षाकाठामा कसरी कार्यात्मक गर्ने, भनेर प्रवेशको अवस्थामा निहित हुन्छ । कार्यान्वयन पक्ष सवल पक्ष भएन भने पाठ्यक्रमलाई मूर्तरूप दिने पहिलो व्यक्ति शिक्षक हो । शिक्षक पाठ्यक्रमलाई कार्यान्वयन सन्दर्भमा त्यसका लागि शिक्षक तालिम प्राप्त हुनुपर्छ । तालिम को प्रयोग कक्षाकोठामा गरिनु पर्छ ।

Fullan and Miles ले पाठ्यक्रम कार्यान्वयन बारे भनेका छन् : पाठ्यक्रमको जस्तोसुकै ढाँचा तयार गरे पनि कार्यान्वयनको मात्र विद्यार्थीमा प्रभाव पार्छ ।

Colin ले पाठ्यक्रम कार्यान्वयन भन्नाले निम्न लिखित पाठ्यक्रमलाई कक्षाकोठा अभ्यास गर्ने कार्य हो भनेका छन् ।

- मैले यो कसरी गर्ने ?
- मैले यो कार्य सधै सूचारु गर्न सक्छु ?
- मैल यो कार्यमा के कस्तो प्रयोग लिन सक्छु ?
- योजना निर्माणका लागि मैले के के गर्नुपर्ला ?
- मेरो विद्यार्थीमा के प्रभाव पार्‍यो ?

Sowell भन्दछन् प्राविधिक रूपमा तयार गरिएको पाठ्यक्रमलाई कक्षाकोठाको वातावरणमा प्रयोगमा ल्याउने प्रबन्ध मिलाउनु नै पाठ्यक्रम कार्यान्वयन हो ।

Part (1980) कार्यान्वयन एउटा विन्दु हो, जसमा कक्षाकोठामा परिवर्तनको वास्तविक महसुस गरिन्छ ।

## २.४ **पाठ्यक्रम सम्बन्धमा विभिन्न देश**हरू**का अभ्यास**हरू

अन्तर्राष्ट्रिय परिवेशमा परम्परागत शिक्षा प्रणालिपूर्ण रूपले केन्द्रिकरणमा आधारित छ । नियमले बाँधिएको पाठ्यक्रम विकास प्रक्रियाबाट सरकारगले अवलम्बन गरेको हुनु पर्छ । पूर्णरूपले विकसित भएका देशहरू स्थानीय पाठ्यक्रम सहभागी हुन्छन् र दायित्व अनुसार अभिभावक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिले त्यसको अनुगमन गर्दछन् । यस्ता देशहरूमा केन्द्रित पाठ्क्रम विकास प्रक्रिया सरकारले निष्क्रिय गरेको छ ।

Sinha (206) USA, Sweden, Newzeland, Austrilia, Denmark र Norway देशहरू विकेन्द्रिकरण र स्थानीय स्तरको पाठ्यक्रम विकासका लागि अधिक अभ्यास गरेका उदाहरणहरू छन् । पाठ्यक्रम विकास प्रक्रिया केन्द्रिकृत भए पछि आलोचना हुने गरेको थियो । त्यसको कारण यो हो कि Summerhill स्कुलहरूले एच्छिक र Self Derected विषयमा लामो समयदेखि राष्ट्रिय पाठ्यक्रम अभ्यास गरिरहेका छन् । United Kindom मा पाठ्यक्रम पद्दतिमा केन्द्रिय रूपले नीति नियम वा निर्देशन पाठ्यक्रम विकासको स्वामित्वको लागि ऐच्छिक विषय स्थानीय तहमा दिएको पाईन्छ (पा.वि.के) ।

United State मा पाठ्यक्रम विकास प्रक्रिया दुई धारणाबाट रहेको छ । तलदेखि माथि र माथिदेखि तल दुबै छ । प्रत्यक राज्यले पाठ्यक्रम विकासमा स्वतन्त्रता दिन्छ । यति मात्र होइन प्रत्येक जिल्ला स्कुलले आफ्नो कार्यक्रमको ढाँचा निर्धारण गर्न र प्रत्यक स्कुल र शिक्षकले उच्च अधिकारसँग सम्बन्धित विषयहरू यिनीहरूको ईच्छा अनुसार स्वतन्त्र रूपले निर्धारण गर्न सक्छ । ब्रिटिस सरकारले यस्तो पाठ्यक्रम निर्माण गर्छ । जुन सबैका लागि उपयोगी हुन्छ ।

डेनमार्कमा पाठ्यक्रम स्थानीय हुन्छ । स्थानीय स्कुलसँग सहकार्य गरेर पाठ्यक्रम विकास गर्ने अधिकार त्यहाँका स्कुललाई हुन्छ । अष्ट्रेलिया र न्यूजल्याण्डमा विषयवस्तु छनोट गर्ने अधिकार शिक्षकलाई हुन्छ । जुन अधिकार राष्ट्रिय पाठ्यक्रम विकास केन्द्रीय निकायको मातहतमा रहेको हुन्छ ।

अमेरिकामा पाठ्यक्रम राष्ट्रिय स्तरमा हुँदैन । यद्यपि कुनै पनि बालक अभ्यास विना सरकारको शिक्षा निर्देशनमा हराउन, रमाउन सक्दैन । पाठ्यक्रम स्थानीय सरकारले निर्धारण गर्दछ । अर्थात् राज्य सरकार, जिल्ला, स्कुल स्तरमा स्तरियता कसरी उपलब्ध हुन्छ भन्ने शक्तिलाई निर्धारण गर्दछ (Slavin 2006 as cited in UOM Journal)।

## २.५ **नेपालमा पाठ्यक्रम सम्बन्धी भएका व्यवस्था**हरू

नेपालको विद्यालय शिक्षा सन्दर्भमा वि.सं. २०४९ सालको प्राथमिक शिक्षा पाठ्यक्रमले प्राथमिक तहमा विद्यालयले १०० पूर्णाङ्कको आवश्यकता अनुसार स्थानीय विषयका रूपमा अन्य कुनै विषय छनोट गरी

पठनपाठन गर्नुपर्ने व्यवस्था गरिए देखि स्थानीय पाठ्यक्रमको सन्दर्भमा विद्यालयीय शिक्षामा जोडिएको हो । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले स्थानीय पाठ्यक्रमलाई यसरी पहिचान दिएको छ । स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानी आवश्यकता अनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम हो ।

**नेपालको अन्तरिम संविधान, २०६३**

प्रत्यक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषा आधारभूत शिक्षा पाउने हक हुने छ भनि धारा १७ मा शिक्षा तथा संस्कृति सम्बन्धी हकमा उल्लेख गरिएको छ ।

**शिक्षा ऐन, २०२८ (शंशोधन सहित) र शिक्षा नियमाली २०५९**

प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने छ भनि ऐनको दफा ७ (२) क मा उल्लेख गरिएको छ । नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्पुस्तक लागु गर्नु पर्ने भनि नियमावलीको नियम ६ (क) मा विद्यालयले पालना गर्नुपर्ने शर्तहरूमा उल्लेख गरिएका छ । त्यसैगरी पाठ्यक्रम सम्बन्धी सुझाव लिनका लागि प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय शिक्षा निर्देशकको अध्यक्षतामा र प्रत्यक जिल्लामा जिल्ला शिक्षा अधिकारीको अध्यक्षतामा समिति गठन गरी समितिको काम कर्तव्य र अधिकार तोक्ने भनि नियम ३३ (६) मा उल्लेख गरिएको छ । नियम ३५ मा थप पाठ्यसामग्री वा पाठ्यपुस्तक अध्यापन गर्न स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ ।

**तीन वर्षीय अन्तरिम योजना** (२०६३/६४–२०६६/६७)

अन्तरिम योजनाको कार्यनीतिमा राष्ट्रिय पाठ्यक्रम प्रारूपमका आधारमा स्थानीय निकायले आ-आफ्नो क्षेत्रका लागि उपयुक्त पाठ्यक्रम विकास गर्ने एवम् बहुपाठ्यक्रमको अवधारणा अनुसार पाठ्यपुस्तक र अन्य सामग्रीहरूको उत्पादन र वितरण नीजि क्षेत्रको संलग्नता अभिवृद्धि गर्ने भनि उल्लेख गरिएको छ । सबै मातृभाषि बालबालिकाहरूको सिकाइ सुनिश्चिततका लागि विद्यालय व्यवस्थापन समितिले स्थानीय निकाएको परामर्शमा शिक्षाको माध्यम भाषाबारे निर्णय लिने र सबै मातृभाषाहरूमा शिक्षाको पहुँच बढाउन समूदाय केन्द्रित शिक्षा नीति लागु गर्ने कार्यनीतिमा उल्लेख गरेको छ ।

**स्थानीय स्वायत शासन ऐन २०५५ र नियमावली २०५६**

स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय निकायको शिक्षासम्बनधी काम कर्तव्य र अधिकार बारे एने तथा नियमावलीमा कुनै प्रावधान उल्लेख नगरिएको तर मातृभाषा प्राथमिक शिक्षा उपलब्ध गराउन सहयोग गर्ने प्रावधान नियमावलीमा उल्लेख गरिएको छ ।

**राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३**

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ मा स्थानीय आवश्यकतामा आधारित शिक्षाको सर्न्दभा चर्चा गरिएको छ । यस शीर्षकमा निम्न लिखित अभ्यासहरू हुन थालेको भनि उल्लेख गरिएको छ :

- स्थानीय पाठ्यक्रमका सामान्य पथ प्रदर्शनमा सिद्धान्तहरू तयार गर्ने र त्यसैका आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने
- केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्भारका लागि विषय, विषयवस्तु छनोटदेखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने,
- केन्द्रीय नियकाबाट व्यवस्थापन गरिएका विषयवस्तुलाई शिक्षण स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्वोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने ।

## २.६ स्थानीय पाठ्यक्रम सम्बन्धमा विभिन्न प्रावधानहरू

(क) शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ मा विद्यालय अनुमति दिने तथा स्वीकृति दिने शर्तमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्ने प्रावधान उल्लेख गरिएको छैन । यस्तै प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिने उल्लेख भए पनि त्यसको कार्यान्वन सन्दर्भमा कसरी गर्ने भनि स्पष्ट उल्लेख गरिएको छैन । नीतिगत व्यवस्था कागजमा मात्र सीमित छ ।

(ख) अन्तरिम तीन वर्षीय योजनाले अपेक्षा गरे अनुसारको स्थानीय निकायले आ-आफ्नो क्षेत्रका लागि उपयुक्त पाठ्यक्रम विकास गर्ने भने पनि स्थानीय निकायबाट पाठ्यक्रम निर्माणमा कुनै पहल हुन नसकेको, स्थानीय स्वायत शासन एन २०५५ ले तथा नियमावली २०५६ को शिक्षा सम्बन्धी व्यवस्थामा पाठ्यक्रम सम्बन्धी कुनै प्रावधान उल्लेख गरिएको छैन । मातभाषामा प्राथमिक शिक्षा प्रदान गर्ने भनिए पनि विद्यालयमा मातृभाषा प्राथमिक शिक्षा प्रदान गर्न स्थानीय निकायले थप सहयोग पुऱ्याउन सकेको छैन ।

(ग) राष्ट्रिय पाठ्यक्रम प्रारूपले सैद्धान्ति रूपमा स्थानीय आवश्यकतामा आधारित शिक्षाको चर्चा गरे पनि निर्माण भएको २ वर्ष भित्रमा कुनै कार्य भएको पाईदैन ।

(घ) प्राथमिक शिक्षा पाठ्यक्रमले व्यवस्था गरेको स्थानीय विषयको १००% पाठ्यक्रम स्थानीय तहबाटै निर्माण गर्ने व्यवस्था भए पनि अधिकांश विद्यालयहरूले स्थानीय विषयमा अंग्रेजी विषय राख्ने गरेको पाइन्छ । यस्तो अंग्रेजी भाषा विषयको लागि पाठ्यक्रम निर्मांण नगरी नीजि क्षेत्रबाट प्रकाशित बजारमा उपलब्ध हुने पाठ्यपुस्तक छनोट गरी पठनपाठन गराउने गरेको पाइन्छ । स्थानीय विषयलाई धेरैजसो विद्यालयहरूले छनोट नै गरेका छैनन भने पाठ्यक्रम विकास केन्द्रबाट निर्मित विभिन्न भाषाका पाठ्यपुस्तक पनि समुदायले सिमित रूपमा उपयोग गरेको पाईन्छ ।

सामाजिक अध्ययन, शारीरिक शिक्षा, सि.अ.क. विषयमा केन्द्रबाट निर्मित ८०% पाठ्यक्रमलाई नै शतप्रतिशत मानेर विद्यालयहरूले पठन पाठन गराएको यर्थात छ । स्थानीय तहले निर्माण गरी कार्यान्वयन गर्नुपर्ने २०% पाठ्यभार प्रयोगमा आउन सकेको छैन । सान आवश्यकता र चाहना भएका विद्यालयका लागि स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयहरूले स्थानीय पाठ्यक्रमका लागि पहल भए पनि प्रभावकारी रूपमा लागु हुन सकको छैन । स्थानीय तहबाट पाठ्यक्रम निर्माण गर्दा लाग्ने खर्चको व्यवस्था विद्यालयसँग छैन भने निर्माण नै कठिन भइरहेको अवस्थामा परिमार्जनको कुनै प्रयास नै छैन ।

(ङ) विद्यालय शासनमा विकेन्द्रिकरण र पाठ्यक्रमको स्थनियकरण सँगसँगै र समान रूपमा हेर्ने गरिएको पाईदैन । पाठ्यक्रम स्थानीय निकाय मार्फत निर्माण गर्ने हो कि विद्यालय मार्फत स्पष्ट छैन ।

## २.७ अवधारणात्मक ढाँचा

राष्ट्रिय नेतृत्वमा स्थानीय निकायले प्राकृतिक स्रोत र साधन, संस्कृतिक धार्मिक, समाजिक, आवश्यकता र विद्यालयका शिक्षक, विद्यार्थी, प्र.अ., अभिभावक, स्थानीय संघसंस्था र सरोकारवालाहरू आदिको संलग्नतामा स्थानीय स्तरमै निर्माण र कार्यान्वयन गर्ने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ । स्थानीय पाठ्यक्रममा बढी मात्रामा स्थानीय विषयवस्तुलाई नै जोड दिईन्छ । नेपाल एउटा बहुजाती र बहुभौगोलिक विधिता अनुसार प्राकृतिक स्रोत र साधनमा फरक भएको हुनाले स्थानीय पाठ्यक्रमले मात्र माथि उल्लेखित गरेका विषयवस्तुलाई समेटन् सक्छ । जसले गर्दा स्थानीय पाठ्यक्रमको महत्त्व बढ्दै गएका छ । जस्तै हिमाली भेगमा बस्ने मानिसलाई चिसोबाट कसरी बच्न सकिन्छ ? कस्ता कपडा लगाउनु पर्छ ? कस्तो खेती पत्ता लगाउँदा उपयुक्त हुन्छ ? त्यसैगरी शहरी क्षेत्रमा बसोबास गर्ने मानिसलाई कसरी व्यापार गर्ने ? कुन क्षेत्रमा कुन व्यापार गर्ने ? उद्योग धन्दा कसरी चलाउने, बातावरणलाई कसरी स्वच्छ राख्ने ? फोहोरलाई कुन प्रयोगमा ल्याउने ? चोरीहुनबाट कसरी बचाउने आदि जस्ता विषयवस्तुलाई पहिचान गरी शिक्षा प्रदान गरिन्छ भने त्यस्तो पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रम भनिन्छ ।

स्थानीय पाठ्यक्रम विकास प्रक्रिया र निर्धारित पाठ्यक्रमको अध्ययन गर्नको लागि अवधारणात्मक ढाँचाहरू निम्नानुसार देखाउन सकिन्छ :

**पाठ्यक्रम विकास नमुनाहरुः**

(क) तार्किक नमूना
- टेलर, हिल्डाटावा

(ख) चक्रिय नमूना
- हिलर, निकोल्स

(ग) अन्तक्रियात्मक नमूना
- वाल्कर, स्केलवेक

**पाठ्यक्रम विकास**

(क) उच्च वास्कविकता
- शिक्षक कम सक्रिय
- विद्यार्थी बढी सक्रिय

(ख) कम वास्तविकता
- शिक्षक बढी सक्रिय
- विद्यार्थी कम सक्रिय

**स्थानीय पाठ्यक्रम अवस्था**

(क) स्थानीय विषय
- पेशा, व्यवसाय

(ख) सामाजिक अध्ययन

विश्व सूचना तथा सञ्चार क्षेत्रमा देखापरेका विकासले विश्वव्यापीकरण र स्थानीयकरणलाई विद्यालयहरूको शिक्षामा समाहित गरी सामाजिक मूल्य र मान्यता, ज्ञान विज्ञानका विधिका पक्षहरू एवम् विषयगत ज्ञानयुक्त शिक्षाको आवश्यकतालाई दुष्टिगत गरी उल्लेखित ढाँचाको पाठ्यक्रम तयार गरिएको हुनुपर्छ । । साथै प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरूको पहुँच, क्षेत्र सानो हुन्छ । यस उमेर समूहका बालबालिकाहरूले देखे भोगेका आधारमा सिक्दछन् ।

Print द्वार प्रस्तुत संयन्त्रमा बालकले देखेको भोगेको अर्थात् उसको सम्पर्कमा रहेका हरेक वस्तुहरू बालकका लागि उच्च बास्तविक (High Reality) हुन्छ । यस्तो अवस्थामा विद्यार्थहरू बढी सक्रिय हुन्छन् र सिकाईमा शिक्षक धेरै सक्रिय रहनुपर्दैन । त्यसै गरी सुनेका, चित्र तथा अन्य सञ्चारका साधनबाट प्राप्त सूचनाका आधारमा थाहा पाएका वस्तुहरू बालकका लागि कम वास्तविक (Low Reality) हुन्छन् । यस्तो अवसथमा विषयवस्तुको सिकाइमा शिक्षक धेरै सक्रिय रहनु पर्छ र विद्यार्थी निस्क्रिय भई एकहोरो शिक्षकको कुरा सुनेर मात्र बस्दछन् ।

# परिच्छेद तीन
# अध्ययन विधि

शोधपत्रलाई उद्देश्य मूलक वनाउनको लागी सुस्पष्ट अनुसन्धान विधिको आवस्यकता पर्ने भएकोले अनुसन्धान विधिको विवरण सबैभन्दा महत्त्वपूर्ण विषय मानिन्छ । एक औपचारीक एव् व्यवस्थित कार्य भएकोले यसमा विषयसँग सम्बन्धित खास विधिहरूको उपयोग गर्नु सान्दर्भिक मानिन्छ । जस अनुसार यस शोध प्रस्तावनामा निम्न लिखित विधिहरूको प्रयोग गरिएको थियो ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अनुसन्धानलाई उद्देश्य उन्मूख बनाउनको लागी गुणात्मक अध्ययन विधिलाई प्रमूख आधार मनिएको थियो । अनुसन्धानको क्रममा अनुसन्धानकर्ता अनुसन्धान क्षेत्रमा आफै पूगेर सुचना सङ्कलन गरिएको थियो । अध्ययनको क्रममा स्थानीय पाठ्यक्रम विकास प्रकृया र निद्यारित पाठ्यक्रम सम्बन्धी अनुसन्धान गर्नको लागी विद्यालयको भौतिक अवस्था, समुदायको वातावरण, विषय शिक्षकको दक्षता, समुदायका विभिन्न जाति, महिला, शैक्षिक सामाग्रीको उपयुक्तता, स्थानीय पाठ्यक्रमविद्, विद्यार्थीको क्रियाकलाप, कक्षा व्यवस्थापन, नीति निर्माण, योजना निर्माण, धर्म, धार्मिक स्थल, पर्यटकिय स्थल, सांस्कृतिक क्रियाकलाप, स्थानीय कला, शिप र स्थानीय खेल, शारिरिक कसरत आदिको बारेमा सूचना सङ्कलन गर्ने प्रयास गरिएको थियो ।

| क्र.स. | उद्देश्यहरू | स्रोतहरू | साधनहरू |
|---|---|---|---|
| १ | विभिन्न विषयमा स्थानीय पाठ्यक्रम निर्माण प्रकृया पहिचान गर्नु । | प्र.अ. शिक्षक, वि. व्य.स., स्रोत व्यक्ति, | अन्तवार्ता (खुल्ला) प्रश्नावली |
| २ | स्थानीय आवस्यकता र पाठ्यक्रम बिचको तादात्म्यता पत्ता लगाउनु । | अभिभावक, समाजका व्यक्ति, विद्यार्थी, पाठ्यक्रमविद् र शिक्षक, स्थानीय संघ संस्था | समूह छलफल र कक्षा समूह छलफल (सहभागीतामूलक) |
| ३ | स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्नु । | शिक्षक, विद्यार्थी, वि.व्य.स. र प्र.अ. | कक्षा अवलोकन अन्तवार्ता (असंरचित) |

## ३.२ अध्ययन क्षेत्र र जनसंख्या छनोट

यस शोधपत्र अनुसन्धानको लागी नेपालको मध्यपच्छिमा अञ्चलको सल्यान जिल्लालाई छनोट गरिएको थियो । अनुसन्धानकर्ताको गृह जिल्ला भएको र अनुसन्धान गर्न पनि सहज हुने कुरालाई मध्यनजर गरी उक्त जिल्ला छनोट गरिएको थियो । सल्यान जिल्लाको स्थानीय पाठ्यक्रम विकास प्रकृयाको अध्ययन गर्न थारमारे गा.वि.स.का जम्मा १२ वटा सामूदायिक प्राथमिक विद्यालय मध्य ३ वटा विद्यालयका शिक्षक, अभिभावक, विद्यार्थी, वि.व्य.स., स्रोत व्यक्ति, स्थानीय संघसंस्था यस अनुसन्धानका जनसंख्या रहेका थिए ।

### ३.३ नमूना छनोट

कुनै पनि अध्ययन अनुसन्धान गर्दा आवश्यक पर्ने सूचनाको विश्लेषण र ब्याख्या गर्नको लागि नमूनाको आवश्यकता पर्छ । उक्त नमूनाको आधारमा गुणात्मक मुल्याङ्कनलाई विशेष जोड दिएर अगाडी बढ्नुपर्ने हुन्छ । त्यस कै आधारमा अनुसन्धान गर्ने गरिन्छ । यस अनुसन्धनको लागी आवश्याक पर्ने उद्देश्यात्मक कुराहरू यस प्रकार राखिएको थियो ।

### ३.३.१ विद्यालयको छनोट

यस अध्ययनका लागी जिल्ला शिक्षा कार्यालय सल्यानबाट प्राप्त सूचनाको आधारमा सल्यान जिल्ला थारमारे गा.वि.स.का जम्मा १२ वटा सामुदायिक प्राथामिक विद्यालय मध्य ३ वटा सामुदायिक प्रा.वि.लाई स्थानीय पाठ्यक्रम विकास प्रकृया र निधारित पाठ्यक्रमको अवस्था के कस्तो छ ? र त्यस बाट के उपलब्धि छ ? कसरी निर्माण गरिन्छ ? स्थानीय आवस्यकता र पाठ्यक्रमको बिच के कस्तो सम्बन्ध रहेको छ ? आदी कुराको जानकारीको लागि ३ वटा विद्यालयहरूलाई स्वतह छनोट गरिएको थियो ।

### ३.३.२ विद्यार्थी छनोट

स्थानीय पाठ्यक्रम बिकास प्रकृया र निधार्रित पाठ्यक्रम अनुसार स्थानीय पाठ्यक्रम कार्यान्वयन गरेको सल्यान जिल्लाका थारमारे गा. वि.स. को ३ वटा छनोटमा परेका विद्यालयका विद्यार्थीको मनोभावन, आकांक्षा बुझ्ने र उक्त स्थानीय पाठ्यक्रमको कार्यान्वयनसम्बन्धी जानकारी र निर्माण प्रकृयासम्बन्धी जानकारी लिनको लागी कक्षा समूह छलफल गरिएको  थियो ।

### ३.३.३ प्रधानाध्यापक र शिक्षकको छनोट

यस शोधपत्र अनुसन्धानको लागी प्रधानाध्यापक, शिक्षकलाई छनोट गर्नको लागि छनोटमा परेका विद्यालयका प्र.अ. ३ जना र शिक्षक ९ जना गरी जम्मा १२ जना शिक्षकहरूलाई अर्थात सबै शिक्षकहरूलाई स्वतह छनोट गरिएको थियो ।

### ३.३.४ विद्यालय ब्यवस्थापन समितिको अध्यक्षको छनोट

यस अनुसन्धानबाट सत्य तथ्य सूचना सङ्कलनका लागि छनोटमा परेका ३ वटा विद्यालयका वि.व्य.स सँग स्थानीय पाठ्यक्रम विकास प्रकृयासम्बन्धी जानकारी प्राप्त गर्न स्थानीय पाठ्यक्रम र आवश्यकता बिचको सम्बन्ध र कार्यान्वयन सम्बन्धी कुराहरूको जानकारी प्राप्त गर्नका लागि प्रश्नावली र अन्तवार्ता गरिएको थियो ।

### ३.३.५ स्रोत व्यक्तिको छनोट

यस अनुसन्धान शोधपत्रलाई सफल पार्नको लागि स्थानीय पाठ्यक्रम विकास प्रकृयासम्बन्धी जानकारी प्राप्त गर्नको लागि सल्यान जिल्ला थारमारे गा.वि.स अन्तर्गतको थारमारे स्रोत केन्द्रका स्रोत व्यक्तिबाट सत्य तथ्य जानकारी प्राप्त गर्नको लागि प्रश्नावली अन्तवार्ता गाएिको थियो ।

### ३.३.६ अभिभावको छनोट

छनोटमा परेका विद्यालयको एरियामा बसोबास गर्ने अभिभावकहरूबाट उनीहरूको स्थानीय पाठ्यत्रक्रम निर्माण प्रकृया, आवश्यकता र पाठ्यक्रम बिच रहेको सम्बन्ध र कार्यान्वयनको अवस्था जानकारी पाउनको लागि सबै महिला बृद्धबृद्धा, विभिन्न जातजातीका व्यक्ति र धर्म मान्य व्यक्ति साथै विद्यालयका अभिभावकसँग समूह छलफल गरिएको थियो ।

### ३.३.७ स्थानीय पाठ्यक्रम निर्माता र संघ सस्थाको छनोट

स्थानीय पाठ्यक्रम विकास प्रकृयाको सत्य तथ्य सूचना प्राप्त गर्नको लागि यस शोध पत्रलाई सफल पार्नको लागि छनोटमा परेको क्षेत्रमा स्थानीय पाठ्यक्रम कसरी निर्माण गरिन्छ ? स्थानीय आवश्यकता र पाठ्यक्रम बिच के कस्तो सम्बन्ध रहेको छ ? कार्यान्वयन कसरी भएको छ ? भन्ने उद्देश्यलाई पूर्ति गर्नको लागि स्थानीय पाठ्यक्रम विज्ञ र स्थानीय संघसंस्था सँगबाट पनि सूचना सङ्कलन गरिएको थियो ।

## ३.४ अनुसन्धानका साधनहरू

यस शोधपत्र अनुसन्धानको उद्देश्य पूरा गर्नका लागि आवश्यक सूचना सङ्कलन गर्न तल उल्लेखित साधनहरूको निर्माण गरिएको थियो ।

### ३.४.१ प्रश्नावली

कुनै पनि समस्यासम्बन्धी उत्तरदाताले समस्यालाई आधार मानेर निर्माण गरिएका प्रश्नहरूलाई आधार मानेर आफ्नो बिचारमा उत्तर दिन पाउने गरी निर्माण गरिएको प्रश्नहरूलाई प्रश्नावली फारम भनिन्छ । यो शोधपत्र अनुसन्धानमा स्थानिय पाठ्यक्रम निर्माण प्रकृया र निर्धारित पाठ्यक्रमसम्बन्धी अनुसन्धान गर्नको लागि छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स. स्रोत व्यक्ति, अभिभावक र स्थानीय पाठ्यक्रम निमार्ता सबैलाई प्रश्नावली निर्माण गरी संचना सङ्कलन गरिएको थियो ।

### ३.४.२ अन्तर्वार्ता

समस्यासम्बन्धी उत्तरदाताले आफ्नो दृष्टिकोण अनुसार खुल्ला वा स्वतन्त्र रूपले उत्तर दिन पाउने गरी एक आपसमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले गरिने कुरालाई अन्तर्वार्ता भनिन्छ । यस अध्ययनको लागि छनोटमा परेका विद्यालय क्षेत्रका समुदाय, अभिभावक, शिक्षक, विद्यार्थी, महिला, वृद्धवृद्धा, दलित, जनजाती र धर्म मान्य सबै व्यक्ति सँग खुल्ला अन्तवार्ता गरी आवश्यक सुचना सङ्कलन गरिएको थियो ।

### ३.४.३ समूह छलफल

दुई वा दुईभन्दा बढि व्यक्तिहरूलाई एकै ठाँउमा राखेर एक आपसमा गरिने कुराहरूलाई समूह छलफल भनिन्छ । यस अनुसन्धानमा छनोट गरिएको क्षेत्रका विद्यार्थी सँग कक्षा समूह छलफल र समुदायका सबै व्यक्तिहरूसँग समूह छलफल गरी सूचना सङ्कलन गरिएको थियो ।

### ३.४.४ अवलोकन

कुनै पनि क्षेत्र ठाउँ र कार्यको जानकारी प्राप्त गर्नका लागि त्यस क्षेत्र, ठाँउ र कामको नजिक वा केहि अलग रहेर त्यस सम्बन्धी भए गरेका कुराहरूको सूचना सङ्कलन गर्ने कार्यलाई अवलोकन भनिन्छ। यस शोधपत्र अनुसन्धानका लागि स्थानीय पाठ्यक्रम कार्यान्वयन, स्थानीय पाठ्यक्रम विकास प्रकृया र स्थानीय आवश्यकता र पाठ्यक्रम बिच भए गरेको सम्बन्धसम्बन्धी सूचना सङ्कलन गर्नको लागि छनोटमा परेका विद्यालयको कक्षा अवलोकन, उक्त क्षेत्रको अवलोकन र स्थानीय पाठ्यक्रम सम्बन्धी सहभागिता मूलक अवलोकन गरिएको थियो।

### ३.५ साधनको बैधता

सूचना सङ्कलनको साधनको निर्माण गरी सकेपछि आफ्ना सहपाठी साथीहरू बिच आपसी छलफल गरेर तथा शोध निर्देशक प्राध्यापक डा. तीर्थराज पराजुली सरसँग प्रमुख रूपमा छलफल गरी उहाँहरूको सुझाव अनुसार संसोधन गरी साधनको मस्यौदाहरूलाई शोध निर्देशकलाई देखाइएको थियो। उहाँका राय सुझाव एवम् सल्लाह अनुसार आवश्यक प्रश्नहरूमा सुधार गरिएको थियो। यसरी सुधारिएको मस्यौदालाई सूचना सङ्कलनको लागि अन्तिम रूप दिईएको थियो।

### ३.६ सूचना सङ्कलन प्रकृया

सूचना सङ्कलन प्रकृया निम्ना अनूसार गरिएको थियो :

- सबै भन्दा पहिला विभागको पत्रको माध्यमबाट छनोटमा परेका ३ वटा विद्यालयका प्र.अ. लाई बुझाइएको थियो ।
- प्र.अ.सँग आफ्नो अनुसन्धानका लागि अनुमति मागिएको थियो।
- प्र.अ.का अनुमति अनुसार ३ बाट विद्यालयका शिक्षक, विद्यार्थी र वि.व्य.स.सँग स्थानीय पाठ्यक्रम निर्माण प्रकृयासम्बन्धी छलफल गरी सूचना सङ्कलन गरिएको थियो।
- छनोटमा परेका क्षेत्रका समुदायमा बसोबास गर्ने सबै मानिससँग आफ्नो अनुसन्धानको जानकारी दिएर स्थानीय आवश्यकता र पाठ्यक्रम बिच रहेको तादात्मयता सम्बन्धी सूचना सङ्कलन गरिएको थियो।
- छनोटमा परेका ३ वटा विद्यालयका १-१ वटा कक्षा अवलोकनबाट स्थानीय पाठ्यक्रम कार्यान्वयनको जानकारी गरिएको थियो भने शिक्षकहरूसँग पनि समूह छलफल गरिएको थियो।
- शिक्षक, अभिभावक स्रोत व्यक्ति वि.व्य.स. विद्यार्थी र स्थानीय संघ संस्थासँग अलग अलग रूपमा स्थानीय पाठ्यक्रम विकास प्रकृया सम्बन्धी छलफल गरिएको थियो ।
- कक्षा शिक्षण गर्ने क्रममा कक्षा अवलोकन फारम भरिएको थियो।
- विभिन्न विषयको पाठ्यक्रम निर्माण सम्बन्धी प्र.अ. शिक्षक र वि.व्य.स.सँग छलफल गरी आवश्यक सूचना सङ्कलन गरिएको थियो।
- अन्तमा सहयोग गर्ने सबै पक्षहरूलाई धन्यबाद दिईएको थियो।

### ३.७ सूचनाको विश्लेषण प्रक्रिया

यस शोधपत्रमा अध्ययन क्षेत्रबाट प्राप्त गरेका सूचनाहरूलाई सहि तरिकाले प्रस्तुत गर्न सम्पादन गर्न, र विश्लेषण गर्नको लागि सम्बन्धीत क्षेत्रबाट आएको प्रतिक्रियाहरूको आधारमा हरेक कुराहरूलाई ध्यान दिएर शोधपत्र निर्देशकको सल्लाह बमोजिम आवश्यकता परेको शीर्षक, उपशीर्षक राखी गुणात्मक रूपमा परिच्छेद चारमा विश्लेषण र व्याख्या गरिएको छ ।

## परिच्छेद चार

## सूचनाको विश्लेषण र ब्याख्या

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सल्यान जिल्ला राप्ति अञ्चलमा पर्दछ । राप्ति अञ्चलका पाँचवटा जिल्लाहरू मध्य यो पहाडी भेगमा पर्दछ भने यसलाई नेपालकै सबै भन्दा राम्रो अदुखा खेतीले चिनिन्छ । सल्यान जिल्लामा ब्राह्मण, क्षेत्री, कामी, दमाई, बदि र सार्कि जातिका मान्छेको समुदायको बाहुल्यता रहेको छ । यस अध्ययन क्षेत्र सल्यान जिल्लाको थारमारे गा.वि.स.हो । यो सल्यान जिल्लाको सबैभन्दा ठूलो गाविस पनि हो । यस गा.वि.स.मा ९ वटा वडाहरू रहेका छन् । यो समुद्रि सतहबाट १५-१६ सय मिटर उचाईमा पर्छ । यसको सिमानामा पूर्वमा कोटमैला गा.वि.स.र शारदा नदि, पश्चिममा बाँफकाँडा गा.वि.स., उत्तरमा कोटबारा गा.वि.स. र दक्षिणमा पिपल नेटा गा.वि.स. पर्छन् । यसमा धरातलीय स्वरूपमा सबैजसो भूमि पहाडी पर्दछ । हावापानिमा समसितोष्ण हावापानी वा मौसमी हावापानि र पतझड जङ्गल पाईन्छ । तापक्रम शालाखाला २०-३० डि.स. सम्म हुन्छ भने वर्षा १६०० मि.मि. सम्म पर्दछ । यस गा.वि.स.मा घर संख्या १०२० रहेका छन् भने परिवार संख्या सालाखाला १२०३० रहेका छन् ।

यस गवा.वि.मा १२ वटा प्रा.वि., ५ वटा नि.मा.वि., र २ वटा मा.वि. रहेका छन् । यहाँको साक्षरता प्रतिशत सरदर ६५%-७०% रहेको छ । यहाँ टेलिफोन र खानेपानि, विजुलि बत्ति पुगे पनि सबै ठाउँमा पुगेको छैन । ऐतिहासिक धार्मिक स्थलमा खैराबाङ्ग दुर्गा माता मन्दिर, छायानाथबाट मन्दिर र कुमाख लेख यस गा.वि.स.का छिमेकी धार्मिक स्थल हुन् । त्यसैगरी कुपिन्डे तह, पर्यटकिय क्षेत्र हो भने यस क्षेत्रमा मुख्य पेशा व्यवासय अदुवा खेती, सुन्तला खेती, बाख्रा पालन, वैदेशिक रोजगार व्यापार व्यवासाय र मकै, गहुँ खेती पर्दछन् ।

यस अध्ययनको क्रममा थारमारे गा.वि.स. भित्र वडा नं. ७ मा संचालित शान्ति प्रा.वि. वडा नं ७ कै अमरज्योति प्रा.वि. वडा नं. ३ को सरस्वती प्रा.वि. रहेका छन् र ति विद्यालयहरूमा स्थानीय पाठ्यक्रम विकास प्रक्रिया र निर्धारित पाठ्यक्रमको अवस्था पत्ता लगाउनको लागि सूचना सङ्कलन गरी अनुसन्धान गरिएको थियो ।

यस परिच्छेदमा अनुसन्धानको क्रममा सङ्कलन गरिएका सूचनाहरूलाई विश्लेषण र व्याख्या गरिएको छ । आवश्यक मात्रामा तालिकीकरण गरी त्यसलाई विश्लेषण पनि गरिएको छ । यस अनुसन्धानको उद्देश्य अनुसार प्रश्नावली, अन्तर्वार्ता, समूह छलफल, कक्षा समूह छलफल, अवलोकन र कक्षा अवलोकन जस्ता साधनहरूको प्रयोग गरी उद्देश्य अनुसार विश्लेषण र व्याख्या गरिएको छ । अनुसन्धानको क्रममा स्थानीय पाठ्यक्रमको निर्माण प्रक्रिया के कस्तो छ ? स्थानीय आवश्यकता र पाठ्यक्रम बिच तादातम्यता छ छैन ? स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था कस्तो छ ? भनि अनुसन्धान गर्नको लागि सल्यान जिल्लाको थारमारे गा.वि.स.का विभिन्न ठाउँमा अवस्थित १२ वटा प्राथमिक पिवद्यालय मध्य ३ वटा विद्यालयका १२ जना शिक्षक, प्र.अ. र अभिभावकहरू, वि.व्य.स., स्रोत व्यक्ति, विभिन्न संघसंस्था, समूदायका अन्न महिल पुरुष, वृद्धवृद्धा, जातजाति र संस्कृतिका व्यक्तिहरूलाई उत्तरदाता बनाईएको थियो । त्यसै गरी ३ वटा विद्यालयका ३ वटा कक्षा अवलोकन र कक्ष समूह छलफल गरिएको थियो । यी विभिन्न तरिकाबाट सङ्कलन गरिएका सूचनाहरूलाई

निम्नानुसारका शीर्षक र अवाश्यकता अनुसार उपशीर्षक तथा तालिकीकरण गरेर गुणात्मक विधिबाट विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.१ स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया

प्राथमिक तहको विभिन्न विषयको स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा सम्भाव्य जिम्मेवारी विद्यालय तह, स्रोतकेन्द्र तह र जिल्ला तहबाट सम्भाव्य पाठ्यक्रम निर्माण गर्न सकिन्छ । विद्यालय तहमा कुनै खास विद्यालयको लागि मात्र उपयोगी हुने विषयवस्तुको पाठ्यक्रम विद्यालयले सरोकारवालासँग परामर्श गरी विद्यालय आफैले निर्माण गर्न सकिन्छ । स्रोतकेन्द्र तहमा एकभन्दा बढी विद्यालयका लागि उपयोगी हुने स्थानीय पाठ्यक्रम सरोकारवालासँग परामर्श गरी स्रोतकेन्द्रको नेतृतवमा निर्माण गरिन्छ भने एकभन्दा बढी स्रोतकेन्द्रका लागि उपयोगी हुने स्थानीय पाठ्यक्रम सरोकारवालासँग परामर्श गरी जिल्ला शिक्षा कार्यालयको नेतृत्वमा निर्माण गरिन्छ । विभिन्न विषयको स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको अवस्था जानकारी पाउनका लागि आधारभूत आवश्यक चरणहरूको जानकारी हुनु आवश्यक हुन्छ । ति चरणहरूको जानकारी परिच्छेद २ को अवधारणात्मक ढाँचामा पाठ्यक्रम विकास प्रक्रियाको नमुनाले समेटेको छ । ति प्रत्येक पाठ्यक्रम विकास प्रक्रियाका चरणहरूको अध्ययन अनुसन्धान गरी प्राप्त भएका सूचनाहरूलाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।


#### ४.१.१ स्थानीय विषय

स्थानीय स्रोत साधनलाई परिचालन गरी स्थानीय परिवेश अनुसार आवश्यक पर्ने ज्ञान र सीप प्राप्तिका लागि स्थानीय परिवेश अनुसार ज्ञान र सीप प्राप्त गरिन्छ भने त्यस्तो विषयलाई स्थानीय विषय भनिन्छ । यस विषयको स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया पहिचान गर्नका लागि अध्ययन क्षेत्र सल्यान जिल्ला थारमारे गा.वि.स.का छनोटमा परेका शान्ति प्रा.वि. अमरज्योती प्रा.वि. र सरस्वती प्रा.वि. का प्र.अ. शिक्षक, विद्यार्थी, स्रोत व्यक्ति, वि.व्य.स., अभिभावक, स्थानीय पाठ्यक्रमविद सँग प्रश्नावली अन्तर्वार्ता, समूह छलफल र कक्षा अवलोकन गरिएको थियो भने समूदायका अन्य व्यक्तिहरूसँग पनि छलफल गरी सूचना सङ्कलन गरिएको थियो ।

यस शोध पत्र अनुसन्धानको लागि सर्बप्रथम छनोटमा परेका विद्यालयहरूमा गएर विद्यालयको पठनपाठनसम्बन्धी पढाई हुने विषयको बारेमा छलफल गरिएको थियो । छलफल पछि साधनको रूपमा लगिएको प्रश्नावली मार्फत स्थानीय पाठ्यक्रम निर्माण गर्दा कसको नेतृत्वमा निर्माण गर्नुहुन्छ ? स्थानीय पाठ्यक्रम निर्माण गर्दा कुन कुन चरण अनपनाउनु हुन्छ ? र कस कसको संलग्नतामा निर्माण गर्नुहुन्छ ? भनि प्रश्न गरिएको थियो । यी प्रश्नको उत्तरलाई तलको तालिकाको आधारमा विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं. ४.१**

**स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको नेतृत्व**




स्रोत : स्थलगत भ्रमण, २०६७।

माथिको तालिकामा उल्लेख गरे अनुसार अनुसन्धानको लागि छनोटमा परेका विद्यालयहरूको स्थानीय पाठ्यक्रम निर्माणको नेतृत्व स्रोत केन्द्रको नेतृतवमा निर्माण गर्ने गरेको अनुसन्धानका स्रोतहरू शिक्षक, प्र.अ., स्रोत व्यक्ति ले बताएका थिए । स्रोत केन्द्र भरिका विद्यालयहरूमा एउटै स्थानीय विषयको आवश्यकता रहेको हुनाले अर्थात् बहुसंख्या व्यक्तिहरूको एउटै आवश्यकता रहेको हुनाले एउटै स्थानीय विषयको पाठ्यक्रम निर्माण गर्ने गरेको बताएका थिए । त्यसै गरी अध्ययन क्षेत्रका विद्यालयका वि.व्य.स. र स्रोत व्यक्तिले पनि सबै विद्यालयमा एउटै विषयको स्थानीय पाठ्यक्रमको आवश्यकता देखिएकोले स्रोत केन्द्रको नेतृत्वमा स्थानीय पाठ्यक्रम निर्माण गर्ने गरेको बताएका थिए । (अनुसूची-१, २)

तर छनामेटमा परेका ३ वटै विद्यालयका अभिभावकहरूले र विद्यार्थीहरूले स्थानीय पाठ्यक्रम निर्माणको नेतृत्व सम्बन्धमा आफूलाई थाहा नभएको जनाएका थिए । विद्यालयले स्थानीय पाठ्यक्रम निर्माण गर्दा जानकारी दिँदैन् ? भनि प्रश्न गर्दा स्थानीय पाठ्यक्रमको लागि कुन विषयमा निर्माण गर्ने र कति समय सम्म र्ने भन्ने सम्बन्धमा केही सल्लाह मात्र माग्ने गरेको बताएका थिए भने यो पाठ्यक्रम कसले निर्माण गर्छ ? कहिले निर्माण हुन्छ ? र कसरी पठनपाठन हुन्छ ? भन्ने कुराको जानकारी विद्यालयल नदिने बताएका थिए । विद्यालयको अभिभावक बाहेक गाउँका अन्य व्यक्तिहरूले भने विद्यालयले के गर्छन ? कुन विषय पढाउँछन् ? कुन पेशा व्यवसायको पाठ्यक्रम निर्माण गर्छन ? र कसले निर्माण गर्छन् ? भन्ने कुनै जानकारी आफूहरूलाई थाहा नभएको बताएका थिए । (अनुसूची ३)

अन्तमा प्र.अ. हरूलाई तपाईको विद्यालयहरूमा पढाई हुने स्थानीय विषयको पाठ्यक्रमा निर्माण कार्यको नेतृत्व स्रोत केन्द्रले कहिलेदेखि लिएको छ ? भनि थप प्रश्न राख्दा गत वर्षको शैक्षिक शर्तबाट स्थानीय पाठ्यक्रम स्रोत केन्द्रको नेतृत्वमा निर्माण गर्ने गरेको बताएका थिए । स्रोत केन्द्रको नेतृत्वमा यस क्षेत्रको प्रमुख आर्थिक स्रोतको पेशा अदुवा बालीसम्बन्धी धेरै स्कुल र अभिभावको माग भई आएकोले अदूवा वालीको स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठन गराउने गरेको बताएका थिए ।


समग्रमा भन्नु पर्दा अध्ययन क्षेत्रको स्थानीय पाठ्यक्रमको नेतृत्व स्रोत केन्द्रले गरेको पाईयो । स्थानीय पाठ्यक्रम निर्माण गर्दा अभिभावकबाट राय सुझाव सङ्कलन गर्ने गरेको पाईयो भने अभिभावक भन्दा समूदायमा बस्ने अन्य मानिसको राय सुझाव सङ्कलन नगर्ने र तिनीहरूलाई जानकारी नै नदिने गरेको पाइयो । स्थानीय

पाठ्क्रम अदूवा खेती सम्बन्धीको निर्माण गर्ने गरेको पाईयो । यो पाठ्यक्रम गत एक वर्ष अगाडिबाट मात्र निर्माण गर्ने गरेको पाइयो ।

(ख) **निर्माण प्रक्रिया संलग्न व्यक्तिहरू**

कुनै पनि विषयको पाठ्यक्रम निर्माण गर्दा निश्चित चरणहरू अपनाएर मात्र निर्माण गर्नुपर्छ र सरोकारवाला व्यक्तिहरूको संलग्नता गराउनु पर्छ । त्यसै गरी यस अध्ययनमा स्थानीय विषयको पाठ्यक्रम निर्माण गर्दा अपनाएका चरण र संलग्न व्यक्ति ताथ केन्द्रबाट निर्देशित गरे अनुसार अपनाउनुपर्ने चरणहरू र सम्लग्न गारउनु पर्ने व्यक्तिहरुलाई तलको र तालिकामा राखेर विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं. ४.२**
**निर्माण प्रक्रिया**




स्रोत : स्थलगत भ्रमण : २०६७ ।

पाठ्यक्रम वा स्थानीय प्राठ्यक्रम जुनसुकै पाठ्यक्रमको निर्माण गर्नको लागि सबैभन्दा पहिला पाठ्यक्रम कार्यान्वयन गर्ने स्थान, परिवेशका व्यक्ति, विद्यार्थी र समूदायको अवाश्यकताको पहिचान गर्नुपर्छ । यदि कार्यान्वयन क्षेत्रको आवश्यकता पहिचान गरिएन भने त्यस पाठ्यक्रमले स्थानीय परिवेश र विद्यार्थीका आवश्यकता र चाहना पूरा गर्न सक्दैछ । यस शोधपत्र अनुसन्धानका लागि छनोटमा परेका विद्यालयहरू शान्ति प्रा.वि., अमरज्योति प्रा.वि. र सरस्वती प्रा.वि. ले स्थानीय पाठ्यक्रम निर्माणमा माथि तालिकामा उल्लेख गरे अनुसार निम्न प्रक्रियाहरू अपनाएर पाठ्यक्रम निर्माण गर्ने गरेको पाईयो ।

(क) **आवश्यकताको पहिचान**

स्थानीय पाठ्यक्रमको निर्माण प्रक्रियाको सबैभन्दा पहिलो चरण आवश्यकता पहिचान हो । स्थानीय पाठ्यक्रमको निर्माण प्रक्रिया पहिचान गर्ने उयद्देश्य पूरा गर्नको लागि शोध पत्र अनुसन्धनका लागि छनोटमा परेका शान्ति प्रा.वि., अमरज्योति प्रा.वि. र सरस्वती प्रा.वि.का सरोकारवाला व्यक्तिहरू, प्र.अ., शिक्षक, विद्यार्थी,

अभिभावक, स्रोत व्यक्ति, स्थानीय संघ संस्था र समुदायमा बसोबास गर्ने अन्य व्यक्ति जस्तै, महिला, पुरुष, वृद्ध, वृद्धा, विभिन् जातजातिका व्यक्तिसँग विभिन्न प्रश्नावली, अन्तर्वार्ता र समूह छलफल गरिएको थियो । छलफलको क्रममा तपाईको विद्यालयको र विद्यालय रहेको समुदायको स्थानीय पाठ्यक्रम निर्माण गर्दा कुन प्रक्रिया अपनाउनु हुन्छ ? कुन आवश्यकतालाई समेटनु भएको छ ? भनि प्रश्न गर्दा प्र.अ. र शिक्षकहरूले स्थानीय पाठ्यक्रम निर्माण गर्दा सबै भन्दा पहिला आवश्यकताको पहिचान गर्नको लागि विद्यालयका अभिभावक भेला गराएर तथा स्रोत व्यक्तिको संलग्न गराएर स्थानीय आवश्यकतासम्बन्धी राय सुझाव सङ्कलन गरिन्छ । राय सुझाव सङ्कलन गरेपछि सबैभन्दा बढी जुन कुरामा माग आउाछ त्यस विषयको स्थानीय पाठ्यक्रम निर्माण गर्ने कुरा ३ वटै विद्यालयका शिक्षक प्र.अ.ले बताएका थिए । कुन आवश्यकतालाई समटनु भएको छ भन्ने प्रश्नको उत्तरमा यस विद्यालय एरियामा सबैभन्दा बढी पेशाको रूपमा अदूवा बालीको खेती गर्ने भएकाले अदूवा बाली सम्बन्धीको स्थानीय पाठ्यक्रम निर्माण गर्ने गरेको बताएका थिए ।           (अनुसूची १, २)

तर स्रोत व्यक्तिले भने यस स्रोत केन्द्रमा अदूवा खेती मात्र नभएर सुन्तला खेती, पशुपालन र अन्य सामाजिक सांस्कृतिक जस्ता स्थानीय आवश्यकता भए तापनि विद्यालयमा अभिभावकहरूले मात्र उपस्थिति हुने र अन्य व्यक्तिको उपस्थिति नहुने भएकोले बढी अभिभावकले जुन कुराको आवश्यकता महसुस गर्दन । त्यसको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गर्ने गरेको बताएका थिए भने यस स्रोत केन्द्रमा अदूवा खेती सम्बन्धीको स्थानीय पाठ्यक्रम निर्माण गरी गत एक वर्षबाट पठनपाठन भएको बताएका थिए । अभिभावकहरूले भने विद्यालयले भेला गराएर आफूहरूबाट आफ्नो आवश्यकता सम्बन्धी जानकारी मात्र माग्ने र त्यस आवश्यकताका आधारमा पाठ्यक्रम निर्माण सम्बन्धी जानकारी नदिने गरेकाले स्थानीय पाठ्यक्रम सम्बन्धी निर्माण गर्ने कुनै प्रक्रिया थाहा नभएको बताएका थिए । विद्यालयमा सबै भन्दा बढी दुःख हुने खेतीको पाठ्यक्रम निर्माण गरेको कुरा सुन्तला खेती गर्ने व्यक्तिले बताएका थिए । विद्यालय क्षेत्रका अन्य व्यक्तिहरूले भने स्थानीय पाठ्यक्रमको बारेमा नै थाहा नभएको र निर्माण प्रक्रिया पनि थाहा नभएको जानकारी दिएका थिए ।

समग्रमा भन्नु पर्दा स्थानीय पाठ्यक्रको पहिलो चरण आवश्यकताको पहिचानमा अध्ययन क्षेत्रका विद्यालयहरूले र स्रोत व्यक्तिले विद्यालयमा पढन आउने अभिभावकको मात्र आवश्यकता पहिचान गरेर स्थानीय पाठ्यक्रम निर्माण गर्ने गरेको पाईयो । त्यस क्षेत्रका अन्य व्यक्तिहरूको वा अभिभावकभन्दा अन्य व्यक्तिहरूको आवश्यकतालाई पहिचान गर्न सकेको पाईएन र अन्य व्यक्तिहरूलाई स्थानीय पाठ्यक्रमको सम्बन्धमा र निर्माण प्रक्रियामा जानकारी नै नभएको पाईयो । त्यसै गरी पाठ्यक्रम कार्यदल गठन नगरी मनोमानी तरिकाले अभिभावकसँग मात्र राय सङ्कलन गरेको पाईयो भने सामाजिक कार्यकतासँग छलफल नगरेको पाईयो ।

**(ख)  उद्देश्यको निर्धारण**

स्थानीय तहका लागि निर्माण गरिने पाठ्यक्रम निर्माण गर्दा अपनाउने दोस्रो चरण उद्देश्यको निर्धारण हो । यस शोध पत्र अनुसन्धानमा छनोट गरेका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम अदूवा खेती सम्बन्धीको पाठ्यक्रम निर्माण गर्नको लागि आवशयकता पहिचान गर्ने प्रयास भएको भए पनि उद्देश्य निर्धारणको चरणलाई अपनाएको पाईएन । अध्ययनका क्रममा स्थानीय पाठ्यक्रमको निर्माणम कुन उद्देश्य निर्माण गर्नु भएको छ ? भनि प्रश्न गर्दा

प्र.अ., शिक्षक र स्रोत व्यक्ति लगाएत सबै जनाले उद्देश्य निर्धारण सम्बन्धी कुनै जानकारी दिएका थिएनन् । विद्यालयमा पढन आउने विद्यार्थीका अभिभावकबाट मात्र सुझाव सङ्कलन गरी उद्देश्य निर्धारण नगरेर विषयवस्तु छनोट गर्ने गरेको पाईयो । (अनुसूची, १, २, ४)

**(ग) विषयवस्तुको छनोट**

स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको तेस्रो चरण भनेको विषयवस्तुको छनोट हो । अध्ययनको क्रममा सूचनाका स्रोतहरूलाई विषयवस्तुको छनोट के कसरी गर्नु हुन्छ ? भनि प्रश्न गर्दा विद्यालयका शिक्षक अभिभावक, विद्यार्थी प्र.अ., स्रोत व्यक्ति आदिको सहकार्यमा रायसूझाव सङ्कलनको आधारमा विषयवस्तुको छनोट गर्ने गरेको बताएका थिए । स्थानीय पाठ्यक्रमको आधारमा के के विषयवस्तु छनोट गर्नु भएको छ भनि प्र.अ. सँग प्रश्न गर्दा त्यसको जवाफमा अदूवा खेतीको लागि खेती गर्ने समय, खेती गर्ने तरीका, आवश्यक पर्ने औजार, अदूवामा लाग्ने रोग र त्यसको उपचार जस्ता विषयवस्तुको छनोट गरेको बताएका थिए । त्यसपछि कुन कक्षाका लागि कुन विषयवस्तु छनोट गर्नु भएको छ ? भनि प्रश्न गर्दा सबै विषयवस्तु सबै कक्षालाई शिक्षण गर्ने गरेको बताएका थिए । (अनुसूची १)

समष्टिमा भन्नु पर्दा स्थानीय पाठ्यक्रमको विषयवस्तु छनोट गरे पनि कक्षागत रूपमा विषयवस्तु छुट्याएको पाईएन । सबै कक्षाका विद्यार्थीलाई सबै विषयवस्तु छनोट गरी शिक्षण गर्ने गरेकाले सबै विद्यार्थीका लागि वा कक्षागत रूपमा विषयवस्तु नगरेको पाईयो । जसले गर्दा साना कक्षाका लागि क्षमता अनुसार नभएको विषयवस्तु रहेको छ भने ठूला कक्षाका लागि पनि तल्लो कक्षामा पढ्ने र पढेको विषयवस्तु पढाउनाले विषयवस्तुको क्रमबद्धता वा सँगठन प्रभावकारी नभएको पाइयो । (अनुसूची १, २)

**(घ) कक्षागत सिकाई उपलब्धि**

स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको चौथो चरण कक्षागत सिकाई उपलब्धि हो । यस अध्ययनको क्रममा छनोट गरिएका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम निर्माणमा कक्षागत सिकाई उपलब्धिलाई स्पष्ट गरेको पाईएन । विद्यालयमा स्थानीय पाठ्यक्रमको रूपमा अदूवा खेतीको पाठ्यक्रम निमार्ण गरी विषयवस्तु छनोटमा परेका विषयवस्तुलाई सबै कक्षामा शिक्षण गर्ने गरेको पाईयो । यस्तो अवस्थामा कुन कक्षाका लागि कुन सिकाई उपलब्धि हासिल गराउने र के ज्ञान र सीप सिकाउने र व्यवहारीक रूपमा प्रयोगमा ल्याउन सक्ने बनाउने जस्ता कक्षागत सिकाई उपलब्धि निर्धारण गरिएको पाईएन । जस्तो कक्षा ५ मा अध्ययन गर्ने विद्यार्थीले अदूवा खेतीको लागि उपयुक्त समय, परिचयदेखि रोग र उपचार तथा औजारको प्रयोग सम्बन्धी ज्ञान र सीप सिकेर व्यवहारमा उतार्न सक्छ तर कक्षा १, २ र ३ का विद्यार्थीहरूले कक्षा ४ र ५का विद्यार्थीका लागि तयार पारेका विषयवस्तु शिक्षण गर्दा कक्ष ४ र ५ का विद्यार्थीले सिक्ने सिकाइ उपलब्धि प्राप्त गर्न सक्दैन्न जसले गर्दा अध्ययन क्षेत्रका ३ वटै विद्यालयहरूले सबै कक्षाका लागि एउटै विषयवस्तुहरू छनोट गरेकाले कक्षगत सिकाई उपलब्धिको स्पष्टता गरेको पाईएन । (अनुसूची १, २)

(ङ)	**शिक्षण प्रक्रिया (शैक्षिक सामग्रि र विधि)**

स्थानीय पाठ्यक्रम निर्माणमा नभई नहुने चरण शिक्षण प्रकृया पनि हो । शोधपत्र अनुसन्धानमा छनोट गरिएका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा शिक्षण प्रक्रियालाई ध्यान दिएर पाठ्यक्रम निर्माण गरेको पाईयो । अध्ययनको छनोटमा परेका ३ वटै विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण गर्दा शिक्षण सिकाई क्रियाकलापको लागि शिक्षण विधिमा पर्दशन विधि, छलफल विधि प्रयोगात्मक र शैक्षिक भ्रमण विधि छनोट गरेको पाईयो भने शैक्षिक सामग्रीमा अदूवा खेतीको लागि आवश्यक पर्ने औजार जस्तो कोदाली अदूवामा औषधी प्रयोग गर्ने पम्प मेसिन काँचो अदूवाबाट सुख्खा सुठो बताउने मेसिन, डोको, हसिया जस्ता सामग्री निर्माण तथा खरिद गरी ति सामग्री र विधिको प्रयोग गरी शिक्षण गर्ने शैक्षिक प्रक्रिया निर्धारण गरेको पाईयो । तर यी सर्ब विधि र सामग्री पाठ्यक्रम उल्लेख गरे पनि शिक्षण सिकाई क्रियाकलापमा शैक्षिक भ्रमण र प्रयोगात्मक विधि तथा सामग्रीमा काँचो सुटो निर्माण गर्ने मेसिन भने प्रयोग गरी शिक्षण गरेको पाईयन । शिक्षण गर्नको लागि पाठ्यपुस्तक निर्माण नभएकोले नजिके रहेको राष्ट्रिय अदूवावाली अनुसन्धान केन्द्र कपूरकोटबाट निस्कीएका अदूवा खेती सम्बन्धीका पूस्तक र पत्रपत्रिकाको माध्यामबाट शिक्षण गरेको पाईयो । बिच बिचमा अदूवा खेती अनुसन्धान केन्द्रबाट अदूवा खेती  सम्बन्धी विज्ञलाई बोलाएर शिक्षण गर्न लगाएको  पाईयो । (अनुसूची १, २)

(च)	**विद्यार्थी मूल्याङ्कन**

स्थानीय पाठ्यक्रम अनुसार शिक्षण सिकाई हुने विषयमा विद्यार्थीले गरेर, अवलोकन गरेर सिक्ने भएकाले सहभागिता र सिक्ने हौसला र प्रतिवेदनका आधारमा मूल्याङ्कन गर्नु पर्छ । यसमा औपचारीक परिक्षाको खास प्रयोजन रहदैन । प्राथमिक पाठ्यक्रममा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई जोड दिएकाले स्थानीय पाठ्यक्रममा निरन्तर क्रियाकलाप गराई उनीहरूले गरेका क्रियाकलापको अवलोकन गरी विद्यार्थी मूल्याङ्कन गर्नुपर्छ । तर यस अध्ययनको लागि छनोटमा परेका ३ वटै विद्यालयमा स्थानीय पाठ्यक्रमको मर्म अनुसार मूल्याङ्कन निर्धारण गरेको पाईएन । छनोटमा परेका विद्यालयहरूले स्थानीय पाठ्यक्रम अनुसार पठनपाठन गराए पछि विद्यार्थीको मूल्याङ्कन त्रैमासिक अर्धबार्षिक र वार्षिक परिक्षाको माध्यामबाट विद्यार्थीको मूल्याङ्कन गर्ने कुरा पाठ्यक्रममा उल्लेख गरेको पाईयो ।

(छ)	**समय निर्धारण**

स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा समय निर्धारण अन्तिम चरण हो । स्थानीय पाठ्यक्रमले तोकेको समय र पाठ्यभार अनुसार शिक्षण गर्नु पर्छ । शैक्षिक भ्रमण र स्थलगत भ्रमण गर्दा अन्य विषयको पठनपाठनलाई बाधा नपर्ने गरी लैजाने व्यवस्था मिलाउनु पर्छ र यस अध्ययनको क्रममा छनोटमा परेका शान्ति प्रा.बी अमरज्योति प्रा.बी र सरस्वती प्रा.बी. ३ वटै विद्यालयले स्थानीय पाठ्यक्रमको समय निर्धारण पाठ्यक्रम विकास केन्द्रबाट नमूनाको रूपमा निर्माण गरेको पाठयक्रमको समय अनुसार निर्धारण गरेको पाईयो । तर नमूनाको रूपमा निर्माण गरेको स्थानीय पाठ्यक्रमको समय अनुसार सबै कक्षाको समय र घन्टि छुट्टयाए पनि त्यसको प्रभावकारी रूपमा समय उपयुक्त नहुन सक्छ । जस्तो नमूनाको रूपमा बताएको पाठ्यक्रममा तरकारी खेतीको पाठ्यक्रम निर्माण गरी समय निर्धारण गरिएको छ भने अध्ययन क्षेत्रमा अदूवा खेतीको पाठ्यक्रम निर्माण गरी


तरकारी खेतीको पाठ्यक्रमको समय निर्धारण गरेकोमा अदूवा खेती र तरकारी खेतीको विषयवस्तु फरक हुन सक्छ । विषयवस्तुको क्षेत्र पनि घटी र बढि हुने हुदा उक्त समय अदूवा खेतीको लागि प्रभावकारी नहुन सक्छ । कित कम कित बढि हुने हुनाले त्यो समय उपयुक्त नहुन सक्छ । (अनुसूची १)

**(ज) स्थानीय पाठ्यक्रम निर्माण कार्यमा संलगन व्यक्तिहरू**

स्थानीय पाठ्यक्रम निर्माण गर्दा पाठ्यक्रम कार्यान्वयन गर्ने स्थानका सरोकारवाला व्यक्तिहरूलाई संलग्न गराउनु पर्छ । यदि सरोकारवाला व्यक्तिहरूलाई समावेश गर्न सकिएन भने त्यस क्षेत्रको आवश्यकता, रुची र चाहाना पहिचान गर्न सकिदैन र स्थानीय पाठ्यक्रमले त्यस क्षेत्रको आवश्यकतालाई पूरा गर्न सक्दैन । जसले गर्दा सम्बन्धीत क्षेत्रका सम्पूर्ण सरोकारवाला व्यक्तिहरूलाई संलग्न गराउनु पर्छ । यस शोधपत्र अनुसन्धान क्षेत्रको स्थानीय पाठ्यक्रम निर्माण कार्यमा संलग्न व्यक्ति र संलग्न गराउनु पर्ने व्यक्तिहरूलाई तलको तालिकामा राखेर विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं.** ४.३

**निर्माण कार्यमा संलगन व्यक्ति र सन्तुलन गराउनु पर्ने व्यक्तिहरू**




स्रोतः स्थलगत भ्रमण, २०६७ ।

यस शोधपत्र अनुसन्धानको लागि छनोटमा परेका विद्यालयका प्र.अ शिक्षक, वि.व्य.स आदि सरोकारवाला व्यक्ति सँग समूह छलफल र प्रश्नावली अन्तर्वार्ता गरिएको थियो । छलफलबाट प्राप्त सूचनाको आधारमा माथिको तालिका नं. ४.३ मा दाँया भागमा स्थानीय पाठ्यक्रम निर्माण कार्यमा विद्यालयले सहभागि गराएका व्यक्तिहरू

छन् भने बाँया भागमा केन्द्रद्वारा निर्देशित सहभागि गराउनु पर्ने व्यक्तिहरू छन् । अध्ययनका लागि छनोटमा परेका विद्यालय शान्ति प्रा.बी, अमरज्योति प्रा.वी र सरस्वती प्रा.वी.को स्थानीय विषयको पाठ्यक्रम निर्माण गर्दा प्र.अ. शिक्षक, वि.व्य.स.स्रोत व्यक्ति अभिभावक र विद्यार्थीलाई सहभागि गराएको पाईयो भने उक्त क्षेत्रका स्थानीय संघसंस्था, व्यापारी, पाठ्यक्रमविद्, राजनितिज्ञ, वृद्धवृद्धा, विभिन्न जातजातिका व्यक्ति र अन्य पेशा व्यवसाय गर्ने व्यक्तिलाई संलग्न गराएको पाईएन । जसले गर्दा यस शोधपत्र अनुसन्धानका लागि छनोटमा परेका ३वटै विद्यालयको स्थानीय पाठ्यक्रमले सबै पेशा, व्यवसाय, व्यापारी, वृद्ध वृद्धा महिला र राजनितिक दलबाट रायसुझाव सङ्कलन र समावेस नगराएको हुनाले सबैका रुची, चाहना र आवश्यकतालाई समेटन नसकेको पाईन्छ । ( अनुसूची १, २, ४)

### ४.१.२ विभिन्न विषयको विषयवस्तु छनोट प्रक्रिया


स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६२ ले स्थानीय विषयको पाठ्यक्रमको पठनपाठनले मात्र स्थानीय परिवेशका सबै क्षेत्रलाई समेटन नसक्ने महसूस गरी सामाजिक अध्ययन, शारिरीक शिक्षा र सिर्जनात्मक कला विषयको २०% को विषयवस्तुको अंकभार स्थानीय परिवेशमै सरोकारवाला व्यक्तिको परामर्श र सुझाब अनुसार निर्माण गर्ने जिम्मा दिएको छ । जसले गर्दा यी विषयको २०% को विषयवस्तु छनोट के कसरी गरिन्छ ? र कसको नेतृत्वमा गरिन्छ ? कुन प्रक्रिया अनुसार कस कसको संलग्नतामा छनोट गरिन्छ ? भन्ने उद्देश्यले छनोट गरेका अध्ययनका स्रोत र साधनबाट प्राप्त भएका सूचनालनई तालिकामा राखेर सबै विषयको अलग विश्लेषण र व्याख्या गरिएको छ ।

**सामाजिक अध्ययन**

यस शोधपत्र अनुसन्धानको लागि सामाजिक अध्ययन विषयको विषयवस्तु छनोटको नेतृत्व, छनोट प्रक्रिया र संलग्न व्यक्तिहरूको अध्ययन गर्नका लागि छनोटमा परेका शान्ति प्रा.वि अमरज्योति प्रा.वि र सरस्वती प्रा.वि.का सामाजिक अध्ययन विषयको विषयवस्तु छनोटको नेतृत्वलाई तलको तालिकामा देखाएर विश्लेषण र व्याख्या गएिको छ ।

**तालिका नं. ४.४**

**सामाजिक विषयवस्तुको छनोट नेतृत्व**





स्रोत : स्थलगत भ्रमण, २०६७ ।

माथिको तालिका नं.४.४ मा उल्लेख गरे अनुसार अध्ययन क्षेत्रका विद्यालयहरूले सामाजिक अध्ययन विषयको विषयवस्तुको छनोट आ-आफ्नो विद्यालयको नेतृत्वमा छनोट गर्ने गरेको पाईयो । छनोटमा परेका विद्यालयका प्र.अ. शिक्षक र वि.व्य.स.हरूलाई सामाजिक विषयको विषयवस्तु किन आफ्नो विद्यालयमा छनोट गर्नु हुन्छ ? भनि प्रश्न गर्दछ । आ-आफ्नो विद्यालयको आफ्नो आवश्यकता र स्थानीय परिवेश अनुसार सामाजिक विषयका विषयवस्तु फरक-फरक भएको हुनाले आ-आफ्नो विद्यालयको नेतृत्वमा सामाजिक विषयको विषयवस्तु छनोट गर्ने गरेको बताएका थिए ।

**तालिका नं. ४.५**

**सामाजिक अध्ययनको विषयवस्तु छनोटमा संलग्न व्यक्तिहरू**





स्रोत : स्थलगत भ्रमण, २०६७ ।

यस अध्ययनको क्रममा छनोमा परेका विद्यालयहरूले सामाजिक विषयको विषयवस्तु छनोट गर्दा कुन कुन व्यक्तिको संलग्नता गराउँदछन भन्ने उद्देश्यले छनोमा परेका विद्यालयका प्र.अ. र शिक्षकहरूसँग प्रश्नावली र अन्तर्वार्ताबाट प्राप्त सूचना अनुसार उक्त विद्यालयहरुले सामाजिक विषयका विषयवस्तु छनोट गर्दा सम्बन्धीत विद्यालयले प्र.अ., शिक्षक र विद्यार्थीहरूले मात्र विषयवस्तु छनोट गर्ने र आवश्यकता अनुसार वि.व्य. स. का अध्यक्षसँग मात्र छलफल गर्ने र संलग्न गराउने गरेको पाईयो भने अन्य स्थानीय संघसंस्था स्रोत व्यक्ति, स्थानीय पाठ्यक्रमविद्, राजनितिज्ञ अभिभावक वृद्ध वृद्धा र विभिन्न जातजातिका व्यक्तिहरूलाई समावेश नगरेको पाइयो । विषयवस्तु छनोट गर्दा सामाजिक अध्ययन विषयको ८०% अंकको केन्द्रले निर्धारण गरेको विषयवस्तुलाई आधार

मानेर विषयवस्तु छनोट गरी पठनपाठन गर्ने गरेको पाईयो भने औपचारिक रुपमा पाठ्यक्रम निर्माण गरेको पाइएन । (अनुसूची १, २)

**तालिका नं. ४.६**

**सामाजिक अध्ययनको विषयवस्तु छनोटमा प्रक्रिया**




स्रोत : स्थलगत भ्रमण, २०६७।

यस शोधपत्र अनुसान्धानका लागि सामाजिक अध्ययन विषयको विषयवस्तु छनोट प्रक्रियामा अनुसन्धानका लागि छनोटमा परेको विद्यालयका प्र.अ., शिक्षक र अभिभावकसँग विभिन्न साधनद्वारा सूचना सङ्कलन गरिएको थियो । अध्ययनको क्रममा प्र.अ, र शिक्षकले सामाजिक अध्ययन विषयको विषयवस्तु छनोट गर्दा आवश्यकता पहिचान, उद्देश्य निर्धारण कक्षागत सिकाई उपलब्धि, शिक्षण प्रक्रिया, विद्यार्थी मूल्याङ्कन र समय निर्धारण कुनै प्रक्रिया अपनाउने गरेको पाईएन् भने विषयवस्तुको छनोट प्रक्रिया मात्र अपनाउने गरेको पाईयो । यो चरण पनि संयोगबस मिल्न गएका पाईयो । विषयवस्तु छनोट गर्दा औपचारीक रूपमा अपनाउने विभिन्न चरणहरू नअपनाएर केन्द्रद्वारा छनोट गर्दा गरिएका विषयवस्तुलाई आधार मानेर विषयवस्तु छनोट गर्ने गरेको पाईयो । छनोट गर्दा प्र.अ., शिक्षक र वि.व्य.सका अध्यक्षले मात्र छलफल गरेर विषयवस्तु छनोट गर्ने गरेको पाईयो भने विषयवस्तुमा विद्यालय नजिकै रहेको धार्मिक स्थल खैराबाङ्ग मन्द्रिर छनोट गरेको पाईयो । उक्त मन्दिरको धार्मिक विश्वास संस्कृतिक परम्परा र महत्त्व सम्बन्धी पठनपाठन गराउने गरेको पाईयो । त्यसै गरी अभिभावक, स्थानीय संघसंस्था, व्यापारी वृद्ध-वृद्धा, महिला र विभिन्न जातजातिका व्यक्तिहरूले सामाजिक अध्ययन विषयको विषयवस्तुलाई स्थानीय परिवेशमा छनोट गरी पठनपाठन गराउने व्यवस्था गरेको कुरा थाहा नभएको बताएका थिए । (अनुसूची १)

अध्ययनको लागि छनोटमा परेको अमरज्योति प्राथामिक विद्यालयले पनि सामाजिक अध्ययन विषयको विषयवस्तु छनोट गर्दा छनोट प्रक्रियाका विषयवस्तुको छनोट बाहेक अरु कुनै चरणहरू अपनाउने गरेको पाईएन । विषयवस्तु छनोट गर्दा विद्यालयका प्र.अ., शिक्षकले मात्र सामाजिक अध्ययन विषयलाई आधार बनाएर विषयवस्तु छनोट गर्ने गरेको पाईयो । जस्तो हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता भन्ने क्षेत्रलाई सामाजिक अध्ययन विषयको ८०% विषयवस्तु अन्तर्गतलाई समेटिएको छ । त्यसै क्षेत्रलाई आधार बताएर आफ्नो जिल्लाको वा विद्यालय रहेको सामाजको मेला पर्व जस्ता विषयवस्तु छनोट गरी पठनपाठन गर्ने र आवश्यक मात्रामा स्थलगत भ्रमण गराउने कुरा अध्ययन क्षेत्रका प्र.अ.र शिक्षकले जानकारी दिएका थिए । जसमा सल्यान जिल्लाको सबैभन्दा ठूलो मेलपर्वको रूपमा चिनिने कुमाख मेलाको विषयवस्तु छनोट गरी कुमाखको मेलाको संस्कृति, मूल्य मान्यता र धार्मिक विश्वास जस्ता विषयवस्तु सम्बन्धी पठनपाठन गर्ने र वर्षको एकपटक पर्व लाग्ने दिन शैक्षिक भ्रमण गराउने गरेको पाईयो । त्यस विद्यालयका अभिभावक र अन्य सरोकारवाला व्यक्तिहरूले भने सामाजिक विषयको विषयवस्तु छनोट प्रक्रियासम्बन्धी कुनै जानकारी नभएको बताएका थिए । स्रोत व्यक्तिले भने आफ्नो विद्यालयको सामाजिक धार्मिक रहन सहन फरक भएकाले र विज्ञ व्यक्तिको अभाव भएकाले त्यस विषयको विषयवस्तुको छनोट गर्नको लागि केन्द्रले तोकिएको विषयवस्तुलाई आधार बताएर आफुले त्यस सम्बन्धी स्थानीय विषयवस्तु छनोट गरी पठनपाठन गराउने सल्लाह दिएको बताएका थिए । (अनुसूची ४)


सरस्वती प्राथमिक विद्यालयले पनि सामाजिक अध्ययन विषयको विषयवस्तु छनोट गर्दा विद्यालयका शिक्षकले मात्र छनोट गर्ने र सामान्य रूपमा विद्यार्थी र अभिभावक सँग सल्लाह गर्ने गरेको पाईयो भने यस विषयको विषयवस्तु छनोट प्रक्रियामा कुनै चरणलाई प्रयोग गरेको पाईएन । यस विद्यालयले आफ्नो विद्यालय क्षेत्रमा बर्षादको समयमा वृक्षरोपन गराउनै गरेको पाईयो भने त्यस सम्बन्धी विद्यार्थीहरूलाई कुनै पनि जानकारी नदिएर विरुवा रोपनु पर्छ भनेर काम गराए जस्तो गरी वृक्षरोपण गराएको पाईयो । यो कुरा किताबको हो । यस सम्बन्धी परीक्षामा दिईन्छ र मूल्याङ्कन हुन्छ भन्ने कुनै जानकारी नदिने विद्यार्थीहरूले बताएका थिए । त्यस क्षेत्रका अन्य सरोकारवाल व्यक्तिले आफुलाई कुन-कुन विषय स्थानीय रूपमा पढाई हुन्छ र कुन-कुन विषय केन्द्रको निर्देशमा हुन्छ ? कसरी छनोट गरिन्छ ? यी कुनै कुरा थाहा नभएको बताएका थिए । (कक्षा समूह छलफल)

शारीरिक शिक्षा

शारीरिक शिक्षाले व्यक्तिको चारित्रिक र सामाजिक गुणको विकास गराउर्दछ । शारीरिक शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा लिईएको छ । शारीरिक शिक्षाको क्षेत्र व्यापक रहेको छ । प्राथमिक तहमा शारीरिक शिक्षाका आधारभूत सीपहरू, शारीरिक व्यायाम र कवाज, साधारण तथा स्थानीय खेलहरू जस्ता एकाई समावेश गरी बालबालीकाहरूको शारीरिक तन्दुरुस्त, मनोरञ्जन र सिर्जनात्मक सीप बढाउने क्रियाकलाप समावेश गरिएको छ । स्थानीय रूपमा खेलिने स्थानीय खेलहरूका लागि आवश्यक सामग्री र विधिहरू स्थानीय रूपमै उपलब्ध गर्ने प्राबधान राखिएको छ । शारीरिक शिक्षा विषयको २० प्रतिशतको अकंको स्थानीय खेल र अभ्यासमा के कस्ता विषयवस्तु छनोट कसरी गरिन्छ ? कसको नेतृत्वमा गरिन्छ र कुन-कुन व्यक्तिको संलग्नतामा छनोट गरिन्छ भन्ने उद्देश्यले यो शोधपत्र अध्ययन गरिएको थियो । जसबाट प्राप्त सूचनाहरूलाई तलका तालिकाहरूमा देखाएर विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं. ६.७**

**शारीरिक शिक्षा विषयको विषयवस्तु छनोटको नेतृत्व**





स्रोत : स्थलगत भ्रमण, २०६७ ।

माथिको तालिकामा उल्लेख गरे अनुसार यस शोत्रपत्र अनुसन्धानमा छनोट गरेका शान्ति प्रा.वि., अमरज्योति प्रा.वि र सरस्वती प्रा.वि ३ वटै विद्यालयले आ-आफ्नो विद्यालयको नेतृत्वमा वा जिम्मेवारीमा शारीरिक शिक्षा विषयको विषयवस्तु छनोट गर्ने गरेको पाईयो । आफ्नो-आफ्नो विद्यालयको विद्यार्थीको चाहाना अनुसारको स्थानीय खेल छनोट गरी पठनपाठन गराउने र खेलाउने गरेको पाईयो । (अनुसूची १, २)

**तालिका नं. ४.८**

**शारीरिक शिक्षा विषयको विषयवस्तु छनोट गर्दा संलग्न गराएका व्यक्तिहरू**





स्रोत : स्थलगत भ्रमण, २०६७ ।

यस शोधपत्रमा अनुसन्धानको लागि छनोटमा परेका विद्यालयहरूले शारीरिक शिक्षा विषयको स्थानीय विषयवस्तुको छनोट गर्नको लागि कुन-कुन व्यक्तिहरूलाई संलग्न गराउनु हुन्छ ? भनेर प्र. अ र शिक्षकलाई प्रश्न गर्दा शारीरिक शिक्षा विषयको स्थानीय विषयवस्तु छनोट गर्नको लागि प्र.अ., शिक्षक र विद्यार्थी बसेर छलफल गरी विद्यार्थीका रुची, चाहाना अनुसारका खेलसम्बन्धीको विषयवस्तु छनोट गर्ने गरेको बताएका थिए । अरु व्यक्तिहरूको संलग्न किन गराउनु हुन्न ? भनि थप प्रश्न गर्दा खेल खेल्ने विद्यार्थी भएकोले विद्यार्थीलाई मात्र समावेश गर्ने एउटा कारण छ भने अर्को मूख्य कारण भनेको हाम्रो विद्यालयको आर्थिक अवस्था कमजोर भएको कारणले स्थानीय पाठ्यक्रम विद, स्रोत व्यक्ति र विभिन्न राजनैतिक व्यक्ति लगायत केन्द्रले निर्देशित गरेका संलग्न गराउनु पर्ने व्यक्तिहरूलाई संलग्न गराउन नसकेको प्रतिक्रिया दिएका थिए ।

**तालिका नं. ४.९**

**शारीरिक शिक्षा विषयको स्थानीय विषयवस्तु छनोट प्रक्रिया**




स्रोत : स्थलगत भ्रमण, २०६७ ।

यस अध्ययनमा तालिका नं.४.९ मा उल्लेख गरे अनुसार शारीरिक शिक्षा विषयको स्थानीय विषयवस्तु छनोट गर्दा निम्न प्रक्रिया अपनाउने र नअपनाउने गरेको पाईयो ।

**(क) आवश्यकताको पहिचान**

अध्ययन क्षेत्रका विद्यालयहरूले शारीरिक शिक्षा विषयको स्थानीय विषय वस्तुको छनोट गर्दा सर्वप्रथम आवश्यकताको पहिचानको चरण अउल्याएको पाईयो । यस चणमा विद्यालयका प्र.अ र शिक्षकले विद्यार्थीसँग मात्र सुझाव संलग्न गरेर विद्यार्थीको माग अनुसारको स्थानीय खेलको छनोट गरी खेल खेलाउने र अभ्यास गराउने गरेको पाईयो । विद्यालयको आर्थिक कमजोरीका कारण यस विषयको विषयवस्तु छनोट कार्यमा अभिभावक स्रोत व्यक्ति, पाठ्यक्रम विद् र अन्य गाँउका वा समुदायका मान्छेहरूका आवश्यकता पहिचान गर्न सकेको पाईएन ।

**(ख) उद्देश्यको निर्धारण**

यस शोधपत्र अध्ययनको क्रममा शारीरिक शिक्षा विषयको स्थानीय विषयवस्तु छनोट गर्दा सबैभन्दा पहिला महत्त्वपूर्ण चरण उद्देश्यको निर्धारण लाई छुटाएको पाईयो । आर्थिक अभावका कारण र स्थानीय विज्ञ व्यक्तिका अभावका कारणले शारीरिक शिक्षा विषयको स्थानीय विषयवस्तु छनोट गर्दा औपचारीक रूपले पाठ्यक्रम निर्माण नगरेको उद्देश्य दिनको विषयवस्तु छनोट गरेको पाईयो ।

(ग) **विषयवस्तुको छनोट**

शारीरिक शिक्षा विषयको स्थानीय विषयवस्तु छनोट गर्दा उद्देश्य छनोट नगरेर एकै पटक स्थानीय रूपमा खेलिने जस्तो भलिवल, लम्बजम्फ, हाईजम्फ बुद्धिचाल र चेश र पिटी परेड जस्ता खेल लगाएत अन्य खेलहरू विद्यार्थीको माग अनुसार खेलाउने गरेको पाईयो । जुन खेलको क्रमिकता तथा संमतलिय र लम्विय कुनै संगठन मिलेको पाईएन ।

(घ) **कक्षागत सिकाई उपलब्धि**

शारीरिक शिक्षा विषयको स्थानीय विषयवस्तु छनोट गर्दा औपचारीक रूपमा पाठ्यक्रम निर्माण नगरेको पाईयो । केन्द्रले तोकेको विषयवस्तुलाई आधार बनाएर स्थानीय खेलको छनोट गर्ने जसको कक्षागत सिकाई उपलब्धिसम्बन्धी कुनै सीप र ज्ञानको उद्देश्य निर्धारण गरेको  पाईएन ।

(ङ) शिक्षण सिकाई प्रक्रिया

यस अध्ययनबाट प्राप्त भएका सूचना अनुसार अध्ययनका लागि छनोट गरेका विद्यालय शान्ति प्रा.वि, अमरज्योति प्रा.वि र सरस्वती प्रा.विले शारीरिक शिक्षा विषयको विषयवस्तु छनोट गर्दा शिक्षण सिकाई प्रक्रियामा स्थानीय खेल अनुसारका प्रदर्शन, प्रयोगात्मक र समस्या समाधान विधि छनोट गर्ने गरेको पाईयो भने सामाग्रीहरूमा भलिवल, नेट, पम्प, फित्ता, मिटर र डोरी, बुद्धिचालको बोंड र गोरी जस्ता सामाग्री अनुसार खेल खेलाउने गरेको पाईयो ।

(च) **विद्यार्थी मूल्याङ्कन**

शारीरिक शिक्षा विषयको स्थानीय विषयवस्तुको कार्यान्वयन पछि प्रत्यक दिनको विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाईयो । शिक्षक र प्र.अ.लाई यस विषयको मूल्याङ्कन कसरी गर्नु हुन्छ ? भनि प्रश्न गर्दा जुन दिन विद्यार्थीलाई स्थानीय खेल खेलाईन्छ । त्यसै दिन विद्यार्थीको मूल्याङकन गरेर पहिलो, दोस्रो, तेस्रो.......जस्ता नतिजा निकालेर विद्यार्थीलाई हौसला प्रदान गर्ने गरेको बताएका थिए । (अनुसूची १)

(छ) **समय निर्धारण**


यस विषयको कार्यान्वयनका लागि समय निर्धारण गरिएको पाईएन । कुन खेलका लागि कति समय र कति घन्टा समय छुट्टायाउनु भएको छ ? भनि प्रश्न गर्दा त्यस सम्बन्धी कुनै पनि समय निर्धारण नगरेको पाईयो । प्रत्यक्ष शुक्रबारका दिन कहिले स्थानीय खेल, कहिले बागचाल बुद्धिचाल, कहिले लम्जम्प, कहिले हाईजम्प, कहिले हाजिरी जवाफ लगाएत पालै पालो गरी कार्यक्रम सञ्चालन गर्ने गरेका छौ भनि प्र.अ र शिक्षकहरूले बताएका थिए । (अनुसूची १, २)

(ज) **सिर्जनात्मक कला**

कला मानिसको महत्त्वपूर्ण सीप हो । कलाले नै मानिसमा विभिन्न प्रकारका चित्रमूर्ति, बनाउन सक्छ, चित्रमा उपयूक्त बुट्टा भर्न, रङ्ग लगाउन र ठिक साईज निर्माण गर्न सक्छ । कलाको कारणले नै मानिसले आफ्नो जिवनमा आवश्यकता पर्ने माटोको समान, कागजका समान, बेत बाँस र निगालोको समान, खेर गएका वस्तुको काम लाग्ने समान र विभिन्न प्राविधिक समान सम्म निर्माण गर्न सक्छ । कलाले गर्दा नै सिलाई, बुनाई गर्न सक्छ । कलाले मानिसलाई व्यवहारीक बनाउँदछ । जसले गर्दा मानिसले आफ्नो दैनिक जिवनमा आउने समस्याहरूको समाधान गर्न सक्दछ । कलाले मानिसलाई बेरोजगार बहुनबाट बचाउदछ । यी विभिन्न कुराहरूलाई ध्यानमा राखेर प्राथमिक तहमा सिर्जनात्मक कला विषयको २०% पाठ्यभारको विषयवस्तुको पठनपाठन गर्नको लागि स्थानीय सरोकारवालाहरूमा केन्द्रिय पाठ्यक्रमको आधारमा अपूग भएका स्थानीय सीप सम्बन्धीको विषयवस्तुको छनोट गरी पठनपाठन गर्न स्थानीय स्तरमै विद्यालयका सरोकारवाला व्यक्तिहरूलाई जिम्मा दिएको छ । जसले गर्दा यस विषयको स्थानीय विषयवस्तुको छनोट कसको नेतृत्वमा कुन-कुन व्यक्तिहरूको संलग्नतामा कुन प्रक्रियाबाट छनोट गरिन्छ ? भन्ने उद्देश्यले यस शोधपत्र अनुसन्धान गरी प्राप्त भएका सूचनाहरूलाई तालिकामा राखेर निम्ना अनुसार विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं. ४.१०**

**सिर्जनात्मक कला विषयको विषयवस्तु छानोटको नेतृत्व**





स्रोत : स्थलगत भ्रमण, २०६७ ।

माथिको तालिका नं. ४.१० मा उल्लेख गरे अनुसार यस अध्ययन क्षेत्रका ३ वटै विद्यालयहरूले आ-आफ्नो विद्यालयमा प्र.अ. र शिक्षकको निर्णय अनुसार विद्यालयको नेतृत्वमा सिर्जनात्मक कला विषयको विषयवस्तु छनोट गर्ने गरेको पाईयो । यस विषयको विषयवस्तु छनोटको नेतृत्व तह पत्ता लगाउनको लागि सर्बप्रथम विद्यालयका प्र.अ.सँग र शिक्षकसँग तपाईको विद्यालयमा सिर्जनात्मक कला विषयको स्थानीय विषयवस्तु कसको नेतृत्वमा छनोट गर्नु हुन्छ ? भनि प्रश्न गरिएको थियो । उक्त प्रश्नको जवाफमा प्र.अ र शिक्षक शिक्षिका सबैले आफ्नो विद्यालयले नै छनोट गर्ने गरेको बताएका थिए ।

**तालिका नं. ४.११**

**सिर्जनात्मक कला विषयको स्थानीय विषयवस्तु छनोट गर्दा संलग्न गराएका व्यक्तिहरू**





स्रोत : स्थलगत भ्रमण, २०६७।

यस शोधपत्र अध्ययनको क्रममा अध्ययनको लागि छनोटमा परेका विद्यालयहरूका प्र.अ र शिक्षकहरूले यस विषयको विषयवस्तु छनोट गर्दा कुनै व्यक्तिलाई संलग्न नगराएको जानकारी दिएका थिए । किन संलग्न गराउनु हुन्न भनि प्रश्न गर्दा स्थानीय कलासम्बन्धीको उचित विषयवस्तु  छनोट गरी पाठ्यक्रम निर्माण गर्ने व्यक्ति नभएको र विद्यालयको आर्थिक अवस्था कमजोर भएको तथा स्थानीय कला र सीपसम्बन्धी ज्ञान भएको दक्ष शिक्षकको अभाव भएका कारणले कुनै व्यक्तिलाई संलग्न नगराउने र शिक्षकहरूमा जुन सीपको ज्ञान छ त्यहि सीप र कला अनुसार विषयवस्तु छनोट गर्नको लागि अरु व्यक्तिको संलग्न नगराएको जवाफ दिएका थिए । ( अनुसूची १, २)

त्यसै गरी अध्ययन क्षेत्रका अन्य व्यक्तिहरू, जस्तो अभिभावक, विद्यार्थी पेशा व्यवसायी, व्यापारी वुद्धिजिबि राजनीतिज्ञ आदि जस्ता व्यक्तिले सिर्जनात्मक कला विषयको स्थानीय विषयवस्तु छुट्टयाएको र यस अनुसार पठनपाठन गर्ने गराउने कुराको जानकारी नपाएको उत्तर दिएका थिए भने स्रोत व्यक्तिले यस विषयको विषयवस्तु छनोट गर्न कुनै विद्यालयले आफुलाई नबोलाएको बताएका थिए र कुन कला र सीपको पठनपाठन गराउछन् त्यस सम्बन्धी पनि आफु पूर्ण रूपले जानकार नभएको बताएका थिए । (अनुसूची ३, ४)

**तालिका नं. ४.१२**

**सिर्जनात्मक कला विषयको विषयवस्तु छनोट प्रक्रिया**




स्रोत : स्थलगत भ्रमण, २०६७ ।

माथिको तालिका नं. ४.१२ मा उल्लेख गरे अनुसार यस अध्ययन क्षेत्रका ३ वटै विद्यालयमा सिर्जनात्मक कला विषयको स्थानीय विषयवस्तु छनोट प्रक्रियाका कुनै पनि चरण नअपनाएको पाईयो । जुन चरणहरूलाई तल छोटकारीमा विश्लेषण र व्याख्या गरिएको छ ।

**आवश्यकताको पहिचान**

यस अध्ययनमा छनोटमा परेका विद्यालयहरू शान्ति प्रा. वि, अमरज्योति प्रा.वि. र सरस्वती प्रा.वि ३ वटै विद्यालयले सिर्जनात्मक कला विषयको स्थानीय विषयवस्तु छनोट गर्दा आवश्यकता पहिचान गरेको पाईएन । यस विषयको विषयवस्तु छनोट गर्दा शिक्षक र प्र.अ ले आफ्नो चाहाना र सीप अनुसारको विषय वस्तु छनोट गरीएको पाईयो ।

**उद्देश्यको निर्धारण**

विषयवस्तु छनोट प्रक्रियाको अर्को चरण उद्देश्य निर्धारण हो । यस विषयवस्तु छनोट गर्दा कुनै पनि उद्देश्य निधारण गरेको पाईएन ।

**विषयवस्तु छनोट**

विषयवस्तु छनोट पनि एक महत्त्वपूर्ण चरण हो । विषय वस्तुको छनोट गर्दा प्र.अ र शिक्षकले मात्र छनोट गर्ने र कुनै पनि क्षेत्रलाई आधार नमारेर वा केन्द्रको विषयवस्तुलाई नै स्थानीय कला सीप दुबैलाई आधार नमानी आफ्नो रुचि र ज्ञान भएको सीप र कला सम्बन्धीको विषयवस्तु छनोट गरेको पाईयो । जसमा निश्चित विषयवस्तु

सम्बन्धी पूर्ण रूपले ज्ञान, सीप र कलाको विकास गर्ने भनि स्पष्ट पनि नगरेको पाईयो । विषयवस्तु छनोट गर्दा पाठ्क्रमको रूपमा छनोट नगरी वा पाठ्यक्रम निर्माण नगरी मानसिक रूपमा छनोट गर्ने गरेको पाईयो ।

**कक्षागत सिकाई उपलब्धि**

सिर्जनात्मक कला विषयको स्थानीय विषयवस्तु छनोट गर्नको लागि आवश्यक पर्ने चरण कक्षागत सिकाई उपलब्धि हो । यस चरणको प्रयोग गरेको पाईएन कुन कक्षाका लागि कुन कला र सीप सिकाउने र कुन कक्षा पार गरेका विद्यार्थीले कुन कला सिक्ने भन्ने कुनै कुराको पनी योजना र तयारी गरेको पाईएन ।

**शिक्षण सिकाई प्रक्रिया**

स्थानीय पाठ्यक्रमको विषयवस्तु छनोट गर्दा कुन विधि र सामाग्री प्रयाग गरेर पठनपाठन गराउने भनेर पहिला नै पाठ्यक्रममा उल्लेख गर्नु पर्छ । तर यस अध्ययन क्षेत्रका ३ वटै विद्यालयले सिर्जनात्मक कला विषयको स्थानीय विषयवस्तु छनोट गर्दा सिकाई प्रक्रिया लाई पनि प्रयोग गरेको पाईएन ।

**विद्यार्थी मूल्याङ्कन**

यस विषयको स्थानीय विषयवस्तु छनोट प्राक्रियामा विद्यार्थी मूल्याङ्कन लाई पनि प्रयोग गरेको पाईएन । कुन कला र सीप सिकाउने र मूल्याङ्कन कसरी र कहिले गर्ने भनि कुनै कुराको योजना र तयारी गरेको पाईएन ।

**समय निर्धारण**

कुन समयमा कुन कला र सीप सिकाउने, बर्षामा कति घन्टि र पिरिएड पठनपाठन गराउने, घन्टि कति मिनेट र वा घन्टाको हुने, साप्ताहिक कति घन्टि वा महिनामा कति र जम्मा बर्षमा कति घन्टि पठनपाठन गर्ने भन्ने कुनै तयारी गरेको पाईएन र मनोमानि ढाँङ्गले कहिले कहि सीप र कला सम्बन्धी सामान्य रूपमा छलफल गराए पनि यस विषयको स्थानीय विषयवस्तुको पठन वाठन गराउने गरेको पाईएन ।

### ४.१.३ विभिन्न विषयको स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको सार सङ्क्षेप

यस शोधपत्र अनुसन्धानको उद्देश्य एक अनुसार विभिन्न विषयको स्थानीय पाठ्क्रम निर्माण प्रक्रिया सम्बन्धी अध्ययनबाट प्राप्त सुचना अनुसार स्थानीय विषयको १०० पूर्णङ्कको स्थानीय पाठ्यक्रमको निर्माणको नेतृत्व स्रोतकेन्द्रले गरेको पाईयो अर्थात स्रोत केन्द्रको नेतृत्वमा निर्माण गर्ने गरेको पाइयो भने सामाजिक अध्ययन शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयको स्थानीय विषयवस्तु छनोट आ-आफ्नो विद्यालयको नेतृत्वमा गर्ने गरेको पाईयो ।

त्यसै गरी स्थानीय विषयको पाठ्यक्रम निर्माण कार्यमा प्र.अ., शिक्षक, अभिभावक, स्रोत व्यक्ति र विद्यार्थी तथा वि.व्य.सं. लाई संलग्न गराएको पाईयो भने अन्य पाठ्यक्रमविद्, समुदायका अन्य व्यक्ति, स्थानीय वुद्धिजिवी, राजनीतिज्ञ, वृद्धवृद्धा, महिला, विभिन्न जातजातिका व्यक्तिहरूलाई र स्थानीय व्यापारी, अन्य पेशामा लागेका व्यक्तिहरूलाई संलग्न गराएको पाईएन । यसको प्रमुख कारणहरू विद्यालयको आर्थिक अवस्था कमजोर हुनु,

त्यसैगरी केन्द्रीय तह र जिल्ला तहबाट स्थानीय पाठ्यक्रमको सञ्चार र चेतनाको ज्ञान फैलाउन नसक्नु तथा निरीक्षण तथा अनुगमनको कमजोरी रहेको पाईयो । शारीरिक शिक्षा, सामाजिक अध्ययन र सिर्जनात्मक कला विषयमा विषयमा अभिभावक, स्थानीय अन्य व्यक्ति, स्रोत व्यक्ति र वि.व्य.स. समेतलाई पनि संलग्न नगराएको पाइयो । यसको कारण पनि आर्थिक अवस्था कमजोर र स्थानीय पाठ्क्रमको नीति नियम तथा निरीक्षण, अनुगमन र प्रचार प्रसारको वा सूचनाको कमजोरी र लापरवाही रहेको देखिन्छ । यी विषयमा शिक्षक, विद्यार्थी मात्र संलग्न रहेको पाइयो र औपचारिक रुपमा पाठ्यक्रम निर्माण गरेको पाईएन ।

निर्माण प्रक्रियाका चरणहरू सम्बन्धमा स्थानीय विषय १०० पूर्णाङ्कको विषयमा जुन व्यक्तिको संलग्न गराएको छ ति व्यक्तिको मात्र आवश्यकता पहिचान गर्ने गरेको र सहभागी नभएका व्यक्तिको आवश्कता, पहिचन गर्न सकेको पाइएन । उद्देश्य निर्धारणको चरणलाई प्रयोग गरेको पाईएन एकै चोटी विषयवस्तु छनोट गर्ने गरेको पाईयो । विषयवस्तु छनोट गरेपछि कुन कक्षाको विद्यार्थीलाई कुन सिकाइ उपलब्धि गराउने भनेर पाठ्यक्रम उल्लेख गरेको पाईएन । शिक्षण प्रक्रियामा भने स्थानीय पाठ्यक्रमको विषयवस्तु अनुसार प्रर्दशन र शैक्षिक भ्रमण तथा छफल विधि र सामग्री निर्माण गर्ने उल्लेख गरेको पाइयो । त्यस पछिको अर्को महत्त्वपूर्ण निर्माण प्रक्रियाको चरण भनेको विद्यार्थी मूल्याङ्कन हो भने यस चरणलाई स्थानीय पाठ्यक्रमको मर्म अनुसार निरन्तर मूल्याङ्कन प्रक्रियाद्वारा मूल्याङ्कन गर्नुपर्ने कुरामा अर्धबार्षिक र बार्षिक परीक्षाको माध्यमबाट मूल्याङ्कन गर्ने भनि उल्लेख गरेको पाईयो । स्थानीय पाठ्यक्रमको निर्माण प्रक्रियाको अन्तिम चरण समय निर्धारण हो । अध्ययनमा नमूना पाठ्यक्रमको समयलाई यथावत् राखेर समय निश्चित गरेको पाईयो । तर त्यो समय त्यति प्रभावकारी हुने गरेको र हुने पाईएन ।

शारीरिक शिक्षा विषयमा पनि विद्यार्थीको मात्र आवश्यकता पहिचान गरेको पाईयो भने अन्य सरोकारवाला व्यक्तिको आवश्यकता पहिचान गरेको देएिन । उद्देश्य निर्धारण, विषयवस्तु छनोट, कक्षागत सिकाइ उपलब्धि, समय निर्धारण प्रक्रियाका चरणलाई ध्यान दिएको पाईएन । भने समय निर्धारण र विद्यार्थी मूल्याङ्कनका चरणलाई भने ध्यान दिएइको पाईयो । सामाजिक अध्ययन र सिर्जनात्मक कला विषयका स्थानीय विषयवस्तु निर्माण कार्यमा भने विषयवस्तु छनोटका कुनै प्रकृयागत चरणलाई प्रयोग गरेको पाईएन । यसको मुख्य कारणकमा विद्यालयको आर्थिक अभाव, सम्बन्धीत निकायहरूको स्पष्ट नीति र रेखदेदको कमजोरी तथा स्थानीय विज्ञ पाठ्यक्रमविद् र सञ्चारको अभाव रहेको पाईयो ।

## ४.२ स्थानीय आवश्यकता र पाठ्यक्रम बीचको तादात्म्यता

प्राथमिक तहको स्थानीय पाठ्यक्रम विकास प्रक्रिया र निर्धारित पाठ्यक्रमको शोधपत्र अनुसन्धानको लागि छनोट गरिएको सल्यान जिल्लाको थारमारे गा.वि.स. को शान्ति प्राथमिक विद्यालय, अमरज्योती प्राथमिक विद्यालय र सरस्वति प्राथमिक विद्यालयको स्थानीय पाठ्यक्रमका निर्माण प्रक्रियासम्बन्धी आवश्यकता र पाठ्यक्रम बीचको तादात्म्यता पनि एक हो । उक्त उद्देश्य पुरा गर्नको लागि अध्ययन गर्नको लागि जम्मा ३ वटा उद्देश्य राखिएको थियो । जस मध्यको एक स्थानीय आवश्यकता र पाठ्यक्रम बीचको तादात्म्यता पनि एक हो । उक्त उद्देश्य पूरा गर्नको लागि अध्ययन क्षेत्रका स्थानीय आवश्यकता के के छन् ? ति अवाश्यकता पाठ्यक्रमले अर्थात्


स्थानीय पाठ्यक्रमले पूरा गरेको छ कि छैन ? एक आपसमा के सम्बन्ध छ ? उक्त क्षेत्रका भौगोलिक, सांस्कृतिक, आर्थिक, प्राकृतिक, विभिन्न जातजाति, स्वास्थ्य, वातावरण र शैक्षिक लगायत अन्य स्थानीय परिवेश के कस्तो छ ? ति स्थानीय परिवेश सम्बन्धी पठनपाठन गरिन्छ कि गरिँदैन ? त्यस क्षेत्रका स्थानीय खेल अभ्यास र शारीरिक कसरत के के छन् ? त्यहाँ माटो काठ ढुङ्गा लगाएत अन्य स्थानीय सिलाई बुनाई, रङ्गाई र स्थानीय तहका लागि उपयोगी पेशा, व्यवसाय, सीप र प्राविधिक विषयहरू के के छन् ? तिनीहरूलाई पाठ्यक्रमले समेटेको छ कि छैन ? पाठ्यक्रम र ति स्थानीय परिवेशबीच के सम्बन्ध छ ? भन्ने उद्देश्यले छनोट गरिएका ३ वटै विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, समाजमा बसोबास गर्ने बुढापाखा, बुद्धिजिवी, पेशा, व्यवसायी, विभिन्न जातजातिका व्यक्ति, महिला स्थानीय संघसंस्था र राजनीतिक व्यक्ति लगायतका स्रोतको प्रयोग गरी सूचना सङ्कलन गरिएको थियो । जुन प्राप्त सूचनामहरुलाई निम्न अनुसार विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.२.१ स्थानीय विषयको स्थानीय आवश्यकता र पाठ्यक्रम बीचको तादात्म्यता

यस शोधपत्र अनुसन्धानको लागि अध्ययन क्षेत्रका विद्यालयहरू शान्ति प्राथमिक विद्यालय रात्पहरा, अमरज्योति प्राथमिक विद्यालय चौरपानी र सरस्वति प्राथमिक विद्यालय ठिङ्गवाङ्ग ३ वटै विद्यालयमा स्थानीय विषय अन्तर्गतका स्थानीय परिवेशका आवश्यकता के छन् ? विद्यालयमा स्थानीय विषयको विषयवस्तु के पढाईन्छ ? भनि अध्ययन अनुसन्धान गरी प्राप्त भएका सूचनालाई तलको तालिकामा देखाएर विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं. ४.१३**

**अध्ययन क्षेत्रका विद्यालयहरूमा पढाई हुने स्थानीय विषयवसतु र उक्त क्षेत्रका स्थानीय आवश्यकताहरू**




स्रोत : स्थलगत भ्रमण, २०६७।

माथिको तालिका नं. ४.१३ मा अध्ययन क्षेत्रका स्थानीय विषयका स्थानीय आवश्यकता र विद्यालयहरूमा पढाई हुने स्थानीय विषयका विषयवस्तु उल्लेख गरिएको छ । ति सबैलाई अलगअलग रूपमा विश्लेषण र व्याख्या यसरी गरिएको  छ ।

**अदुवा खेती**

यस शोधपत्र अध्ययन क्षेत्र सल्यान जिल्लाको थारमारे गा.वि.स.मा मुख्य पेशाको रूपमा अदूवा खेती रहेको पाईयो । अधययनको क्रममा त्यस क्षेत्रका शिक्षक, विद्यार्थी, अभिभावक, महिला, बुढापाका र समूदायमा बसोबास गर्ने सबै जसो व्यक्तिले हाम्रो मुख्य पेशा भनेको अदुवा खेती हो । अदुवा खेती भनेर नेपालकै सबैभन्दा राम्रो जिल्ला भनेर चिनिन्छ । यस क्षेत्रमा प्रति परिवार वार्षिक ५ देखि १० कुईन्टल अदूवा लगाउदछन् र त्यस अदुवाबाट वार्षिक ३-४ लाख रूपैया सम्मप्रति परिवारले आम्दानी गर्छन् । पहिला पहिला अदुवा खेतीमा कुनै रोग लाग्दैनथ्यो तर आजकल अदूवा खेतीमा विभिन्न प्रकारका रोग जस्तो गानो कुईने, डाँठ सुकेर जाने, पातमा विभिन्न किराको संक्रमण हुने हुनाले त्यससम्बन्धी उपचार, रोकथाम र औषधी सम्बन्धीत ज्ञानको आवश्यकता रहेको त्यहाँका स्थानीय व्यक्तिहरूले जवाफ दिएका थिए । त्यसै गरी अदूवाबाट के के बन्छ ? यसबाट के के औषधी बन्छ ? यसको खेती कहिले गर्दा उपयुक्त हुन्छ । आदि कुराको एकदम आवश्यकता रहेको त्यहाँका स्थानीय व्यक्ति र अभिभावक लगाएत शिक्षक, प्र.अ.ले बताएका थिए । (अनुसूची १, २)

अध्ययन क्षेत्रको विद्यालयहरूमा स्थानीय विषयको रूपमा पनि अदूवा खेती सम्बन्धीको स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्ने गरेको अध्ययनको लागि छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक र वि.व्य.स. लगायत विद्यार्थीहरूले जानकारी दिएका थिए । उक्त पाठ्यक्रममा अदूवा खेती गर्ने समय, अदुवाको लागि आवश्यक पर्ने औजार, अदूवाको संरक्षण, अदूवा लाग्ने रोग र त्यसको उपचार तथा महत्त्वसम्बन्धी

विषयवस्तु छनोट गरी पठनपाठन गर्ने गरेको कुरा बताएका थिए । पठनपाठन गर्नको लागि पाठ्यपुस्तक निर्माण गनु भएको छ ? भनि प्रश्न गर्दा प्र.अ. र शिक्षकहरूले पाठ्यपुस्तक तयार गरिएको छैन । पाठ्यपुस्तकको सट्टामा राष्ट्रिय अदूवा खेती अनुसन्धान केन्द्र कपुरकोट नजिकै भएकोले उक्त केन्द्रले निर्माण गरेका अदूवा खेती सम्बन्धीका पुस्तक ल्याएर पठनपाठन गराउने गरेको बताएका थिए । कहिले काही अदूवा खेती अनुसन्धान केन्द्रबाट अदुवा विशेषज्ञलाई बोलाएर पनि पठनपाठन गर्ने गराउने गरेको जानकारी पाईयो । शिक्षकहरूले स्थानीय विषयको रूपमा अदूवा खेतीका सम्पूर्ण स्थानीय आवश्यकता पुरा गरेको दावि गरेका थिए । (अनुसूची १, २, ३)

**(ख) सुन्तला खेती**

यस शोध पत्र अनुसन्धान क्षेत्रको अर्को मुख्य पेशा भनेको सुन्तला खेती पनि भएको पाईयो । अध्ययन क्षेत्रका कतिपय व्यक्तिहरूले भने तपाईको मुख्य पेशा के हो ? भनि प्रश्न गर्दा सुन्तला खेती रहेको बताएका थिए । अदूवा खेती सबैभन्दा राम्रो पेशा हो र नेपालकै सबै ठाउँको भन्दा सल्यानमा राम्रो उत्पादन हुन्छ किन अदूवा खेती गर्नु हुन्न् ? भनि प्रश्न गर्दा अदूवा खेतीमा पहिलेभन्दा अहिले धेरै रोग लाग्ने गरेकाले राम्रो उत्पादन हुँदैन् । यस खेतीमा बढी मान्छेको आवश्यकता पर्ने र वर्षैपिच्छे खेती गरिरहनु पर्ने हुनाले अदूवा खेती छोडेर सून्तला खेती गर्न लागेको बताएका थिए । जसले गर्दा हाम्रो मख्य आवश्यकता भनेको सुन्तला खेतीलाई कसरी प्रभावकारी गराउन सकिन्छ ? यसबाट बढी उत्पादन कसरी गर्न सकिन्छ ? नजिकमा बजार व्यवस्था कसरी गर्न सकिन्छ ? सुन्तलाको बोर्ना कहिले रोपने ? साईज कसरी पढाउने जस्ता मुख्य आवश्यकता रहेको केही व्यक्तिहरूले जानकारी दिएका थिए । सुन्तला खेती एक पटक गरेमा वर्षौसम्म टिक्ने, प्रत्यक वर्ष खेती गर्नु नपर्ने, वर्षमा एक पटक गोडमेल र मल दिए पुग्ने हुनाले पनि यो खेती अदूवा लगायत अन्य पेशाको तुलनामा सुखद रहेको पनि जानकारी दिएका थिए । तर विद्यालयमा सुन्तला खेतीसम्बन्धी पाठ्यक्रम निर्माण गर्न पहल गरे पनि हाम्रो आवाज कसैले नसुनेको बताएका थिए । (अनुसूची ३)

तर अध्ययन क्षेत्रका प्र.अ., शिक्षक, र वि.व्य.स. लगायत स्रोत व्यक्तिले भने विद्यालयमा सुन्तला खेतीसम्बन्धी पाठ्यक्रम निर्माण गर्ने आवाज भए पनि अधिकांश व्यक्तिले अदूवाकै स्थानीय पाठ्यक्रम निर्माण गर्ने र पठनपाठन गर्ने माग आउने हुनाले अदूवाकै पाठ्यक्रम निर्माण गर्ने गरेको बताएका थिए भने अर्कोतर्फ सून्तला खेतिको पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्न विद्यालयको आर्थिक अवस्था कमजोर छ । सबै पेशा व्यवसाय सम्बन्धीका विज्ञ पाठ्यक्रम निर्माता, शिक्षक र सामाग्रीको. अभाव रहेकाले सुन्तला खेती लगाएत अन्य पेशा व्यवसायमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन नगरेको बताएका थिए । (अनुसूची १, २, ४)

**(ग) चोयाको काम**

स्थानीय आवश्यकता र पाठ्यक्रम बीचको तादात्म्यता पहिचान गर्ने उद्देश्यले विभिन्न स्रोतबाट सूचना सङ्कलन गर्दा अध्ययन क्षेत्रका वृद्धवृद्धासँग पनि सूचना सङ्कलन गरिएको थियो । सूचना सङ्कलनको क्रममा तपाईहरूका पेशा व्यवसाय पहिले के थिए ? आजकाल त्यसको वा त्यस पेशा व्यवसायको आवश्यकता छ कि छैन ? ति पेशा व्यवसायसम्बन्धी विद्यालयमा पठनपाठन गराउँदा ठिक हुन्छन् कि हुँदैनन् ? आदि प्रश्न गरिएको थियो । उक्त प्रश्नको जवाफमा हाम्रा पालाका पेशा र व्यवसाय भनेको विभिन्न वेत बाँस र निगालोका चोयाबाट डोका,

चोया भकारी, बाकसको रूपमा मुदुस, छिटनी, पानीबाट बच्नको लागि घूम बनेर व्यापार विजनेस गर्ने गरिन्थ्यो । जसले गर्दा भकारी, वाकस, छाता लगाएतका समान किन्नबाट पैसा पनि जोगाईन्थ्यो तर आजकल पछाडीका मान्छेले ति सबै काम र सीप विर्सिन थाले र सबै समानहरू पैशा हालेर नै किन्ने गरेको बताएका थिए । हाम्रो घरमा बेतवाँस र निगालो प्रशस्त छँदाछदै किताब राख्नको लागि ऱ्याक, किचन ऱ्याक र कुचो तथा सुबा………. सम्मका समान पैसा हालेर किन्छन् । चोयाको काम र सीप ज्ञान दिनु र विद्यालयमा पठनपाठन गराउनु, पछाडीका पिढीलाई चोयाको सीप सिकाउनु पर्ने आवश्यकता रहेको वृद्धवृद्धाहरूले बताएका थिए । (अनुसूची ३)

अध्ययन क्षेत्रका ३ वटै विद्यालयहरूले त्यो सीप र कलासम्बन्धीको स्थानीय पाठ्यक्रम निर्माण गरेको पाईएन । अर्थात् अध्ययन क्षेत्रमा प्रशस्त वेत, वाँस र निगालोको उत्पादन हुने गरेको र ती बेत बाँस र निगालो त्यतिकै खेर गएकाले त्यस क्षेत्रमा बाँस र निगालोको सहि उपयोग कसरी गर्न सकिन्छ ? भन्ने स्थानीय पाठ्यक्रमको आवश्यकता रहेको तर विन्द्यालयहरूमा त्यस सम्बन्धीको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरेको पाइएन ।

**(घ) धान, मकै खेती**

अध्ययन अनुसन्धानको क्रममा स्थानीय अवाश्यकता र पाठ्यक्रमबीच रहेको तादात्म्यता पत्ता लगाउने क्रममा अध्ययन क्षेत्रका कृषि पेशामा आश्रित केही व्यक्तिसँग सूचना सङ्कलन गरिएको थियो । सूचना सङ्कलन गर्दा साधनको रूपमा खुल्ला प्रश्नावलीद्वारा तपाईका गाउँका कृषिसम्बन्धी के आवश्यकता छ ? के समस्या परेको छ र धान मकैमा कुनै ज्ञानको आवश्यकता छ कि ? भनेर विभिन्न प्रश्नहरू सोधिएका थियो । उक्त प्रश्नहरूको जवाफमा धान, मकै खेती गर्ने व्यक्तिहरूले धान मकै खेती नगर्दा हाम्रो गाउँठाउँमा अन्नको उत्पादन घट्ने र खानाको लागि बाह्रै महिना किन्नु पर्ने, अदुवा, सुन्तला र व्यापार व्यवसायबाट कमाएको सबै पैसा खाद्यान्नको लागि सकिने भएकाले धान मकै खेती गर्नैपर्ने आवश्यकता रहेको बताएका थिए । नत्र पढाई लेखाई, स्वास्थ्य उपचार र लत्ता कपडालाई पैसाको सङ्कट पर्ने हुन्छ । जसले गर्दा अन्य क्षेत्रबाट कमाएको पैसा बचत गर्नको लागि पनि धान मकै खेतीको आवश्यकता रहेको बताएका थिए । धान मकै खेतीमा धेरै समस्या रहेका छन् । जस्तो धानको लागि भुसुलल्य किरा, गाँजि रोग र प्राकृतिक प्रकापले उत्पादनमा ह्रास आउने गरेको छ भने मकै खेतीमा हावाको प्रकोप, मकैमा दाना नलाग्ने समस्या, गोब्रे किराको समस्या जस्ता रोगले खाद्यान्नमा कम उत्पादन हुने भएकोले ति समस्याको समाधान गर्ने आवश्यकता बताएका थिए भने प्रत्येक वर्ष सुख्खा र खडेरी बढ्दै गएकाले सुख्खा सहन शक्ति भएको धान र कमैको विउ उत्पादन गर्ने ज्ञान र सीपको आवश्यकता भएको बताएका थिए । विद्यालयमा पनि धान कमै खेतीको पठनपाठन गराउनु पर्ने विचार ब्यक्त गरेका थिए । (अनुसूची ३)

तर विद्यालयमा भने धान, मकैसम्बन्धी कुनै पनि किसिमको स्थानीय पाठ्यक्रम र पाठ्यक्रममा पठनपाठन गर्ने गरेको पाईएन । यस किसिमको स्थानीय पाठ्यक्रम किन निर्माण गर्नु हुन्न भनेर विद्यालयका सरोकारवाला व्यक्तिलाई प्रश्न गर्दा विद्यालयमा आर्थिक मन्दी रहेकोले र सबै आवश्यकता अनुसार पठनपाठनको लागि विज्ञ व्यक्तिको अभाव रहेको, सबै आवश्यकता अनुसारका विषयको पठनपाठन गर्न विज्ञ व्यक्तिको अभाव

रहेको, सबै विषयको पठनपाठन गर्न शिक्षकको कमी रहेको र शिक्षकको व्यवस्था गर्दा शिक्षकको ज्याला दिन नसक्ने, सरकारले त्यसको लागि व्यवस्था नगर्ने अधययन क्षेत्रका प्र.अ., शिक्षक, वि.व्य.स. र स्रोत व्यक्तिले बताएका थिए (अनुसूची १, २, ३, ४) ।

**व्यापार व्यवसाय र बैदेशिक रोजगार**

यस अध्ययनको क्रममा सूचना सङ्कलन गर्दा अध्ययन क्षेत्रको पेशा व्यवसाय व्यापार र बैदेशिक रोजगारी पनि भएको पाईयो । उक्त व्यापार र रोजगारी अंगालेका व्यक्तिले व्यापार कसरी गर्ने ? कुन समयमा कुन व्यापार गर्ने ? ग्राहकसँग कसतो व्यवहार गर्ने ? ग्राहक कसरी बढाउने, बढी भन्दा बढी पैसा कसरी कमाउने ? कस्तो व्यक्तिलाई उधारो दिने जस्ता ज्ञान सीपको आवश्यकता रहेको व्यापारीको विचार रहेको थियो भने बैदेशिक रोजगारीमा लागेका व्यक्तिले भने विदेश जाँदा कुन कुन प्रक्रिया अपनाउने कुन म्यापावरबाट जाने, कुन ठाउँमा मेडिकल चेक गराउने ? श्रम स्विकृति मान्यता प्राप्त म्यानपावर हो होईन कसरी र कहाँबाट पहिचान गर्ने सेलरी कति छ ? र कहाँबाट कसरी थाहा पाउने ? विदेशबाट पैसा कसरी पठाउने जस्ता कुराको आवश्यकता रहेको र आफूहरूले यी सबै कुरा थाहा नपाएर विदेश गएकाले आफूहरूले दु:ख पाएको कुरा व्यक्त गरेका थिए । यी सम्बन्धी जानकारी प्राप्त गर्नको लागि विद्यालयमा पठनपाठन गराउने आवश्यकता रहेको बताएका थिए । भने अध्यनय क्षेत्रका कुनै पनि विद्यालयले व्यापारा र वैदेशिक रोजगारीसम्बन्धी स्थानीय पाठ्यक्रम निर्माण नगरेको र पठनपाठन पनि नगराएको पाइएको थियो । (अनुसूची ३)

### ४.२.२ सामाजिक अध्ययन : विषयको स्थानीय आवश्यकता र पाठ्यक्रम बीच तादात्म्यता


प्राथमिक तहको सामाजिक अधययन विषयमा पनि वार्षिकपाठ्यभारको २० प्रतिशत अंक स्थानीय विषयवस्तुलाई समेटेर स्रोत व्यक्तिको सहयोगमा शिक्षक स्वयम्ले पाठ्यक्रम बनाई पठनपाठन गर्ने व्यवस्था भएको छ । जसमा कक्षा १-३ सम्म वार्षिक अनुमानित १८ घण्टि र कक्षा ४-५ मा ३६ घण्टी छुट्टयाएको छ । त्यसैले गर्दा यस शोधपत्र अनुसनधानमा अनुसन्धानको लागि छनोट गरिएका विद्यालयहरू शान्ति प्राथमिक विद्यालय थारमार सल्यान, अमरज्योति प्राथमिक विद्यालय चौरपानी थारमारे सल्यान र सरस्वति प्राथमिक विद्यालय ठिङ्गवाङ्ग थारमारे सल्यानका ३ वटा विद्यालयहरूमा सामाजिक अध्ययन विषयको स्थानीय आवश्यकता के के छन् ? विद्यालयमा पढाई हुने सामाजिक विषयवस्तु र समुदायका सामाजिक आवश्यकता के के छन् ? विद्यालयमा पढाई हुने सामाजिक विषयवस्तु र समुदायका सामाजिक आवश्यकताबीच के कस्तो सम्बन्ध छ ? भन्ने उद्देश्यले अध्ययनकालागि छनोट गरिएका विद्यालयका सरोकारवाला व्यक्तिहरू र समूदायमा बसोबास गर्ने व्यक्तिहरू जस्तै प्र.अ., शिक्षक, स्रोतव्यक्ति, विद्यार्थी, अभिभावक, विभिन्न जातजातिका व्यक्तिहरू, वृद्धवृद्धा, महिला, स्वास्थ्य केन्द्रका व्यक्ति आदिसँग प्रश्नावली, अन्तर्वार्ता, समूह छलफल जस्ता स्रोत र साधनबाट सूचना सङ्कलन गरिएको थियो । जसबाट प्राप्त भएका सूचनाहरूलाई निम्न प्रकारले विभिन्न तालिकामा देखाएर विश्लेषण र व्याख्या गरिएको छ ।

**अध्ययन क्षेत्रका सामाजिक विषयका स्थानीय आवश्यकता र विद्यालयमा पढाई हुने विषयवस्तुहरू**

यस अध्ययनका लागि छनोट गरिएका अध्ययन क्षेत्रका शान्ति प्रा.वि. अमरज्योति प्रा.वि. र सरस्वति प्रा.वि. ३ वटै विद्यालयका सामाजिक क्षेत्रका स्थानीय आवश्यकता र विद्यालयमा पढाई हुने विषयवस्तुहरूलाई निम्नानुसार तालिकीकरण गरिएको छ ।

**तालिका नं. ४.१४**

**अध्ययन क्षेत्रका साजिकक क्षेत्रका स्थानीय आवश्यकता र विद्यालयमा पढाई हुने सामाजिक विषय वस्तुहरू**




स्रोत : स्थलगत भ्रमण, २०६७ ।


माथि उल्लेखित तालिका नं. ४.१४ मा उल्लेख गरेका अध्ययन क्षेत्रका सामाजिक क्षेत्रका आवश्यकताहरू र अध्ययनका लागि छनोट गरिएका विद्यालयहरूमा पढाई हुने सामाजिक विषयहरू बीच एक आपसमा कस्तो सम्बन्ध/तादात्म्यता रहेको भनेर अलग अलग शीर्षकमा विश्लेषण गरिएको छ ।

**(क) सांस्कृतिक क्षेत्रहरू**

यस शोधपत्र अनुसन्धानका लागि स्थानीय आवश्यकता र पाठ्यक्रमबीचको तादात्म्यता पत्ता लगाउनको लागी अध्ययनक्षेत्रका विद्यालयका प्र.अ., शिक्षक र समुदायका विभिन्न व्यक्तिहरूसँग र विभिन्न साधनहरूको प्रयोग गरी सामाजिक विषयका स्थानीय आवश्यकता र विद्यालयमा पढाई हुने सामाजिक विषयवस्तुसम्बन्धी केही सूचना सङ्कलन गरिएको थियो । ति सङ्कलन गरिएका सांस्कृतिक क्षेत्रका सूचनाहरूलाई निम्न अनुसार विश्लेषण गरिएको छ :

**तालिका नं. ४ १५**

**अध्ययन क्षेत्रका सांस्कृतिक स्थानीय आवश्यकताहरू र विद्यालयमा पढाई हुने विषयवस्तु**



स्रोत : स्थलगत भ्रमण, २०६७ ।

माथि उल्लेखित तालिका नं. ४.१५ मा रहेका सामाजिक विषयका स्थानीय आवश्यकता र विद्यालय पढाई हुने विषयवस्तुहरूमा के कति सम्बन्ध र पठनपाठन कसरी हुन्छ भने र अलग अलग रूपमा व्याख्या गरिएको छ ।

**(क) खैरावाङ्ग मन्दिर**

यस शोधपत्र अनुसन्धानमा सामाजि क्षेत्रका आवश्यकता के के छन् ? र ति सामाीजक आवश्यकता विद्यालयमा पढाई गरिन्छ कि गरिदैन ? भनेर पहिचान गर्नको लागि अध्ययन क्षेत्रका ३ वटा विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, समूदायमा बसोबास गर्ने अन्य व्यक्तिहरूसँग अन्तर्वार्ता र छलफल गरिएको थियो । उक्त अन्तर्वार्तामा अभिभावक र समुदायमा बसोबास गर्ने वृद्धवृद्धाहरूलाई तपाईको सेरोफेरोमा वा जिल्लाभित्रका प्रमुख धार्मिक स्थल के के छन् ? त्यसको धार्मिक जनविश्वास के रहेको छ ? भनि प्रश्न गरिएको थियो । त्यस प्रश्नको जवाफमा अध्ययन क्षेत्रका समूदायमा बसोबास गर्ने व्यक्तिहरूले हाम्रो समूदायको र सल्यान जिल्लाकै सबैभन्दा ठूलो धार्मिक मन्दिर खैरावाङ्ग दुर्गामाताको मन्दिर छ । त्यहाँ विजया दशैमा श्रद्धालु भक्तजनको पर्व लाग्छ र त्यस मन्दिरमा भक्तजनहरूले पञ्चवल चढाउने गर्दछन् । पञ्चलमा बोका, राँगा, कुखुरा, परेवा र भेडा चढाउने गर्दछन् । यस मन्दिरमा पञ्चबल चढाउनाले आफ्नो जीवनसुखि रहने, आफ्ना परिवारमा सुख शान्ति छाउने, आफ्ना शत्रुहरू माथि विजय हुने र आफूले चिताएको आशा पुरा हुने धार्मिक जनविश्वास रहेको बताएका थिए । खैरावाङ्ग मन्दिरमा निशन्तानले सन्तानको वर माग्ने, भजन कृतन गाउने गर्दछन् । यस मन्दिरमा वर्षको २ पटक विजया दशैको समयमा फुलपातिको दिन देखि विजया दशमिको दिनसम्म र चैते दशैमा पनि फूलपातिको दिनदेखि दशमीसम्म यहाँ श्रद्धालु भक्तजन आउने गर्दछन् । भनेर जानकारी दिएका थिए । यस मन्दिरको के गर्न आवश्यक छ ? भनि प्रश्न गर्दा यस मन्दिरका सम्बन्धमा व्यापक प्रचारप्रसार गरी आगन्तुकको संख्यामा वृद्धि गर्नु, यस मन्दिरलाई सरसफाई गर्नु र प्रभावकारी रूपमा त्यहाँका मूर्तिहरूको संरक्षण गर्नुपर्छ । पहिले पहिले राम्रो व्यवस्थापन भएकोले राजा र प्रधानमन्त्री दर्शन गर्न आउँदथ्यो तर आजभोलि यसको राम्रो व्यवस्थापन नगरेकोले भक्तजनमा कमि आएका हुनाले यसको सहि व्यवस्थापनको आवश्यकता रहेको बताएका थिए । त्यसैगरी अध्ययन क्षेत्रका विद्यालयहरूका शिक्षकहरूलाई पनि तपाईका विद्यालय क्षेत्रका धार्मिक स्थल के के छन् ? सामाजिक अध्ययन विषयमा ति धार्मिक स्थलसम्बन्धी पठनपाठन गराउनु हुन्छ कि हुँदैन भनि प्रश्न गरिएको थियो । उक्त प्रश्नहरूको जवाफहरूको जवाफ खैरावाङ्ग र कुमाखको मन्दिर सम्बन्धि पठनपाठन र सुनाउने गरेको शान्ति प्रा.वि. र सरस्वती प्रा.वि.ले गरेको पाइयो । (अनुसूची १, ३)

**(ख) कुमाख सिद्धनाथ बाबा मन्दिर र जात्रा**

अध्ययन क्षेत्रको साािजक र सांस्कृति आवश्यकताभित्र कुमाख मन्दिर र जात्रा पनि एक महत्त्वपूर्ण भएकोले त्यहाँको उपयुक्त संरक्षण गर्नु आवश्यकता रहेको अध्ययन क्षेत्रका व्यक्तिहरूले बताएका थिए । कुमाख मन्दिरमा सल्यान जिल्लाको सबैभन्दा ठूलो जात्रा लाग्ने मन्दिर हो । यो मन्दिर सल्यान जिल्लाको सबैभन्दा अग्लो उचाईमा रहेको र त्यसको उचाई १५०० फिट रहेको जानकारी अध्ययन क्षेत्रका व्यक्तिले बताएका थिए । त्यस मन्दिरको छेउमै हेलो नेपाल मोवाईल फोनको टावर रहेको पनि जानकारी दिएका थिए । यो मन्दीरको नजिकै गुराँसको

जंगल रहेको र एउटा गुराँसको रुखको टोड्कोमा बाह्रै महिना पानी रहने र त्यस रुखबाट पानि निकाल्दा पनि पून : पानि भरिने कारणले त्यस मन्दिरको महत्त्व बढेको स्थानीय व्यक्तिले बताएका थिए । यस कुमाखको लेखका सिद्ध बाबा देवता बस्ने र त्यहि सिद्धबाबा  देवताको पुजा गर्नका लागि त्यस मन्दिरको स्थापना गरिएको अध्ययन क्षेत्रका वृद्धवृद्धाहरूको भनाई रहेको थियो । यस क्षेत्रको धार्मिक पर्यटकिय क्षेत्रमा परिनत गर्नु अति आवश्यक रहेको स्थानयि बासीको आवश्यकता रहेको पाईयो । (अनुसूची ३)

अध्ययन क्षेत्रका विद्यालयहरूले भने एउटा अमरज्योति प्राथमिक विद्यालय चौरपानीले वर्षमा एक पटक विद्यार्थीलाई त्यस क्षेत्रमा शैक्षिक भ्रमण गराउने र सामान्य कुमाखको सिद्धानाथ वावाको मन्दिरसम्बन्धी जानकारी दिने र त्यहाँको महत्त्व सम्बन्धी पठनपाठन गराउने गरेको पाईयो भने शान्ति प्रा.वि. र सरस्वती प्रा.वि.ले त्यस क्षेत्रको कुनै जानकारीसम्बन्धी विद्यार्थीलाई दिने गरेको पाईएन । तर सरस्वति प्रा.वि. र शान्ति प्रा.वि.का समुदायका व्यक्तिहरूले कुमाखको सिद्धानाथ बाबा मन्दिरको स्थानीय रूपमा आवश्कयता र महत्त्व रहेको बताएका थिए ।

**(ग) मयुर नाच र सोरटी नाथ**

यस अध्ययन क्षेत्रका सांस्कृतिक क्षेत्रका विभिन्न आवश्यकताहरू मध्ये मयुर नाच र सोरटी नाचको लोप हुँदै गएकोले मयुर नाच र सोरटी नाचको स्थानीय रूपमा अति आवश्यकता रहेको अध्ययनक्षेत्रका वृद्धवृद्धाहरूले बताएका थिए । मयुर नाच्नको लागि अलि उमेर नपुगेका व्यक्तिहरूले नाच्न सक्ने हुनाले यो नाच वृद्धवृद्धाहरूले नाच्न सक्दैन । यो नाच नाच्नाले शारीरिक अभ्यास हुने, लाठि हान्न सिकिने हुनाले सुरक्षा हुने, आफ्नो सांस्कृतिक भेषभूषा झल्कने हुनाले आफ्नो संस्कृति बचाउन सकिन्छ । तर आजकल आफूहरू बुढा भएकाले यो नाच नाच्न नसकिने पछाडीका बालबालिकाहरूले सांस्कृतिको सट्टामा आधुनिक, र्‍याप, पप जस्ता विदेशी गित तथा नाच गर्ने हुनाले यसको जगेर्ना गर्नु यस समुदायको मुख्य सांस्कृतिक आवश्यकता रहेको बताएका थिए । त्यसैगरी अध्ययन क्षेत्रको अर्को मुख्य संस्कृति भित्रपर्ने सोरटी नाच पनि लोप हुन लागेको वृद्धवृद्धाले बताएका थिए । सोरटी नाचमा देवीदेवताका चरण गाईन्छ । मादल बजाइन्छ र धर्म कर्मसम्बन्धी गित हुने हुनाले सबैमा धर्मकर्म गर्नुपर्छ भन्ने धारणा बसाल्न सकिन्छ । तर यी सबै सामाजिक संस्कृतिक मूल्य मान्यता लोप हुन लागेकाले पछाडिका बालबालिकालाई पनि विद्यालयहरूमा आधुनिक पप, र्‍याप र लोकनाच सिकाउनुभन्दा यी मयूर नाच र सोरटी नाच सिकाउनु पर्ने आवश्यकता वुढापाखाले बताएका थिए । (अनुसूची ३)


अध्यापन क्षेत्रका विद्यालयहरूले भने स्थानीय रूपमा रहेका सांस्कृतिक मयुर नाच र सोरटी नाचको कुनै पनि नसिकाउने र पठनपाठन गराउने गरेको पाईएन । अध्ययन क्षेत्रका शिक्षकहरूले आफूहरूले मयूर नाच र सोरटी नाच सम्बन्धी आफूहरूलाई ज्ञान सीप र कला नभएको अर्को व्यक्तिहरूलाई ल्याउँदा ज्याला मजदुरी खोज्ने भएकोले विद्यालयमा आर्थिक अभाव रहेकाले मयुर र सोरटी नाच गर्न नसकिने ताएका थिए ।

**भौगोलिक एवं प्राकृतिक क्षेत्रहरू**

यस शोधपत्र अनुसन्धानको उद्देश्य नं. २ को स्थानीय आवश्यकता र पाठ्यक्रम विचको तादात्म्यता पत्ता लगाउने उद्देश्यले अध्ययन क्षेत्रका प्राथमिक विद्यालयहरू शान्ति प्रा.वि. अमर ज्योति प्रा.वि. र सरस्वती प्रा.वि. थारमारेका भौगोलि एवं प्राकृतिक क्षेत्रका स्थानीय आवश्यकता पहिचान गर्न त्यहाँका प्र.अ., शिक्षक, समुदायका भिन्न व्यक्तिहरूसँग प्रश्नावली र अन्तर्वार्ताका माध्यमबाट तपाईका समाजका र गा.वि.स. एवं जिल्लागत रूपमा रहेका भौगोलिक र प्राकृतिक क्षेत्रहरू जस्तो ताल, पहाड, वनजंगल पशुपंछि हिमाल आदि के के छन् ? तिनीहरूको आवश्यकता के रहेको छ ? विद्यालयमा ती भौगोलिक एवं प्राकृतिक क्षेत्रको बारेमा पठनपाठन गरिन्छ कि गरिँदैन ? स्थानीय पाठ्यक्रमले ति क्षेत्रलाई समेटेको छ कि छैन ? आदि जस्ता प्रश्न सोधेर सूचना सङ्कलन गरिएको थियो । ति सूचनाका आधारमा प्राप्त भएका भौगोलिक र प्राकृतिक क्षेत्रहरू र त्यसको आवश्यकता र पठनपाठनसम्बन्धी प्राप्त भएका सूचनालाई तालिकामा देखाएर विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं. ४.१६**

**अध्ययन क्षेत्रका भौगोलिक र प्राकृतिक स्रोतहरू**




स्रोत : स्थलगत भ्रमण, २०६७ ।

माथि तालिका नं. ४.१६ मा देखाएका अध्यन क्षेत्रका भौगोलिक र प्राकृतिक क्षेत्र अन्तर्गत स्थानीय आवश्यकता मुख्य गरी कुपिन्डे दह र त्यहाँको बन जङ्गल रहेका छन् । तिनको स्थानीय आवश्यकता के छ ? र विद्यालयमा पठनपाठन हुन्छ कि हुँदैन अर्थात ति आवश्यकता र पाठ्यक्रम बीच सम्बन्ध के कस्तो छ भन्ने बारेमा अलग अलग रूपमा तल प्रस्तुत गरिएको छ ।

**कुपिन्डेदह**

अध्ययनको क्रममा अध्ययन क्षेत्रका प्र.अ., शिक्षक, समूदायका व्यक्ति, राजनीतिज्ञ र स्थानीय संघसंस्थाहरूलाई गरेको प्रश्नको उत्तरमा सबैजनाले यस क्षेत्रको प्राकृतिक स्रोतको रूपमा सल्यान जिल्लाको सदरमुकामबाट १ किलोमिटर टाढाको दुरीमा रहेको कुपिन्डेदह छ । यस दहमा विभिन्न प्रजातिका माछाहरू पाईन्छन् । यस दह व्यवस्थापन समिति भनेर एउटा समिति गठन भएको छ । कुपिन्डेदर हेर्नको लागि दाङ्ग, बाँके, रोल्पा, रुकुम, जाजरकोटबाट वर्षेनी हजारौं मान्छेहरू आउने गर्दछ । यस दहले सल्यान जिल्लालाई चिनाउन सफल भएको छ । जसले गर्दा यस दहलाई अझ कसरी पर्यटकिय क्षेत्रको रूपमा चिनाउन सकिन्छ ? यस दहको

पानीलाई कसरी उपयोग गर्न सकिन्छ ? भन्ने मुख्य आवश्यकता रहेको त्यहाँका वुद्धिजिवी र राजनीतिक दलका नेताहरूले जानकारी दिएका थिए । यो दहलाई प्रत्येक गाउँ, गाउँ र जिल्ला, जिल्लामा चिनाउनका लागि विद्यालयमा स्थानीय पाठ्क्रममा समेटेर विद्यार्थीहरूलाई पठनपाठन गराउनु पर्ने त्यहाँका अभिभावक र कुपिन्डेदह समितिका अध्यक्षले बताएका थिए । (अनुसूची ३)

तर अध्ययन क्षेत्रका छनोटमा परेका ३ वटै विद्यालयले त्यहाँको प्राकृतिक र भौगोलिक क्षेत्रमा रहेको कुपिन्डेदह सम्बन्धी पठनपाठन गराएको पाईएन । अध्ययन क्षेत्रका शिक्षकहरूलाई कुपिन्डेदहको बारेमा पठनपाठन किन गराउनु हुन्न् ? भनि प्रश्न गर्दा सबै विद्यालयका प्र.अ. र शिक्षकहरूले कुपिण्डेदह सम्बन्धी कुनै ऐतिहासिक लेखरचना नभएको र त्यस सम्बन्धी सबै कुरा आफूहरूलाई जनाकारी नभएकोले यस दहको विषयवस्तुलाई स्थानीय पाठ्यक्रममा समेटन् नसकेको हो भनेर जवाफ दिएका थिए ।

**वनजङ्गल**

यस अध्ययनमा स्थानीय आवश्यकता पहिचान गर्नको लागि अध्ययन क्षेत्रका वनकार्यालयका व्यक्तिसँग सम्पर्क गरी त्यहाँको वन क्षेत्र कस्तो छ ? वनमा के कस्ता रुख विरुवा पाईन्छन् । त्यस बन जङ्गलमा के कस्ता पशुपंछि पाईन्छन् । भनि प्रश्न गर्दा यहाँको वनजंगल पहिलेको तुलनामा विनास हुँदै गएको छ । पहिले अति घना जङ्गल हुने स्थान पनि अलिहे नाङ्गा पाखामा परिनत हुँदैछन् । यस बन क्षेत्रमा गुराँस, अंगेरी, सल्ला, टिमूर, काफल जस्ता चौडा पाते र लम्पाते बोट विरुवा मात्र रहेको छ । यसले भविश्यमा खडरी, सुख्खा, बढी पहिरो जाने खतरा भएकोले समयमै बनजङ्गलको महत्त्व, फाईदा र उपयोगिता सम्बन्धी सबैमा ध्यान दिनु आजको आवश्यकता रहेको बन कार्यालयका रेन्जर विरबहादुर तामाङ्गले जानकारी दिएका थिए । हाम्रो क्षेत्रको वनजङ्गलमा विभिन्न किसिमका जनावर जस्तै चितुवा, वाँदर, काँलिज, घोरल, रतुवा र लङ्गुर जस्ता विभिन्न प्रजातिका जनावर रहेकाले यस क्षेत्रको वनक्षेत्रलाई सामुदायिक बन क्षेत्र गराउनु अति आवश्यक रहेको, बन विनास हुनबाट बचाउनलाई सबै व्यक्तिमा बन क्षेत्रको महत्त्वसम्बन्धी शिक्षा दिनु अति आवश्यक रहेको जानकारी दिएका थिए । (अनुसूची ६)


अध्ययन क्षेत्रका विद्यालयमा भने वनजङ्गल सम्बन्धीको विषयवस्तु स्थानीय पाठ्यक्रम समेटिएको पाईएन । जसले गर्द भोगोलिक र प्राकृपतक क्षेत्रको आवश्यकता र पाठ्यक्रम बीचको सम्बन्ध नभएको पाईयो ।

**जातजाती क्षेत्र**

शोध अध्ययनको क्रममा स्थानीय पाठ्यक्रम विकास प्रक्रिया र निर्धारित पाठ्यक्रमको अध्ययनको स्थानीय आवश्यकता र पाठ्यक्रम बीचको तादात्म्यताको अवस्था पहिचान गर्ने उद्देश्यले अध्ययनको लागि छनोटमा परेका विद्यालयहरू शान्ति प्राथमिक विद्यालय थारमारे ७, रात्पहरा, अमरज्योति प्राथमिक विद्यालय थारमारे ७ चौरपानी र सरस्वती प्रामिक विद्यालय ठिङ्गवाङ्गका समुदायमा बसोबास गर्ने विभिन्न जातजातिका व्यक्तिसँग अन्तर्वाता मार्फत जातीगत स्थानीय आवश्यकतासम्बन्धी सूचना सङ्कलन गरिएको थियो । अध्ययनको क्रममा अन्तर्वार्ता गरिएका जातजातिको विवरण र विद्यालयमा पढन आउने जातजातिको विवरण तथा जातीबाट आफ्नो जातीगत आवश्यकता सम्बन्धीका सूचनाहरूलाई तलको तालिकामा राखेर विश्लेषण र व्याख्या गरिएको छ :

**तालिका नं. ४.१७**

**अध्ययन क्षेत्रका बसोबास गने जातजाति र विद्यालयमा पढन आउने जातजाति**




स्रोत : स्थलगत भ्रमण, २०६७ ।

यस अध्ययनको क्रममा अध्ययन क्षेत्रका समूदायमा बसोबास गर्ने विभिन्न जात जातिका व्यक्तिहरू क्षेत्र, ब्राह्मण, कामी, दमाई, सार्कीसँग अन्तर्वार्ता मार्फ सूचना सङ्कलन गरिएको थियो । अन्तर्वार्ताको क्रममा ति जातजातिको पेशामा आधारित भएर छलफल गरिएको थियो । जस्तो तपाईको पेशा के छ ? तपाईको जातीको भेद्भाव कस्तो छ ? तपाईको बालबालिका पढ्न जाने गरेका विद्यालय जातीय भेद्भावको बारेमा पढाई लेखाइ गरिन्छ कि गरिँदैन ? विद्यालयमा पठनपाठन हुने विषयवस्तु तपाईको पेशा र जातीलाई कुनै सहयोग छ कि छैन ? आदि प्रश्नद्वारा अन्तर्वाता गरिएको थियो । ति प्रश्नको जवाफलाई तल प्रस्तुत गरिएको छ ।

**(क) ब्राह्मण र क्षेत्री**

मथि उल्लेखित प्रश्नहरूको जवाफमा ब्राह्मण र क्षेत्रीहरूले जातीय रूपमा आफ्नो आवश्यकता नभएको बताएका थिए तर पेशागत रूपमा विभिन्न आवश्यकता छन् । जस्तो ब्राह्मणको लागि संस्कृत भाषा अति आवश्यक रहेको ब्राह्मणहरूले बताएका थिए । हामीहरूले विभिन्न कर्मकाण्ड गर्नुपर्छ । जस्तो पुजा, विवाह, सप्ताह, श्रीमद् भागवत जस्ता कर्म गर्नुपर्ने हुन्छ । त्यस्ता कार्य गर्दा सबै कुरा संस्कृतमा लेखिएका हुन्छ र संस्कृतमै पढ्नु पर्ने हुन्छ । आजकाल विद्यालयहरूमा संस्कृत विषयको पठनपाठन नहुने भएकाले पछिल्ला पिढिका बालबालिकाहरूले संस्कृतको शिक्षा नपढेकाले यी कर्मकाण्ड पढन र गर्न जान्दैनन् । जसले गर्दा भविष्यमा ब्राह्मण जातिको अस्तित्व गुम्ने र कर्मकाण्ड लोप हुन सक्ने र हत्या र आतंक बढ्ने र धर्मप्रतिको विश्वास घट्न सक्ने भएकाले प्राथमिक विद्यालयहरूमा स्थानीय विषयका रूपमा संस्कृत शिक्षाको केहि विषयवसतु समेट्नु पर्छ यो ब्राह्मण जातिका लागि अति आवश्यक कुरा छ भन्ने जानकारी दिएका थिए भने क्षेत्री जातिका व्यक्तिहरूले पनि आफूहरूलाई जात जातीगत रूपमा कुनै आवश्यक छैन तर क्षेत्रीका विभिन्न पेशा, व्यवसाय जस्तो कृषि, व्यापार, व्यवसाय जस्ता कुराको आवश्यकता रहेको जानकारी पाईयो । (अनुसूची ३)

तर अध्ययन क्षेत्रका ३ वटै विद्यालयहरूमा ब्राह्मण र क्षेत्री जातिका जातिगत र पेशागत रूपमा कुनै कुराहरूलाई स्थानीय पाठ्यक्रममा समेट्न नसकेको पाईयो भने अध्ययन क्षेत्रका विद्यालयका प्र.अ., शिक्षक र स्रोत व्यक्तिले पनि आफ्नो विद्यालयहरूमा जात जातिगत कुनै पनि कुरा आफ्नो विद्यालयको स्थानीय पाठ्यक्रमको विषयवस्तुमा नसमेटिएको कुरा जानकारी दिएका थिए । यी कुरा समेट्न नसक्नुका प्रमुख कारणहरूमा मुख्य गरी आर्थिक रूपमा विद्यालय कमजोरी हुनु र विज्ञ व्यक्तिको अभाव र तालिम प्राप्त शिक्षकको अभाव जस्ता विभिन्न कारणले स्थानीय परिवशेका सबै आवश्यकतालाई समेट्न सकिएको छैन । त्यसको लागि जिल्ला तथा केन्द्रबाट पनि उचित सहयोगको अभाव रहेको प्रतिक्रिया दिएका थिए ।      (अनुसूची १, २)

**कामी, दमाई र सार्कि**

अध्यनयको क्रममा अध्ययनको लागि छनोटमा परेका विद्यालयका समूदायमा बसोवास गर्ने कामी, दमाई र सार्की जातिका व्यक्तिसँग तपाईहरूका जातिय आवश्यकता के के छन् ? समाजमा छुवाछुतको भेद्भाव छ कि छैन ? तपाईहरूका पेशागत आवश्यकता के छन् र विद्यालयको पठनपाठनको लागि स्थानीय पाठ्यक्रमको विषयवस्तुमा तपाईहरूका कुनै आवश्कता समेटिएका छन् ? भनि प्रश्न गरिएको थियो । उक्त प्रश्नहरूको जवाफमा समाजमा ठूला वडा र माथिल्लो जातिका व्यक्तिहरूले आफूहरूलाई पानी छुन नदिने, आफूहरूले छोएको खाना नखाने, घर भित्र प्रवेश गर्न नदिने जस्ता छुवाछुतको भेदभाव गर्ने गरेकोले तिनीहरूको विरुद्धमा चेतनामूलक शिक्षाको आवश्कता भएको जनाएका जिए । जातिय भेद्भावले गर्दा समाजमा माथिल्लो जातिले आफूहरूलाई दहि, दूध र घ्यू जस्ता  खाध्य पदार्थ समेत खान नदिने ति जीच खाना दिएमा आफ्ना गाई, भैसी बौलाउने, दूध दिन सक्दैनन् र देवता रिसाउने जस्ता  अन्धविश्वास रहेकाले त्यस्ता धार्मिक अन्धविश्वासलाई परिवर्तन गर्ने खालको शिक्षाको आवश्यकता रहेको बताएका थिए । (अनुसूची ३)

त्यसैगरी आफ्नो पेशा अन्तर्गतको शिक्षा पनि आवश्यक रहेको जनाएका थिए । जसमा कामिले फलामको उपयोगिता, फलामबाट बन्ने औजार सम्बन्धीको सीप, फलामलाई उचित आकार प्रकारका ढाल्न सक्ने सीप सम्बन्धीको शिक्षाको आवश्यकता रहेको जनाएका थिए भने दमाई जातिका व्यक्तिहरूले कपडा सिलाउने सीप, कपडा काट्ने सीप, कपडा सिलाउने मेसिन सम्बन्धीको सीप जस्ता शिक्षाको आवश्कता रहेको बताएका थिए । सार्कि जातिका व्यक्तिले छालाको प्रयोग, छालाको सामान बनाउने, नरम बनाउने, सिलाउने र छालाबाट बन्ने हरेक समान सम्बन्धी ज्ञान र छाला प्रशोधन गर्ने मेसिन र तरिका सम्बन्धीको शिक्षाको आवश्कता रहेको जानकारी दिएका थिए ।

प्राथमिक विद्यालय लगायत कुनै पनि विद्यालयमा यस्तो शिक्षा सम्बन्धी पढाई लेखाई भएका जानकारी नपाएको बताएका थिए । प्राथमिक तहमा स्थानीय पाठ्यक्रम के के कुराको पठनपाठन हुन्छ ? स्थानीय पाठ्यक्रम केलाई भनिन्छ ? भन्ने कुराको जानकारी आफूहरूलाइ थाहा नभएको पनि जानकारी गराएका थिए ।


अध्ययन क्षेत्रका छनोटमा परेका ३ वटै विद्यालयहरूले विभिन्न जातजाति र भाषाभाषि सम्बन्धी स्थानीय पाठ्यक्रमको निर्माण नगरेको र विषयवस्तु छनोट नगरेको अध्ययन क्षेत्रका प्र.अ. र शिक्षक तथा स्रोत व्यक्तिले जनाएका थिए ।

**स्वास्थ्य क्षेत्र**

शोधपत्र अध्ययनको क्रममा स्थानयि आवश्यकता र पाठ्यक्रम बिच तादात्म्यता पहिचान गर्नको लागि अध्ययन क्षेत्रको थारमारे प्राथामिक स्वास्थ्य केन्द्रमा गएर अन्तबार्ता र छलफलको माध्यावाट स्वास्थ्य क्षेत्रको स्थानीय आवश्यकता सम्बन्धी छलफल गरी आवश्यक  सूचना सङ्कलन गरिएको  थियो । छलफल र अन्तबार्तामा यस स्वास्थ्य केन्द्रमा कुन कुन रोगका विरामी आदछन ? सबैभन्दा बढि रोगी कुन समयमा कुन रोगी आउदछन ? रोगसम्बन्धी विरामीहरूले कुनै प्राथामिक उपचार गरेका हुन्छन कि हुदैन्न ? प्राथामिक उपचारसम्बन्धी विरामीहरूमा  ज्ञान हुन्छ कि हुदैन ? विरामीहरूले पानी कस्तो प्रयोग गरेका हुन्छन ? समाजमा शैचालयको ब्यवस्था छ कि छैन ? आदी जस्ता कुरामा अन्तबार्ताको माध्यामवाट छलफल गरी सूचना सङ्कलन गरिएको थियो । जसवाट पाप्त भएका सूचनाहरूलाई तलको तालिकामा राखेर विश्लेषण र ब्याख्या गरिएको छ ।

**तालिका नं.** ४.१८

**अध्ययन क्षेत्रका माानिसहरूको स्वास्थ्य सम्बन्धी आवश्यकताहरू**




स्रोत स्थलगत भ्रमण २०६७

तालिका नं. ४.१८ मा अध्ययन क्षेत्रका स्वास्थ्य सम्बन्धीका स्थानीय आवश्यकताहरू दिईएको छ । ति प्रत्यक स्वास्थ्य सम्बन्धीका आवश्यकतालाई अलग अलग रूपमा विश्लेष र ब्याख्या गरिएको छ ।

**(क) शौचालय**

अध्ययन क्षेत्रमा स्थानीय आवश्यकता पत्ता लगाउनको लागी थारमारे स्वास्थ्य केन्द्रमा गएर अध्ययन गरिएको थियो । स्वास्थ्य केन्द्रका अ.हे.व. डिल्ली राज शर्माले यस प्राथममिक स्वास्थ्य केन्द्रका मानिसहरूको लागि सर्व प्रथम शौचालएको अति आवश्यकता रहेको वताएका थिए । यस प्राथामिक स्वास्थ्य केन्द्रमा धेरै जसो विरामी गर्मिको मौसममा आउने त्यसमा पनि झाडा पखाला, आऊ मासी, रुधा रोकि आदी जस्ता विरामि आउने गर्दछन । यसो हुनाको मूख्य कारण खानापानमा ध्यान नदिनु र त्यसमा पनि शौचालयको ब्यवस्था नभएको र प्रयोग नगरेको कारणले यस्ता सरुवा रोगहरू सजिलै एक अर्कामा सर्नाले यस्ता साधारण रोगहरूले पनि माहामारीको रूप लिने गरेको बताएका थिए । सबैको घरमा शौचालय नहुदा खुल्ला ठाउँमा दिशा पिशाव गर्ने जसले गर्दा एक ब्यक्तिमा लागेको रोग अरु ब्यक्तिमा सर्ने, त्यसमा पनि त्यहाँका मानिसहरूले दिशा पिसाव गर्दा गाँउ घरको नजिक भएको खोला, खाल्स र पनिको मुहान नजिकमा गर्ने हुदा यस्ता रोगहरू धेरै ठाँउमा छिटै फैलीने गरेको

बताएका थिए । जसले गर्दा यस क्षेत्रको स्वास्थ्य सम्बन्धीको प्रमुख आवश्यकता भनेको शौचालयको घर-घरमा व्यवस्था हुनु, शौचालयको फाईदा र महत्त्वसम्बन्धी यहाँका बालबालिका र वुढापाखा सबैलाई जानकारी दिनु पर्ने आवश्यकता रहेको बताएका थिए । (अनुसूची ६)

तर अध्ययन क्षेत्रका विद्यालयहरूमा भने विद्यार्थीहरूलाई स्वासथ्य विषयको शिक्षण गर्दा सरुवा रोग लाग्ने मुख्य कारणसम्बन्धी पठनपाठन गराउने गरे पनि सरुवा रोग लाग्ने मूख्यकारणसम्बन्धी शिक्षण प्रभाकारी रूपमा भएको पाईएन । शैचालको महत्त्व यसको प्रयोगले स्वास्थ्यमा हुने पाईदा र प्रयोग नगर्दा स्वास्थ्यमा पर्ने असर सम्बन्धी जानकारी गराएको पाईएन । सबै विद्यालयमा शैचालयको व्यवस्था नभएको र भए पनि उचित तरीकाले प्रयोग गर्ने गरेको पाईएन । शैचालायको प्रयोग गर्नुपर्छ । दिशा पिसाब पानीको मुहानमा गर्न हुन्न र खुल्ला ठाँउमा दिशा पिसाब गर्दा विभिन्न किसिमका सरुवा रोग लाग्दछन् भनेर शिक्षण गर्ने र स्थानीय पाठ्यक्रममा त्यस्ता विषयबस्तु छनोट गर्ने गरेको पाईएन । विद्यालयमा सरसफाई गर्नु पर्छ, सरसफाई नगर्दा स्वास्थ्यमा असर पर्छ भन्ने सामान्य शिक्षण गरे पनि गहिराईमा गएर स्थानीय आवश्यकतालाई ध्यान दिएर शिक्षण गरेको पाईएन ।

**(ख) पिउने पानी**

स्वास्थ्य केन्द्रमा गएर अध्ययन क्षेत्रका स्वास्थ्य सम्बन्धीका स्थानीय आवश्यकता सम्बन्धी सूचना सङकलन गर्दा त्यस क्षेत्रका स्थानीय आवश्यकतामा पिउने पनिको पनि अति आवश्यक रहेको स्वास्थ्य केन्द्रका अ.हे.वले जानकारी दिनुभएको थियो । यस स्वास्थ्य केन्द्र आसपासका सबै व्यक्तिले खोलामा बगेको पानीको प्रयोग गर्ने, मानिसले पिउने पानी र बस्तु भाउले पिउने पानीको मुहान एउटै प्रयोग गरेको, पानीको मुहान नजिकमा फोहोर गर्ने, दिशा पिशाब गर्ने गरेकाले यस क्षेत्रमा बढि मात्रामा भ्राडा पखाला, आउ मासी र रुघा खोकिका विरामी हुने बताएका दिए । त्यसै गरी गाँउघरमा एक दिन भरेको पनि धेरै दिन प्रयोग गर्ने गरेको, धाराको प्रयोग गरे पनि धारा मुहान नजिकै गराउँदा त्यस मुहानमा फोहोर हुने, वस्तुभाउ पनि त्यहि लगेर पानी पिलाउने गरेकोले, पानीबाट लाग्ने रोग आऊ, मासी र भ्राडा पखाला र रूघाखोकी जस्ता सरुवा रोग लाग्ने हुनाले पिउने पानीको उचित व्यवस्थापन हुनु पर्नेमा आवश्यकता रहेको बताएका थिए । (अनुसूची ६)

त्यसै गरी अध्ययन क्षेत्रका विद्यालयहरूमा पिउने पानी सम्बन्धी विषयबस्तुको शिक्षण गर्ने गरेको पाईएन । विद्यालयमा केन्द्रिय पाठ्यक्रम अनुसार विद्यालयमा धुर्मपान र लागु पदार्थ सम्बन्धी शिक्षण गरेको पाईएको थियो । जसले गर्दा स्वास्थ्य सम्बन्धी स्थानीय आवश्यकता र पाठ्यक्रम बिच सम्बन्ध रहेको पाइएन ।

**(ग) प्राथमिक उपचार**

अध्ययन क्षेत्रको स्वास्थ्य सम्बन्धीको स्थानीय आवश्यकता पहिचान गर्दा स्वास्थ्य केन्द्रका अ.हे.ब.ले यस क्षेत्रका मुख्य विरामी भनेका गर्मि मौसममा आउने भ्राडा पखाला, आउ, रगत, मासी र रुघाखोकि तथा लहरे खोकि जस्ता विरामि आउने गर्दछन् । त्यसमा पनि धेरै विरामीहरूले कुनै पनि प्राथमिक उपचार घरमा नगरी स्वास्थ्य केन्द्रमा ल्याउने गर्दछन् । प्राथमिक उपचारको क्रममा उल्टो पाल्टो उपचार गर्ने गरेकोले विरामी नाजूक स्थीतिमा आउने गरेको कुरा बताएका थिए । जस्तो भ्राडा पखाला लाग्दा धेरै जसो मानिसहरूले विरामीलाई

पानी खान नदिने गरेका उदाहरण पाएको जानकारी दिएका थिए । आउ मासी र रुघाखोकि तथा चिसो मौसममा निमोनियाका विरामी आउने गरेको पनि बताएका थिए । निमोनियाका विरामीहरूको प्राथमिक उपचार पनि प्राय व्यक्तिले नगर्ने बताएका थिए । गरे पनि निमोनिया लागेका बालबालिकालाई चिसोबाट मात्र बचाउने गरेको बताएका थिए । चिसोको साथै धुलो धूवाबाट पनि बचाउनु पर्छ भन्ने धारणा नभएको जानकारी दिएका थिए । जसले गर्दा यस प्राथमिक स्वास्थ्य केन्द्रका समुदायका मानिसहरूलाई विभिन्न रोगहरू सम्बन्धीका प्राथमिक उपचारसम्बन्धी ज्ञानको पनि आवश्यकता रहेको बताएका थिए । (अनुसूच ६)


तर अध्ययन क्षत्रका विद्यालयहरूमा विद्यार्थीहरूलाई स्वास्थ्य तथा शारिरीक शिक्षा विषयको शिक्षण थर्दा स्वास्थ्य सम्बन्धीका शौचालय, पिउने पनि र प्राथमिक उपचारसम्बन्धी शिक्षण गरेको पाईएन । अमरज्योती प्रा.बीले प्राथमिक उपचार सम्बन्धी शिक्षण गर्ने गरे पनि स्थानीय आवश्यकतालाई ध्यान नदिएर दुर्घटनाबाट बच्ने उपाय, पोखरी र तालमा डुबेका व्यक्तिको प्राथमिक उपचार तथा चोटपटक लागे पछि गर्ने प्राथमिक उपचारसम्बन्धी शिक्षण गरेको बताएका थिए । जसले गर्दा स्थानीय रूपमा देखिएका स्वास्थ्यका स्थानीय आवश्यकता र पाठ्यक्रम बिचको सम्बन्ध रहेको पाईएन ।

### ४.२.३ शारिरीक शिक्षा विषयको स्थानीय आवश्यकता र पाठ्यक्रम बिचको तादातत्म्यता

शोध अध्ययनको क्रममा स्थानीय आवश्यकता र पाठ्यक्रम बिच रहको तादात्म्यता पत्ता लगाउने उद्देश्यले अध्ययन क्षेत्रका विद्यालयका विद्यार्थी शिक्षक र समुदायका व्यक्तिहरूसँग तपाईका स्थानीय खेलहरू के के छन् ? स्थानीय खेलसम्बन्धी कुनै आवश्यकता छ कि ? विद्यालयमा स्थानीय खेल के के खेलाईन्छ ? स्थानीय खेल र विद्यालयमा खेलिने खेलहरू एउटै छन् ? कि फरक फरक छन् ? आदि जस्ता प्रश्न गरी आवश्यक सूचना सङ्कलन गरिएको थियो । जुन सूचनाहरूलाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं. ४.१९**

**अध्ययन क्षेत्रका समूदायका शारीरिक शिक्षा विषयका स्थानीय खेलहरू र विद्यालयमा खेलाईने खेलहरू**




माथि तालिका नं. ४.१९ मा देखाए अनुसार शारीरिक शिक्षा विषयको स्थानीय आवश्यकता सम्बन्धी पहिचान गर्नका लागि अध्ययन क्षेत्रका विद्यालय रहेको समूदाय र गाउँघरका व्यरुिक्तहरू शारीरिक शिक्षा

सम्बन्धीका खेलहरू प्रचलित रूपमा चलेका केहि   छैनन् । खेलहरूसम्बन्धी आवश्यकता पनि नरहेको जानकारी दिएका थिए । बालबालिकालाई कुनै खेल खेलाउनु हुँदैन । खेल खेलाउँदा बालबालिकाहरूले पढाई लेखाईमा ध्यान दिँदैनन् । खेल खेलाउँदा बालबालिकाहरूले सबै समय खेल र कसरतमा विताउँछन् र बालबालिकाको पढाई लेखाई विग्रन सक्छ । खेल खेलाउँदा घरको काममा सहयोग गर्दैनन् । दादागरी काम गर्दछन् । अरुलाई ठक, धुत र मारपिट गर्दछन् । त्यसैले गर्दा हाम्रो समुदायमा कुनै पनि स्थानीय खेलहरू प्रचलित रूपमा चलेका छैनन् र खेल तथा कसरतको कुनै आवश्यकता छैन । कसरत गर्नु परेमा घरको खेत, बारिमा काम गर्दा कसरत हुने हुनाले अतिरिक्त खेल र कसरतको आवश्यक छैन भनेर जानकारी दिएका थिए । (अनुसुची ३)

तर विद्यालयका विद्यार्थीहरूले भने आफुहरूको लागि भलिबल, लम्जम्प, हाईजम्प र वुद्धिचाल आदी जस्ता खेलको आवश्यकता रहेको बताएका थिए । यि खेलहरू विद्यालयमा खेल्ने गरेको पनि जानकारी दिएका थिए । अध्ययन क्षेत्रका शिक्षक तथा प्र.अ.अहरूले पनि यस क्षेत्रहरूमा स्थानीय रूपमा परम्परादेखि कुनै पनि खेल खेल्ने नगरेको बताएका थिए । विद्यालयमा आफुहरूले विद्यार्थीहरूको स्वास्थ्य स्वस्थ राख्नको लागि दैनिक दिन पिरिपरेड खेलाउने, प्रत्येक दिनको ईन्टरबलमा भलिबल खेल खेलाउने गरेको बताएका थिए । त्यसै गरी कहिले काहि शुक्रबारको दिनमा प्रत्योगिताको रूपमा लङ्जम्प, हाईजम्प लगायत दौड, बुद्धिचाल जस्ता खेल खेलाउने गरेको बताएका थिए । (अनुसूची १, २)


समग्र रूपमा भन्नु पर्दा यस अध्ययन क्षेत्रमा स्थानीय खेल नभएको तर विद्यालयले भलिव खेल लगाएत अन्य खेल विद्यार्थीको मागमा खेलाउने गरेको पाइयो । जसले गर्दा स्थानीय आवश्यकता र पाठ्यक्रमबिच त्यति सम्बन्ध रहेको पाईएन ।

### ४.२.४ सिर्जनात्मक कला विषयको स्थानीय आवश्यकता र पाठ्यक्रम बीचको तादात्म्यता

स्थानीय आवश्यकता र पाठ्यक्रम बीचको तादात्म्यता पत्ता लगाउनको लागि अनुसन्धान क्षेत्रका शान्ती प्राथमिक विद्यालय, अमरज्योति प्राथमिक विद्यालय र सरस्वती प्राथमिक विद्यालयका समुदायका केहि व्यक्तिसँग र उक्त विद्यालयका प्र.अ., शिक्षक लगायत समूदायका वृद्धवृद्धासँग स्थानीय कला र सीप सम्बन्धीका आवश्यकता पत्ता लगाउन केही अन्तर्वार्ता, छलफल गरिएको थियो । उक्त अन्तर्वार्ता समूह छलफलबाट प्राप्त गरेका स्थानीय कला र सीप तथा विद्यालयमा पठनपाठन हुने कला र सीपलाईनिम्न तालिकामा राखेर विश्लेषण र व्याख्या गरिएको छ :

**तालिका नं. ४.२०**

**सिर्जनात्मक कला विषय सम्बन्धी स्थानीय आवश्यकता र विद्यालयमा पठनपाठन गरिने विषयवस्तु**




स्रोत : स्थलगत भ्रमण, २०६७ ।

माथिको तालिका नं. ४.२० मा उल्लेख गरे अनुसार अध्ययन क्षेत्रका छनोट गरिएका विद्यालयका समूदायमा बसोबास गर्ने वुढाबुढि, महिला र अन्य व्यक्तिसँग प्रश्नावली अन्तर्वार्ताको साधनद्वारा तपाईका स्थानीय रूपमा रहेका स्थानीय कला र सीप के के छन् ? तिनीहरूको विकास गर्नु आवश्यक छ कि छैन ? भन्ने जस्ता प्रश्न सोधिएको थियो । उक्त प्रश्नको जवाफमा अध्ययन क्षेत्रका बुढाबुढि र अन्य व्यक्तिहरूले हाम्रो समाजमा स्थानीय कला भनेको चोयाको घुम बुन्ने, अन्न भण्डार गर्नको लागि चोया भकारी बुन्ने, कपडा राख्नको लागि चोयाबाट बुनेको मुदुस बुन्ने, मकै, धान र चामल केलाउने सूबा बुन्ने जस्ता स्थानीय कला र सीप भएको बुढापाखाले बताए थिए भने महिलाहरूले कपडामा बुट्टा बुन्ने, पलङ्ग र खाटमा विछ्याउने तन्नाहरूमा र लेसमा बुट्टामा बुन्ने, उनबाट टोपि, सुईटर र पछेउरी बुन्ने जस्ता स्थानीय कला र सीप आफूहरूलाई आवश्यक भएको बताएका थिए । यसका साथै परमपरादेखि चल्दै आएका मयूर नाच र सोरटी नाच जस्ता नृत्य र गितका कला छन् । ति कलाहरू पछाडिका पिढिहरूको नसिकेकोले यी कला र सीप लोप हुन लागेकोले यीनीहरूको जगेर्ना गर्नको लागि आवश्यकता रहेको अध्ययन क्षेत्रका केही वृद्धवृद्धा र महिलाहरूले बताएका थिए । (अनुसूची ३)

तर अध्ययन क्षेत्रका छनोटमा परेका शान्ति प्रा.वि., अमरज्योति प्रा.वि. र सरस्वति प्रा.वि., ३ वटै विद्यालयमा चोयोको काम सम्बन्धीको कला, उनका टोपी, पछेउरी र सुईटर, संस्कृति रूपमा चलेका पुराना नाच, मयुर नाच, तथा सोरटि नाचसम्बन्धी कुनै पनि सिर्जनात्मक कला र सीपसम्बन्धी पठनपाठन गराएको पाईएन । अध्ययन क्षेत्रका विद्यालयहरूमा साधारण चित्र बनाउने र लोकगीत तथा नाच मात्र कहिले काही प्रतियोगिताको रूपमा राखेर संचालन गरेको पाईयो । तर स्थानीय आवश्यकता अनुसार बनाएको पाईएन । त्यसैले गर्दा स्थानीइ आवश्यकता र पाठ्यक्रम बीचको सम्बन्ध रहेको पाईएन ।

### ४.२.५ स्थानीय आवश्यकता र पाठ्यक्रम बीचको तादात्म्यताको सारसंक्षेप

यस शोधपत्र अध्ययनको क्रममा स्थानीय आवश्यकता र पाठ्यक्रम बीचको तादात्म्यता पत्ता लगाउनु मुख्य उद्देश्य रहेको थियो । यस उद्देश्यलाई पूरा गर्नका लागि अध्ययन क्षेत्रको थारमारे गा.वि.स. का ३ वटा

विद्यालय शान्ति प्रा.वि., अमरज्योति प्रा.वि. र सरस्वति प्रा.वि.का समूदायका व्यक्तिहरू, वृद्ध वृद्धा, महिला, स्वास्थ्य केन्द्र राजनीतिज्ञ र अन्य स्थानीय संघसंस्था प्रश्नावली अन्तर्वार्ता गरिएको थियो । जसमा सामाजिक विषयको सन्दर्भमा स्थानीय आवश्यकताहरू त्यहाँका प्रमुख धार्मिक स्थल खैखावाङ्ग दर्गामाताको मन्दिर, कुमाखको सिद्धनाथ वावाको मन्दिर र जात्रा, चायोको काम धान, मकै खेती, व्यापार व्यवसाय, जस्ता आवश्यकता रहेको पाइयो । त्यस मध्यमा अध्ययन क्षेत्रका शान्ति प्राथमिक विद्यालयले खैराबाङ्ग दुर्गामाता र अमरज्योति प्राथमिक विद्यालयले कुमाखको सिद्धनाथ वाावको धार्मिक महत्त्व र त्यहाँको धार्मिक जनविश्वाससम्बन्धी पठनपाठन गराए पनि त्यस क्षेत्रका अन्य आवश्यकता मयूर नाच र सोराटी नाच सम्बन्धी संस्कृतिक क्षेत्रका आवश्यकतालाई समेटिएको पाईएन ।

त्यसैगरी स्थानीय विषयको रूपमा अध्ययन क्षेत्रका विद्यालयहरूले अदूवा खेती सम्बन्धी स्थानीय पाठ्यक्रम बताएर पठनपाठन गर्ने गरेको पाईयो । तर त्यस क्षेत्रमा स्थानीय विषयअन्तर्गतका थुप्रै अन्य पनि आवश्यकता रहेको पाईयो । अन्य आवश्यकताहरूमा सुन्तला खेती, चोयाको काम, धान मकै खेती र व्यापार तथा बैदेशिक रोजगार जस्ता स्थानीय आवश्यकता रहे पनि ति आवश्यकतालाई विद्यालयमा पठनपाठन हुने स्थानीय पाठ्यक्रममा हुने आफ्नो विषयवस्तुको क्षेत्रमा समेटिएको पाईएन । जसले गर्दा स्थानीय आवश्यकता र पाठ्यक्रमबीच त्यति सम्बन्ध रहेको पाईएन । स्थानीय आवश्यकता धेरै हुँदा हुँदै पनि स्थानीय अन्य व्यक्तिलाई स्थानीय पाठ्यक्रमसम्बन्धी जानकारी नदिने र पाठ्यक्रम निर्माण गर्ने स्रोत व्यक्तिले पनि पाठ्यक्रम निर्माण गर्ने चरणहरू र निर्माण गर्दा सहभागी गराउनु पर्ने व्यक्तिहरूसम्बन्धी ज्ञान तथा जानकारी नभएको पाइयो । जसले गर्दा स्थानीय आवश्यकता र पाठ्यक्रम बीच तादात्म्यता नरहेको थियो ।

सिर्जनात्मक कला विषयको सम्बन्धमा पनि स्थानीय कला र सीपसम्बन्धी धेरै आवश्यकता रहेको अध्ययन क्षेत्रका व्यक्तिहरूको जानकारी दिएको थिए । आवश्यता सम्बन्धमा चोयाको काम, सिलाई वा हातबाट बुन्ने सुईटर, टोपी र लेस जस्ता कलाको आवश्यकता रहेको र ती कला सम्बन्धी गाउँका व्यक्तिको लागि आवश्यकता रहेको पाइयो भने विद्यालयहरूमा ति कलासम्बन्धीका विषयवस्तुलाई पाठ्यक्रमले समेटिएको पाईएन । यस विषयसँग पनि तादात्म्यता नरहेको पाइयो ।

उता शारीरिक शिक्षा विषयमा भने स्थानीय व्यक्तिहरूले स्थानीय खेल र कसरतको आवश्यकता नरहेको बताएका थिए तर विद्यालयमा शारीरिक शिक्षा विषयमा भलिबल, पिटि, परेड र हाईजम्प, लङ्जम्प जस्ता खेल खेलाउने गरेको विद्यालयका प्र.अ. तथा शिक्षकले बताएका थिए । यस विषयको पनि स्थानीय अभिभावकका आवश्यकता र विद्यालयको पठनपाठन सम्बन्धी सम्बन्ध रहेको पाइएन ।

समग्रमा भन्नुपर्दा स्थानीय आवश्यकता र पाठ्यक्रम बीच सबै कुरामा सम्बन्ध रहेको पाईएन । यसको मुख्य कारण भनेको विद्यालयको आर्थिक अवस्था कमजोर रहनु, स्थानीय पाठ्यक्रम सम्बन्धी प्र.अ., शिक्षक र स्रोत व्यक्ति समेतलाई निर्माण प्रक्रियाका चरण थाहा नपाउनु, उपयुक्त तालिमको व्यवस्था नहुनु नीति निर्देशनमा र अनुगमन कार्यमा लापर्बाही हुनु सबै व्यक्तिका आ-आफ्ना रुची, चाहना, पेशा, व्यवसाय, कला कौशल, धर्म संस्कृति हुने भएकोले पनि स्थानीय आवश्यता र पाठ्यक्रम बीच सम्बन्ध रहन नसकेको पाईयो ।

## ४.३ स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था

यस शोधपत्र अनुसन्धानको लागि छनोट गरिएको सल्यान जिल्लाको थारमारे गा.वि.स. अन्तर्गतका शान्ति प्राथमिक विद्यालय, अमरज्योति प्राथमिक विद्यालय र सरस्वति प्राथमिक विद्यालय छनोट गरिएको थियो । ति छनोट गरिएका विद्यालयहरूमा स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ ? कसरी पठनपाठन गरिन्छ ? कुन विधि र सामग्रीको प्रयोग गरिन्छ ? विद्यार्थी मूल्याङ्कन कसरी गरिन्छ ? भन्ने उद्देश्यले छनोटमा परेका ३ वटै विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थीसँग प्रश्नावली, अन्तर्वार्ता र कक्षा समूह छलफल तथा प्रत्यक्ष कक्ष अवलोकन गरिएको थियो । ति स्रोत र साधनबाट प्राप्त भएका सूचनाहरूलाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.३.१ प्रश्नावली अन्तर्वार्ताबाट प्राप्त सूचनाको विश्लेषण

स्थानीय स्रोत सधानको परिचालन गरी स्थानीय परिवेश अनुसार आवश्यक पर्ने ज्ञान र सीप प्राप्तिका लागि स्थानीय पाठ्यक्रमको निर्माण गरी पठनपाठन गर्ने प्रावधान आएको हो । स्थानीय पाठ्यक्रमले बालपरिवेशका महत्त्वपूर्ण विषयवस्तुको बारेमा बालबालिकालाई परिचित गराई सिकाईप्रति उत्प्रेरित गराउने आशा लिएको छ । सोही अनुरूप निर्माण गरिएको स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था के छ भन्ने उद्देश्यले सूचना सङ्कलन गर्न छनोट गरिएका ३ वटा विद्यालयका प्र.अ., शिक्षकबाट सूचना सङ्कलन गरिएको थियो ।

त्यसै उद्देश्य अनुसार सर्बप्रथम अध्ययन क्षेत्रका प्र.अ.सँग भेटगरी विद्यालयको शैक्षिक, भौतिक, आर्थिक अवस्था सम्बन्धी छलफल गरिएको थियो । छलफलको क्रममा सबै विद्यालयको शैक्षिक तथा आर्थिक र भौतिक अवस्था कमजोर रहेको पाईयो । त्यसपछि स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी छलफल गरिएको थियो । तपाईको विद्यालयमा स्थानीय पाठ्यक्रम कुन विषयमा निर्माण गर्नु भएको छ ? त्यसको कार्यान्वयन कसरी गर्नुभएको छ ? भनि प्रश्न गरिएको थियो । उक्त प्रश्नहरूको उत्तरमा अध्ययन क्षेत्रका प्र.अ. र शिक्षकहरूले स्थानीय परिवेशको आर्थिक क्षेत्रको मुख्य पेशा अदूवा खेतीको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरेको बताएका थिए । यसको पठनपाठन कार्य प्रभावकारी रूपमा नै कार्यान्वयन भएको बताएका थिए । यस पाठ्यक्रमको पठनपाठन गर्नको लागि छलफल, प्रयोगात्मक विधि, शैक्षिक भ्रमण विधि र व्याख्या विधि छनोट गरेको बताएका थिए भने सामग्रीको रूपमा अदुवाको बोट, अदुवा लगाउने औजार, उपचारको लागि प्रयोग गरिने मेसिन जस्ता सामग्री प्रयोग गरी पठनपाठन गर्ने गरेको बताएका थिए । अदूवा खेती सम्बन्धी पाठ्यपुस्तक कसरी निर्माण गर्नु भएको छ ? भनि प्रश्न गर्दा अदूवा खेती सम्बन्त्धी पाठ्यपुस्तक निर्माण गरिएको छैन । त्यसको लागि राष्ट्रिय अदूवा खेती अनुसन्धान केन्द्रबाट निकालिएका पुस्तक ल्याएर पठनपाठन गर्ने गरेको बताएका थिए । आवश्यकता अनुसार अदूवा खेती विज्ञ व्यक्तिलाई बोलाएर पठनपाठन गराउने र आवश्यकता अनुसार सामग्री पनि ल्याएर प्रयोगात्मक रूपमा पठनपाठन गराउने गरेको बताएका थिए । स्थानीय पाठ्यक्रम कार्यान्वयनमा कुनै समस्या छ कि छैन ? भनि प्रश्न गर्दा समस्या त छन् । किन भने पाठ्पुस्तक नभएकोले विद्यार्थीले घरमा गएर पढन पाउँदैनन् भनेको समयमा उचित किसिमको प्रयोगात्मक पठनपाठन गराउँदा विद्यालयमा विज्ञ शिक्षक र समान नहुँदा अदूवा खेती केन्द्रबाट व्यक्ति बोलाउनु पर्छ र आउन जेल पर्खनु पर्छ भनि जानकारी दिएका थिए ।

त्यसैगरी गाउँ समाजमा हरेक प्रकारका पेशा व्यवयास रहेको जानकारी पनि दिएका थिए । ती सबै पेशा व्यवसायलाई समेट्न सकिएको छैन भनेर जवाफ दिएका थिए । (अनुसूची १)

स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था पहिचान गर्नको लागि स्थानीय विषय पढाउने शिक्षकसँग पनि सूचना सङ्कलन गरिएको थियो । छनोटमा परेका ३ वटा विद्यालयका ३ वटा विषय शिक्षकसँग अन्तर्वार्ता प्रश्नावली गरिएको थियो । जसमा विषय शिक्षकहरूले शिक्षण गर्न पाठ्यपुस्तकको अभाव रहेको, महङ्गो सामग्री र खर्चिलो भएकाले शिक्षण गर्न कठिन भएको बताएका थिए । त्यसै गरी स्थानीय विषयको कक्षा पिरियड विद्यालय समयको अन्तमा राखिने हुँदा विद्यार्थीको जाँगर कम हुने भएकाले प्रभावकारी शिक्षण हुन नसकेको बताएका थिए । यस विषयको विषय शिक्षक एक एक जना मात्र भएकाले सबै कक्षाका सबै कक्षाहरूमा तालिम प्राप्त शिक्षकले स्थानीय विषय पढाउन सम्भव नहुने, विद्यार्थीले घरमा गएर पढ्ने अवसर नपाउने, पाठ्यपुस्तकको अभाव भएकाले प्रभावकारी शिक्षणमा असर परेको बताएका थिए (अनुसूची-२) ।

### ४.३.२ कक्षा समूह छलफलवाट प्राप्त सूचनाको विश्लेषण

स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्नको लागि छनोट गरिएका ३ वटा विद्यालयका ३ वटा कक्षाहरूमा कक्ष समूह छलफल गरिएको थियो । उक्त कक्षा समूह छलफलहरूमा स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्नका लागि शिक्षकको क्रियाकलाप, शैक्षिक सामग्रीको प्रयोग र विधि, कक्षामा दिएका उदाहरण र विद्यार्थी सहभागिता आदि सम्बन्धी छलफल गरिएको थियो ।

विद्यार्थीहरूले उक्त छलफलको क्रममा स्थानीय पाठ्यक्रम मात्र भएको र त्यससँग सम्बन्धीत पाठ्यपुस्तक नभएकाले कक्षामा पढाई हुने विषयवस्तु र पाठ शिक्षकले भने पछि मात्र थाहा हुने, घरमा अधययन गर्न नपाईने र अर्को दिनको पाठको जानकारी नहुने बताएका थिए । कक्षा शिक्षण गर्दा शिक्षकहरूले व्याख्या विश्लेषण मात्र गर्ने र कुनै पनि शैक्षिक सामग्री प्रयोग नगरेको बताएका थिए । शैक्षिक सामग्री प्रयोग गर्ने पाठमा पनि प्रयोग नगरेको र शैक्षिक भ्रमण गराउने पाठमा पनि नगराएर शिक्षण गर्ने गरेको बताएका थिए । त्यसैक्रममा विद्यार्थीहरूले स्थानीय विषयको मूल्याङ्कन गर्दा पनि अरु विषयको आधारमा अंक निर्धारण गरेर अंक दिने गरेको बताएका थिए । (कक्षा समूह छलफल)

यसरी माथिका प्रतिक्रियाका आधारमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा सञ्चालन भएको पाईएन ।

### ४.३.३ कक्षा अवलोकनबाट प्राप्त सूचनाको विश्लेषण

यस शोधपत्र अध्ययनको लागि छनोटमा परेका शान्ति प्राथमिक विद्यालय, अमरज्योति प्राथमिक विद्यालय र सरस्वति प्राथमिक विद्यालयका एक एक वटा प्रत्यक्ष रूपमा कक्षाअवलोकन गरी स्थानी पाठयक्रम कार्यान्वयनको अवस्था पहिचान गरिएको थियो । जसबाट प्राप्त भएका ३ वटै विद्यालयका सूचनाहरूलाई निम्नानुसार अलग अलग विश्लेषण र व्याख्या गरिएको छ ।

**शान्ति प्राथमिक विद्यालयको अदूवाको संरक्षणका उपायहरू शीर्षक पाठको कक्षा अवलोकन**

स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्न अध्ययनको क्रममा कक्षा शिक्षणको अवलोकनबाट प्राप्त सूचनालाई तलको तालिकामा राखेर विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं. ४.२१**

**शान्ति प्रा.वि.को कक्षा अवलोकनबाट प्राप्त सूचनाहरू**

| क्र.सं. | शिक्षण विधिको प्रयोग | शिक्षण सामग्री | शिक्षण क्रियाकलाप | विद्यार्थी प्रक्रिया |
|---|---|---|---|---|
| १ | व्याख्या विधि | शब्दपत्ति | पूर्वपाठको स्मरण | ध्यानपूर्व सुनेको |
| २ | प्रदर्शन विधि | चित्र | कालो पाटीमा शीर्षक लेखेको | |
| ३ | सामूहिक छलफल विधि | चक, वोर्ड | कक्षाबाटै अदूवाबारी देखाएको | अदूवावारी तिर सबैले हेरेको |

स्रोत : स्थलगत भ्रमण, २०६७ ।

शिक्षण सिकाई विधिको प्रयोग विशेष गरेर विषयवस्स्तुको स्वरूप निर्भर पर्दछ । शिक्षण सिकाइका विधिहरू व्याख्या, छलफल, प्रश्नउत्तर, स्थलगत भ्रमण, प्रदर्शन विधि आदि विधिहरूको बारेमा शिक्षकहरू जानकारी हुनु पर्दछ ।

यस अध्ययनमा शान्ति प्रा.वि.को कक्षा अवलोकनमा अदूवाको संरक्षणका उपायहरू भन्ने पाठमा शिक्षण गर्नका लागि शिक्षकले पाठयोजना विना नै कक्षाकोठामा प्रवेश गरी कालोपाटीमा अदूवा खेतीको संरक्षण शिर्षक लेखेर पूर्व पाठको स्मरण गराएका थिए । त्यसपछि पाठको सुरुवात व्याख्या विधिबाट सुरु गरिएको थियो । कक्षा व्यवस्थापनमा विद्यार्थीलाई नयाँ विषयवस्तु प्रति ध्यान केन्द्रित गर्न गराउन कुनै उत्प्रेरणा सम्बन्धीको सीप प्रयोग गरिएको थिएन । शिक्षण सामग्रीको रूपमा शब्द पत्ति र अदूवाको चित्र कालोपाटीमा बनाएर प्रदर्शन गराउँदै अदूवालाई संरक्षण, अदूवालाई गोडमेल, अदूवाको लागि हानिकारक रोग र त्यस रोगबाट बचाउने उपायहरू अदूवामा राखिने छाप्रो सम्बन्धीका तरिका जस्ता कुराहरूसम्बन्धी सिकाएको थियो । कक्षा कोठाबाट देख्न सकिने अदूवाबारी, देखाउँदै उदाहरण पनि प्रस्तुत गरिएको थियो । शिक्षकको व्याख्यालाई विद्यार्थीले ध्यान दिएर सुनिरहेका थिए । शिक्षकको बोली स्पष्ट थियो भाषा सबै विद्यार्थीले सजिलै बुझ्न सकेका थिए भने विद्यार्थीका अगाडि किताब थिएन । शिक्षकले अदूवा खेती अनुसन्धानको एउटा किताबको आधारमा पढाई रहेका थिए । कक्षाको अन्तमा शिक्षकले विद्यार्थीलाई प्रश्न सोधेका थिए र उक्त प्रश्नको उत्तर विद्यार्थीले दिएका थिएनन् । (अनुसूची ७)

**अमरज्योति प्राथमिक विद्यालयको प्रत्यक्ष कक्षा अवलोकनबाट प्राप्त सूचनाको विश्लेषण र व्याख्या**

स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था पहिचान गर्ने सिलसिलामा अमरज्योति प्रा.वि. मा अध्ययन कर्ता आफै कक्षामा गएर स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवलोकन गरिएको थियो । उक्त कक्षा शिक्षणमा स्थानीय पाठ्यक्रम समेटिएको स्थानीय रूपमा गरिने अदूवा खेतीको खेती गर्ने तरिकासम्बन्धी पाठको कक्षा अवलोकन गरिएको थियो । उक्त कक्षा अवलोकनबाट प्राप्त भएका सूचनालाई निम्न तालिकामा राखेर विश्लेषण र व्याख्या गरिएको छ ।

**तालिका नं. ४.२२**

**अदूवा खेतीको खेती गर्ने तरिका पाठको कक्षा अवलोकन**

| क्र.सं. | शिक्षणको तयारी अवस्था | शिक्षण विधि | शिक्षण सामग्री | शिक्षण क्रियाकलाप | विद्यार्थी प्रतिक्रिया |
|---|---|---|---|---|---|
| १ | पाठयोजना नबनाएको | व्याख्या विधि | शब्दपत्ति | पाठको पुनरावृत्ति र नयाँ पाठको शीर्षक लेखेको | ध्यानपूर्वक सुनेको |
| २ | पूर्वपाठको स्मरण नगराएको | छलफल विधि | चित्रपत्ति | प्रश्नद्वारा उद्देश्य प्राप्त गर्न खोजेको | अदूवा तिर सबैकले हेरेको |
| ३ | शिक्षण सामग्री निर्माण गरेको । | प्रदर्शन विधि | अदूवा | सामग्रीको रूपमा अदुवा देखाएको | प्रश्न उत्तर क्रियाकलापमा सामूहिक सहभागिता रहेको |
| ४ | विद्यार्थीको ध्यान केन्द्रित गरेको | | चकवोर्ड | | |

स्रोत : स्थलगत भ्रमण ।

माथि तालिका नं. ४.२२ मा उल्लेख गरे अनुसार कक्षाको कक्षा शिक्षणको विषयवस्तु अदूवा खेती गर्ने तरिका रहेको थिया । शिक्षक कक्षामा सफा सुग्घर भएर उपस्थित भएका  थिए । शिक्षकले सर्वप्रथम बोर्डमा पाठ शीर्षक लेखेर पूर्व पाठको पुनरावृत्ति गराएका थिए । त्यसपछि स्थानीय नगदेबालीको रूपमा अदूवा देखाउँदै कक्षा व्यवस्थापन गरी विषयवस्तु क्रमिकताको रूपमा गरिएको थियो । शिक्षकले पाठयोजना मानसिक रूपले बनाए पनि नोटमा बनाएका थिएनन् । विद्यार्थी सक्रियताले कक्षा अनुशासित थियो भने शिक्षण विधि र सामग्री उपयुक्त मानिएको थियो । शिक्षणको क्रममा शिक्षकले अदूवा कहिले लगाउने, कसरी लगाउने, कति फरकमा लगाउने जस्ता तरिका सम्बन्धी ज्ञान र सीपको व्याख्या गरिएको थियो । विद्यार्थीले नजानेका कुरा शिक्षकले नरम भाषामा पुन स्मरण गराएका थिए । कक्षाको अन्तमा भने शिक्षकले गृहकार्य दिएका थिएनन । (अनुसूची ७)

**सरस्वती प्राथमिक विद्यालयको प्रत्यक्ष कक्षा अवलोकनबाट प्राप्त सूचनाको विश्लेषण र व्याख्या**

स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्न सरस्वती प्राथमिक विद्यालयको पनि कक्षा अवलोकन गरिएको थिया । उक्त विद्यालयमा शारीरिक शिक्षा विषयको अवलोकन गरिएको थियो । त्यस विद्यालयमा कक्षा शिक्षण प्रयोगात्मक तरिकाले गरिएको थियो । जसबाट प्राप्त सूचनालाई तलको तालिकामा देखाएको छ :

**तालिका नं. ४.२३**

**स्थानीय खेल भलिवलको प्रयोगात्मक कक्षा अवलोकन**

| क्र.सं. | शिक्षण विधि | शिक्षण सामग्री | शिक्षण क्रियाकलाप | विद्यार्थी प्रतिक्रिया |
|---|---|---|---|---|
| १ | प्रदर्शन विधि | भलिवल, जाली, पम्प चुन | भलिबल खेलको नीति निर्देशन | ध्यान दिएको |
| २ | प्रयोगात्मक विधि | | प्रयोग गरी देखाएको | सक्रिय पूर्वक खेलेको |

स्रोत : स्थल भ्रमण, २०६७ ।

यस अध्ययनको क्रममा स्थानी पाठ्यक्रमको कार्यान्वयन के कसरी गरिएको छ ? त्यसको अवस्था के छ ? भन्ने उद्देश्यले सरस्वती प्रा.वि. मा गएर पनि शारीरिक शिक्षा विषयको कक्षा अवलोकन गरिएको थियो । शिक्षकले पाठयोजना नबनाए पनि कक्षामा भलिवलको लागि विभिन्न नीति नियम सम्बन्धी जानकारी दिएका थिए । जसमा विद्यार्थीहरूले ध्यान दिएका थिए । निर्देशन पछि विद्यार्थीहरूलाई विद्यालयको खेल मैदानमा लगेर प्रयोगात्मक तरिकाले भलिव खेल्न लगाएका थिए । उक्त खेलमा विद्यार्थीहरू सक्रिय पूर्वक खेलेका थिए । भलिवलको अवलोकन गरेपछि केहि प्रश्नको आधारमा उक्त विद्यालयका विषय शिक्षक र प्र.अ.सँग छलफल गरिएको थियो । छलफल गर्दा शिक्षकले प्राथमिक तहमा भलिबलसम्बन्धी सीप सिकाउने उद्देश्यले यो विषयवस्तु शारीरिक शिक्षा विषयको २० प्रतिशतको विषयवस्तुको रूपमा छनोट गरिएको बताएका थिए । भलिवल एक प्रसिद्ध खेल हो, यो खेल विद्यालय बाहिर पनि बालबालिकाले खेल्न सक्ने हुँदा यस खेलका सीपहरू विद्यार्थीहरूले स्वभाविक रूपा अभ्यास गरी सीप सिक्न सक्ने भएकाले छनोट गरिएको बताएका थिए । यस खेलका आधारभूत सीपहरू भकुण्डो हातले हान्ने, खेलमा चनाखो हुने सीपलाई विशेष ध्यान दिने गरेको बताएका थिए । विद्यालयको खेल मैदान भने केही सानो देखिएको थियो । (अनुसूची ७)

शारीरिक शिक्षा शिक्षण विधिको सैद्धान्तिक ज्ञान विद्यालयका शिक्षक र विद्यार्थीहरूमध्य कमैलाई थाहा भएको पाइयो । सिकाई उलब्धि अनुसार विषयवस्तु छनोट गर्ने क्षमता नभएको पाईयो । शिक्षकहरूले शिक्षण गर्दा कक्षा ४ र ५ का विद्यार्थीलाई सजिलो भएको तर तल्लो कक्षाका विद्यार्थीलाई शिक्षण गर्ने तरिका उपयुक्त हुने खालका क्रियाकलाप सिर्जना गर्न कठिन हुने कुरा बताएका थिए । जसले गर्दा अरु कक्षाका विद्यार्थीहरूले समय बताउने मात्र गरेको पाइयो (समूह छलफल) ।

### ४.३.४ स्थानीय पाठ्यक्रम कार्यान्वयनको सारसंक्षेप

यस शोधपत्र अध्ययनका लागि छनोट गरिएका शान्ति प्रा.वि., सरस्वती प्रा.वि. र अमरज्योती प्रा.वि. मा स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचानका लागि प्रत्यक्ष कक्षा अवलोकन गरिएको थियो । जसमध्ये शान्ति प्राथमिक विद्यालयमा अदूवा खेतीको संरक्षण भन्ने पाठको कक्षा अवलोकन गरिएको थियो । जुन पाठ शिक्षण गर्नका लागि शिक्षकले पाठयोजना बनाएका थिएनन् । पूर्वपाठको जानकारी गराए पनि विद्यार्थीहरूलाई उत्सुकता गराउने खालका क्रियाकलाप गराएका थिएनन् । शिक्षण सिकाई क्रियाकलापमा प्रभावकारी शिक्षण

सामग्रीको प्रयोग गरिएको पाईएन । विद्यार्थीहरूलाई एकहोरो विश्लेषणबाट मात्र शिक्षण गरेकाले विद्यार्थीहरू निष्क्रिय रहेका थिए । सामाग्री कुनै देखाएको थिएन । एकै दिनमा धेरै विषयवस्तु पढाएका थिए । विद्यार्थीहरूलाई मूल्याङ्कन र गृहकार्य दिने गरेको पनि पाईएन ।

त्यसै गरी अमरज्योति प्राथमिक विद्यालयको पनि प्रत्यक्ष कक्षा अवलोकन गरिएको थियो । त्यस विद्यालयमा अदूवा खेती गर्ने तरिका पाठको अवलोकन गरिएको थियो । यस विद्यालयमा पनि शिक्षकहरूले पाठयोजना बनाएका थिएनन् । कक्षाकोठामा विद्यार्थीहरूसँग किताव पनि थिएन । शिक्षकले एकहोरो व्याख्या विश्लेषण गरेर शिक्षण गरेका थिए भने सामग्रीको रूपमा अदूवा बाहेक अरु कुनै देखाएका थिएनन् । कक्षाकोठाबाट नै अदूवावारी देखाएकोले विद्यार्थीहरूले पढाईभन्दा अन्यत्र ध्यान दिएका थिए । बीच बीचमा विद्यार्थीलाई छलफल गराउन खोजे पनि विद्यार्थीले कुनै कुरा जानेको थिएनन् । कक्षाको अन्तमा गृहकार्य दिएका थिएनन ।

अमरज्योति प्रा.वि.मा शारीरिक शिक्षा विषयको कक्षा अवलोकन गरिएको थियो । उक्त कक्षा अवालोकनमा शिक्षकले सामान्य निर्देशन र नियम सिकाएर खेल मैदानमा लगेर भलिवल खेलाएका थिए । विद्यार्थीले खेले खेल्दा अरु विद्यार्थीले नपढेर खेल हरेका थिए । जसले गर्दा अरु विद्यार्थीले खाली समय मात्र विताएका थिए । जसले गर्दा अरु विद्यार्थीका लागि प्रभावकारी शिक्षण मानिदैन ।

यसका साथै प्र.अ., शिक्षक र विद्यार्थीसँग पनि छलफल र अन्तर्वार्ता गरिएको थियो । जसबाट आफूहरूसँग एक जना मात्र स्थानीय विषयमा तालिम प्राप्त शिक्षक भएकोले प्रभावकारी रूपमा यस विषयको कार्यान्वयन नभएको बताएका थिए । पाठ्यपुस्तक र सामग्री नभएकोले विद्यार्थीले पढाईमा ध्यान नदिने प्रतिक्रिया दिएका थिए । त्यसै गरी विद्यार्थीहरूले स्थानीय विषयको पठनपाठन प्रभावकारी नभएको बताएका थिए । शैक्षिक भ्रमणमा जानै पर्ने र प्रयोग गरेर देखाउनै पर्ने विषयवस्तुमा पनि खाली व्याख्या मात्रै गर्ने गरेको बताएका थिए भने मूल्याङ्कन पनि अन्य विषयमा ल्याएको प्राप्ताङ्कको आधारमा अंक प्रदान गर्ने गरेको गुणासो पोखेका थिए । यी सबै क्रियाप्रतिक्रियाका आधारमा प्रभावकारी रूपमा स्थानीय पाठ्यक्रमको कार्यान्वयनको नभएको देखिन्छ ।

# परिच्छेद पाँच
## प्राप्ति, निष्कर्ष र सुझाव

यो शोध पत्र अनुसन्धान सल्यान जिल्लाको थारमारे गा.वि.स. अन्तर्गतका ३ वटा विद्यालय शान्ति प्रा.वि. अमरज्योति प्रा.वि. र सरस्वती प्रा.वि. म स्थानीय पाठ्यक्रम विकास प्रक्रिया र निर्धारित पाठ्यक्रमको अध्ययन गरिएको थियो । जसमा अध्ययनकर्ता स्वयम् विद्यालयमा र समूदायमा गएर प्रश्नावली, अन्तर्वार्ता, समूह छलफल र कक्षा समूह छलफल गरी शिक्षक, प्र.अ., विद्यार्थी, अभिभावक, समूदायका वृद्धवृद्धा महिला, राजनीतिज्ञ र स्वास्थ्य केन्द्र लगाएतका व्यक्तिहरूसँग विभिन्न सूचना प्राप्त गरिएको थियो । यि विभिन्न सूचनाहरूको विश्लेषण र व्याख्याबाट निम्नानुसार प्राप्ति निकालिएको छ ।

## ५.१ प्राप्ति

- अध्ययन सल्यान जिल्लाको थारमारे गा.वि.स. का शान्ति प्रा.वि., अमरज्योति र सरस्वती प्रा.वि.मा स्थानीय पाठ्यक्रम विकास प्रक्रिया र निर्धारित पाठ्यक्रमको अध्ययन गरियो ।
- अध्ययन क्षेत्रका ३ वटै विद्यालयमा स्थानीय विषयको रूपमा स्थानीय पाठ्यक्रम एउटै निर्माण गरेको पाइयो ।
- स्थानीय पाठ्यक्रम निर्माण स्रोत केन्द्रको नेतृत्वमा अदूवाखेति सम्बन्धीको स्थानीय पाठ्यक्रम निर्माण गरेको पाईयो ।
- अन्य विषय सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयको स्थानीय विषयवस्तु आ-आफ्नो विद्यालयमा छनोट गर्ने गरेको पाइयो ।
- स्थानीय पाठ्यक्रम निर्माणमा प्र.अ., शिक्षक, विद्यार्थी, विद्यार्थीका अभिभाक र स्रोत व्यक्ति तथा वि.व्य.स. मात्र संलग्न भएको पाईयो ।
- समूदायमा बसोबास गर्ने अन्य व्यक्तिहरूलाई समावेश गराएको पाईएन ।
- स्थानीय पाठ्यक्रम निर्माणमा अपनाउने विभिन्न प्रक्रियागत चरण नअपनाएर निर्माण गरेको पाइयो ।
- स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी अध्ययन क्षेत्रका सबै व्यक्तिहरूलाई जानकारी नगराएको पाइयो ।
- स्रोत व्यक्तिलाई स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी प्रयाप्त ज्ञान नभएको पाइयो र तालिम प्राप्त नभएको पाईयो ।
- स्थानीय पाठ्यक्रम निर्माण गर्नको लागि अध्ययन क्षेत्रमा स्थानीय पाठ्यक्रमविद् नभएको पाइयो ।
- अध्ययन क्षेत्रका स्थानीय पाठ्यक्रम सम्बन्धी सबै जनालाई थाहा नभएको हुनाले सञ्चार माध्यमवको कमजोरी रहेको पाईयो ।
- सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला जस्ता विषयमा विषयवस्तु छनोट गर्दा कुनै व्यक्तिलाई समावेश गरेको पाईएन ।
- छनोट प्रक्रियाका कुनै पनि चरणलाई अपनाएको पाईएन  यी विषयको स्थानीय विषयवस्तु छुट्टयाएको जानकारी अभिभावक लगायत प्रायः सबै व्यक्तिहरूलाई जानकारी नभएको पाइयो ।
- स्थानीय पाठ्यक्रम र स्थानीय आवश्यकता बीच तादात्म्यता भएको पाइएन ।

- स्थानीय आवश्कयकतामा धार्मिक, स्वास्थ्य, जातजाती, विभिन्न पेशा व्यवसाय र कलाकौशल सम्बन्धी आवश्यकता रहेको पाइयो भने स्थानीय पाठ्यक्रमले सामान्य एउटा मात्र पेशा अदूवा खेती र धार्मिक क्षेत्र खैराबाङ्ग र कुमाखलाई मात्र समेटिएको पाईयो ।
- अध्ययन क्षेत्रमा सुन्तला खेती, चोयाको काम, व्यापार, वैदेशिक रोजगार र धान कमै खेती भएको भए पनि स्थानीय पाठ्यक्रमले ति स्थानीय आवश्यकतालाई समेटेको पाईएन ।
- सामाजिक र सिर्जनात्मक कला जस्ता विषयमा मयुर नाच, सोरटी नाच चोयाको काम, लगाएत ब्राह्मण, कामी, सार्कि र दमाई जातिका स्थानीय आवश्यकता फरक फरक रहेको तर स्थानीय पाठ्यक्रमले ती आवश्यकतालाई समेटन् सकेको पाईएन ।
- कामी, दमाई र सार्कि जातिका व्यक्तिहरूले स्थानीय पाठ्यक्रमको जानकारी नपाएको पाइयो ।
- स्थानीय पाठ्यक्रम कार्यान्वयन प्रभावकारी रूपमा भएको पाईएन ।
- विद्यालयको आर्थिक अवस्था कमजोर रहेकाले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा समस्या परेको पाईयो ।
- स्थानीय पाठ्यक्रम कार्यान्वयनमा तालिम प्राप्त शिक्षकको अभाव रहेको पाईयो ।
- सम्बन्धित क्षेत्रबाट उपयुक्त नीति निर्देशन र अनुगमनको अभाव रहेकाले कार्यान्वयनमा लापर्वाही रहेको पाईयो ।
- निर्माण गरिएका स्थानीय पाठ्यक्रमको कार्यान्वयमा स्रोत केन्द्र, जिल्ला शिक्षा कार्यालय लगायत सम्बन्धित निकायबाट सहयोग र प्राविधिक सहयोग नगरेको पाईयो ।
- स्थानीय पाठ्यक्रम निर्माणा र कार्यान्वयनका लागि स्थानीय निकायका पदाधिकारीहरूलाई उनिहरूको भूमिका सम्बन्धमा तालिम तथा अन्य जानकारीको अभाव रहेको पाइयो ।
- स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपुस्तकको अभाव भएको पाईयो ।

## ५.२ निष्कर्ष

स्थानीय पाठ्यक्रमको मर्म अनुसार स्थानीय पाठ्यक्रम निर्माण गर्न खोजे पनि निर्माणकर्तालाई निर्माण प्रक्रियाका सबै चरणसम्बन्धी ज्ञान नभएको ले निर्माण प्रक्रियाका सबै चरण नअपनाएको निष्कर्ष निकालिएको छ ।

- स्थानीय पाठ्यक्रम निर्माण कार्यमा सरोकारवाला सबै व्यक्तिहरूलाई संलग्न नगराएको र सबै व्यक्तिहरूलाई स्थानीय पाठ्यक्रम सम्बन्धी जानकारी नभएको निष्कर्ष निकालिएको छ ।
- स्थानीय पाठ्यक्रम निर्माण गरे पनि स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यक्रम निर्माण गर्न नसेकेको निष्कर्ष निकालिएको छ ।

- अध्ययन क्षेत्रका विभिन्न व्यक्तिहरूका विभिन्न आवश्यकता र चाहना भएका र स्थानीय आवश्यकता र पाठ्यक्रम बीच तादात्म्यता नरहेको निष्कर्ष निकालिएको छ ।

- अध्ययन क्षेत्रका विद्यालयहरू आर्थिक रूपमा कमजोर रहेको कारणले समाजका सबै व्यक्तिका आवश्यकता अनुसारको पाठ्यक्रम निर्माण गर्न नसकेकोले राज्यतर्फबाट प्रत्येक विद्यालयहरूलाई स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि आवश्यक रकम छुट्टयाउनु पर्ने निष्कर्ष रहेको छ ।

- अध्ययन क्षेत्रमा सबै विषयको स्थानीय पाठ्यक्रम निर्माण नगरको स्थिति रहेकाले त्यसको लागि जिल्ला तह र केन्द्र तहबाट नीति निर्देशन र परामर्शको आवश्यकता रहेको निष्कर्ष रहेको छ ।

- स्थानीय पाठ्यक्रमको मूल्याङ्कन स्थानीय पाठ्यक्रमको मर्म अनुसार नभएकोले सबै विद्यालयले अन्य विषयको आधारमा अंक प्रदान गर्ने गरेको पाइयो । त्यसका कारण स्थानीय पाठ्यक्रमको मूल्याङ्कन पनि स्थानीय पाठ्यक्रमको आधारमा ज्ञान र सीपको मूल्याङ्कन गरी अंक प्रदान गर्नुपर्ने निष्कर्ष रहेको छ ।

- सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयको स्थानीय विषयवस्तु छनोट नै नगरी केन्द्रीय पाठ्यक्रम अनुसार पठनपाठन गर्ने गरेको निष्कर्ष रहेको छ ।

- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वनका लागि विभिन्भ विधि, सामग्री निर्माण गर्नको लागि विद्यालयको आर्थिक र भौतिक अवस्था कमजोर रहकोले त्यसका आन्तरिक र बाह्य सहयोगको माग गरी सबैको आवश्यकता अनुसारको पाठ्क्रम निर्माण गरी कार्यान्वयन गर्ने क्षमताको विकास गर्नुपर्ने निष्कर्ष रहेको छ ।

- स्थानीय तहमा विशेष गरी पाठ्यक्रम विकास, निर्माण एवं कार्यान्वयन गर्नका लागि संस्थागत संयन्त्र निर्माण गर्नुपर्ने निष्कर्ष रहेको छ ।

- स्थानीय स्तरमा निर्माण गरिने पाठ्यक्रममा सम्बन्धित सरोकारवालाहरूको सहभागितामा व्यापकता ल्याउनु पर्ने र सञ्चार माध्यमलाई पनि व्यापकता दिनु पर्ने निष्कर्ष रहेको छ ।

- स्थानीय तहमा पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनका लागि आवश्यक पर्ने र प्रयाप्त रूपमा पुग्ने गरी बजेटको व्यवस्था गरिनुपर्ने निष्कर्ष निकालिएको छ ।

- स्थानीय तहमा पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि आवश्यक पर्ने विज्ञ र स्रोत व्यक्तिको उपलब्धताका लागि क्षमता वृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने र निष्कर्ष रहेको छ ।

- स्थानी आवश्यकतामा आधारित पाठ्यक्रम विकास एवं निर्माण सम्बन्धमा शिक्षक, प्र.अ., वि.व्य.स. लगायत सरोकारवालाहरूको क्षमता वृद्धिका लागि सघन रूपमा कार्यक्रम सञ्चालन गरिनु पर्ने निष्कर्ष रहेको छ आदि ।

## ५.३ सूझाव

- स्थानीय तहमा पाठ्यक्रम निर्माण सम्बन्धी तालिम सञ्चालन गरिनु पर्ने र स्थानीय तहमा विद्यालय, शिक्षक, स्रोत व्यक्तिहरूलाई र अन्य क्षेत्रका व्यक्तिहरूलाई पाठ्यक्रम निर्माण सम्बन्धमा आवश्यक तालिम सञ्चालन गरी सक्षम बनाउँदा राम्रो हुन सक्छ ।
- स्थानीय तहमा विशेष गरी स्थानीय निकायममा पाठ्यक्रम विकास निर्माण र कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण गर्दा प्रभावकारी हुने देखिन्छ ।
- स्थानीय तहमा पाठ्यक्रम विकास र निर्माण एव्रं कार्यान्वयनका लागि आवशयक पर्ने र प्रयाप्त रूपमा पुग्ने गरी बजेटको व्यवस्था गरिनुपर्ने र विद्यालयको आफ्नै स्रोतको रकमबाट खर्च गर्न नसकेको स्थितिमा अन्य स्रोतको उपलब्ध गराई दिन सके राम्रो हुन सक्छ ।
- स्थानीय तहमा पाठ्यक्रम निर्माण, विकास र कार्यान्यनका लागि आवश्यक पर्ने विज्ञ र स्रोत व्यक्तिको उपलब्धताका लागि क्षमता वृद्धिका कार्यक्रम संञ्चालन गरिदा प्रभावकारी रूपमा निर्माण तथा कार्यान्वयन हुने देखिन्छ ।
- स्थानीय तहमा पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनका लागि आन्तरिक तयारी र तत्परताका लागि विशेष कार्यक्रम सञ्चालन गरी आन्तरिक  तयारी र तत्परता नभईन्जेल सम्म कार्यक्रम कार्यान्वयन नगर्दा प्रभावकारी हुने देखिन्छ ।
- स्थानीय आवश्कयतामा आधारित पाठ्यक्रम विकास एवं निर्माण सम्बन्धमा शिक्षक, प्र.अ. र वि.व्य.स. लगायत सरोकारवालाहरूको क्षमता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनुपर्ने देखिन्छ ।
- हाल उपलब्ध गराईएको स्थानीय पाठ्यक्रम विकास निर्माण सम्बन्धी तालिम अप्रर्याप्त, अप्रभावकारी भएकाले यसको नमुनामा परिवर्तन गरी थप समय, स्रोत र साधन तथा बढी व्यवहारिक रूपमा सञ्चालन गर्न सके प्रभावकारी हुने देखिन्छ ।
- स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालयको स्थानीय पाठ्यक्रम विकास र निर्माण तथा कार्यान्वयन सम्बन्धी क्षमता वृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सके प्रभावकारी देखिन्छ ।
- स्थानीय तहमा विकास निमार्ण तथा कार्यान्वयन गरिने स्थानीय पाठ्यक्रम सम्बन्धमा स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालयबाट प्रभावकारी समन्वयात्मक भूमिका निर्माण गरिनुपर्ने ।

- स्थानीय निकायका पदाधिकारीहरूलाई स्थानीय पाठ्यक्रम र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा उनिहरूको भूमिका सम्बन्धी तालिम र जानकारी दिनसके उपयोगी हुन सक्छ ।
- स्थानीय निकायको सक्रियतामा स्थानीय तहमा पाठ्यक्रम निर्माण गर्ने वातावरण विकास गरिनुपर्ने र स्थानीय तहमा क्षमता वृद्धि गर्न गराउन सके प्रभावकारी हुन सक्छ ।
- निर्माण गरिएका स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा स्रोत केन्द्र, जिल्ला शिक्षा कार्यालय लगायत सम्बन्धित निकायबाट अनुगमन र आवश्कय सेवा टेवा र प्राविधिक सहयोग गरिनुपर्ने देखिन्छ ।
- स्थानीय पाठ्यक्रम सम्बन्धमा विभिन्न दस्तावेजमा अस्पष्ट भएका नीतिहरू स्पष्ट गर्नुपर्ने । शैक्षिक विकेन्द्रिकरण अन्तर्गत नै पाठ्यक्रमको स्थानीकरण गर्न सके राम्रो हुन सक्छ ।

# सन्दर्भसूची


Tyler, (1949), *Modal of the Curriculum Process.*

Taba, (1969), *A sequence of curriculum development model.*

Wheeler and Nichalls, (1967 and 1978) *Cyclical Model for Curriculum Development*.

Walkers and Skilbeck, (1972, 1976), *Diuynamic Model for Curriculum Development*.

Print, (1993), *Curriculum Development and Design*.

शिक्षा तथा खेलकूद मन्त्रालय, (२०५९), *माध्यमिक शिक्षा सहयोग कार्यक्रम मूल दस्तावेज,* शिक्षा तथा खेलकूद मन्त्रालय, केशहरमहल, काठमाडौं ।

पौडेल, रेमेशराज, (२०६४), *स्थानीय पाठ्यक्रम कास्की शैक्षिक दर्पण,* (२०६४), जिल्ला शिक्ष कार्यालय, कास्की ।

कानुन किताव व्यवस्थापन समिति, (२०६३), *नेपालको अन्तरिम संविधान,* २०६३, कानुन किताव व्यवसथापन समिति, बबर महल, काठमाडौं ।

कानुन किताव व्यवस्थापन समिति, *शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली (२०५९), कानुन किताव व्यवस्थापन समिति,* बबरमहल, काठमाडौं ।

राष्ट्रिय योजना आयोग, (२०५९), *दशौं योजना (२०५९-२०६४),* काठमाडौं योजना आयोग, सिंहदरवार, काठमाडौं ।

राष्ट्रिय योजना आयोग, (२०६३), *तीन बर्षिय अन्तरिम योजना (२०६४-०६५, ०६६, ०६७),* राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं ।

गौतम, दिनानाथ, (२०६२), *विद्यालय तहमा स्थानीय पाठ्यक्रम शिक्षा २०६२,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६३), *नेपालमा शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप,* पाठ्यक्रम विकास केन्द्, सानोठिमी, भक्तपुर ।

शैक्षिक जनशक्ति विकास केन्द्र, (२०६३), *परिवर्तीत सन्दर्भमा शैक्षिक व्यवस्थापन प्रणालीको पुनरावलोकन,* शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

शिक्षा तथा खेलकुद मन्त्रालय, (२०६३), *सबैका लागि शिक्षा (२००४-२००९),* मुख्य दस्तावेज, शिक्षा तथा खेलकुद मन्त्रालय, केशरमहल, काठमाडौं ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), *प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४-५,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास कन्द्र, (२०६०), *स्थानीय पाठ्यक्रम निर्देशिका २०६५,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।

कानुन किताब व्यवस्थापन समिति (२०५६), *स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६,* कानुन किताव व्यवस्था समिति, बबरमहल, काठमाडौं ।

पौडेल, आनन्द (२०६६), *शैक्षिक विकासका बहुकआयामिक चिन्तन*।

अधिकारी, विश्णुप्रसाद (२०६६), *शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली,* आशीष पुस्तक भण्डार, काठमाडौं ।

अन्तरिम योजना (२०६६-२०६७), *राष्ट्रिय योजना आयोग,* सिंहदरबार काठमाडौं ।

*स्मारिका,* (२०४९), जनक शिक्षा सामग्री केन्द्र लिमिटेड ।

# अनुसूची–१
## प्रधानाध्यापकसँ सोध्ने प्रश्नावली

**विद्यालयको नाम :** **मिति**

**प्रधानाध्यापकको नाम :** **शैक्षिक योग्यता**

**ठेगाना :**

१. तपाईको विद्यालय स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया कस्तो छ ?

.........................................................................................................

२. तपाईको विद्यालय स्थानीय पाठ्यक्रम के विषयमा अर्थात् कुन विषयवस्तु निर्माण गर्नु भएको छ ?

.........................................................................................................

३. विभिन्न विषयमा स्थानीय पाठ्यक्रम निर्माण गर्दा के के चरणहरू अपनाउनु हुन्छ ?

.........................................................................................................

४. विभिन्न विषयको पाठ्यक्रम निर्माण गर्दा कुन कुन व्यक्तिको सम्लग्नता गराउनु हुन्छ ?

.........................................................................................................

५. विभिन्न विषयको स्थानीय पाठ्यक्रममा समेटिएका विषयवस्तु के के छन् ?

.........................................................................................................

६. तपाईको विद्यालय क्षेत्रध ओरपरका धार्मिक स्थल के के छन् ?

.........................................................................................................

७. तपाईको विद्यालय क्षेत्र ओरपरमा धार्मिक स्थल के के छन् ?

.........................................................................................................

८. शारीरिक शिक्षा विषयमा के के खेल खेलाउनु हुन्छ ?

.........................................................................................................

९. स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ ?

.........................................................................................................

१०. स्थानीय पाठ्यक्रमलाई कसरी पठनपाठन गराउनु हुन्छ ?

.........................................................................................................

११. स्थानीय पाठ्यक्रमको निर्माण गर्दा पठनपाठन गराउनुको लागि कुन कुन विधि र सामग्रीको छनोट गर्नु भएको छ ?

.........................................................................................................

१२. स्थानीय पाठ्यक्रमको निर्माण गर्दा विवाद आउँछ कि आउँदैन?:

.........................................................................................................

## अनुसूची–२

## शिक्षकहरूका लागि प्रश्नावली

**विद्यालयको नाम :** **मिति**

**शिक्षकको नाम :** **शैक्षिक योग्यता**

**ठेगाना :**

१. स्थानीय पाठ्यक्रम निर्माण गर्दा के के चरणहरूलाई प्रयोग गर्नु हुन्छ ?

.......................................................................................................

२. स्थानीय पाठ्यक्रम निर्माण गर्दा कस, कसको संलग्नता रहन्छ ?

.......................................................................................................

३. सामाजिक विषयमा धार्मिक, जातजाति र स्वास्थ्य क्षेत्र समेट्नु भएको छ कि छैन ?

.......................................................................................................

४. स्थानीय तहमा रहेका विषयवस्तु र पठनपाठन गरिएको स्थानी विषयवस्तुमा के कस्तो समबन्ध रहेको छ ?

.......................................................................................................

५. स्थानीय पाठ्यक्रम शिक्षण सामग्री र शिषण विधि कुन कुन प्रयाग गर्नु हुन्छ ? निर्माण तथा छनोट कसरी गर्नु हुन्छ ?

.......................................................................................................

६. विद्यार्थीहरूलाई शिक्षण गर्दा आउने समस्या के के छन् ?

.......................................................................................................

७. स्थानीय पाठ्यक्रमको शिक्षण गरेपछि मूल्याङ्कन कसरी गर्नु हुन्छ ?

.......................................................................................................

८. विभिन्न विषयका स्थानीय पाठ्यक्रममा के के पाठहरू समेट्नु भएको छ ?

.......................................................................................................

९. स्थानीय पाठ्यक्रम र समाजका आवश्यकता बीच के कस्तो सम्बन्ध रहेको छ ?

.......................................................................................................

१०. विभिन्न विषयका स्थानीय निर्माण तथा कार्यान्वयनका लागि आउने समस्या के के छ छन् ?

.......................................................................................................

११. स्थानीय पाठ्यक्रम समबन्धी केही सुझाव छन कि ?

.......................................................................................................

## अनुसूची–३

## वि.व्य.स. र अभिभावक तथा समूदायका व्यक्तिलाई सोधिने खुल्ला प्रश्नावली

**नाम :** **मिति**

**ठेगाना :**

१. तपाईको विद्यालयम कुन विषयवस्तुको स्थानीय पाठ्यक्रम निर्मा गर्नु भएको छ ?

..........................................................................................................

२. स्थानीय पाठ्यक्रम निर्माणमा सहभागी हुनु भएको छ ? कि छैन् ?

..........................................................................................................

३. तपाईको गाउँ समाजमा सामाजिक र संस्कृति तथा धार्मिक स्थल र क्रियाकलापहरू के के रहेका छन् ?

..........................................................................................................

४. तपाईको गाउँ माजमा रहेका कला र सीप के के छन् ,

..........................................................................................................

५. तपाईको गाउँ घरमा रहेका कला र सीप के के छन् ?

..........................................................................................................

६. तपाईहरूको मुख्य आयस्रोतको पेशा के हो ?

..........................................................................................................

७. तपाईहरूको समाजमा स्थानीय रुपमा खोलिने के हो ?

..........................................................................................................

८. स्थानीय पाठ्यक्रमको विकास गर्नु उपयुक्त ठान्नु भएको छ ?

..........................................................................................................

९. स्थानीय पाठ्यक्रम सम्बन्धी कुनै जानकारी पाउनु भएको छ कि छैन ?

..........................................................................................................

१०. तपाईहरूको साँस्कृतिक मूल्यमान्यता के रहेको छ ?

..........................................................................................................

११. स्थानीय पाठड्यक्रम सम्बन्धी कुनै छन् कि ?

..........................................................................................................

१२. स्थानीय पाठ्यक्रम सम्बन्धी कुनै सल्लाह सुझाव छन् कि ?

..........................................................................................................

## अनुसूची–४
## स्रोत व्यक्ति र पाठ्यक्रमविद्सँग सोधिने प्रश्नावली

**स्रोत व्यक्तिको नाम :** **मिति**

**ठेगाना :** **शैक्षिक योग्यता**

१. तपाईले कुनै विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण गर्नु भएको छ ?

..........................................................................................................

२. स्थानीय पाठ्यक्रम निर्माण गर्दा कुन कुन चरणहरू अपनाउनु हुन्छ ?

..........................................................................................................

३. निर्माण गरेका स्थानीय पाठ्यक्रममा बढी मात्रामा कुन कुराहरूलाई बढी जोड दिएको छ ?

..........................................................................................................

४. सबै विद्यालयमा एकै प्रकारको पाठ्यक्रम निर्माण गर्नु भएको छ कि फरक फरक ?

..........................................................................................................

५. स्थानीय पाठ्यक्रम निर्माण गर्दा स्थानीय आवश्यकतालाई ध्यान दिएको छ कि छैन ?

..........................................................................................................

६. स्थानीय पाठ्यक्रम र आवश्यकता बीच के कस्तो सम्बन्ध रहेको छ ?

..........................................................................................................

७. स्थानीय पाठ्यक्रम निर्माण गर्दा कु कु व्यक्तिहरूको संलग्मनता रहेको हुन्छ ?

..........................................................................................................

८. स्थानीय पाठ्क्रम सम्बन्धी कुनै सुझाव छन् कि ?

..........................................................................................................

## अनुसूची–५
## स्वास्थ्य केन्द्रसँग सोधिने प्रश्नावली

**स्वास्थ्य केन्द्रको नाम :** **मिति**

**प्रधानाध्यापकको नाम :** **शैक्षिक योग्यता**

**ठेगाना :**

१. स्वास्थ्य केन्द्रमा दिनको कति जना विमारी आउँदछन् ?

.................................................................................................

२. स्वास्थ्य केन्द्रमा बढी विरामी कुन समयमा आउँछन् ?

.................................................................................................

३. स्वास्थ्य केन्द्रमा कुन रोगका विरामी आउँदछन् ?

.................................................................................................

४. रोगीहरूले प्राथमिक उपचार गरेका हुन्छन् ? कि हुँदैनन् ?

.................................................................................................

५. रोगीहरूले प्रयोग गर्ने पानीको मुहान के कस्तो छ ?

.................................................................................................

६. स्वास्थ्य केन्द्र ईलाकामा शौचालयको व्यवस्था के कस्तो छ ?

.................................................................................................

७. रोगीहरू मथि अफ्र व्यक्तिको दृष्टिकोण के कस्तो रहेको छ ?

.................................................................................................

८. स्वास्थ्य केन्द्र रहेको ईलाकामा कस्तो प्रकारको शिक्षा दिँदा स्वास्थ्य केन्द्रमा आउने रोगीको संख्या क मगर्न सकेला ?

.................................................................................................

९. स्वास्थ्य केन्द्रमा आएका विरामीमा उपचार गर्दा कुनै समस्या आउँछ कि ?

## अनुसूची–६

## स्थानीय संघसंस्था र अन्य व्यक्तिलाई सोधिने खुल्ला प्रश्नावली

**नाम :** **मिति**

**ठेगाना :** **शैक्षिक योग्यता**

**ठेगाना :**

१. स्थानीय स्तरमा रहेका प्राथमिक विद्यालयमा स्थानीय पाठ्यक्रम सम्बन्धी जानकारी पाउनु भएको छ ?

..........................................................................................................

२. स्थानीय पाठ्यक्रम निर्माणमा संलग्न हुनु भएको छ ?

..........................................................................................................

३. स्थानीय पाठ्यक्रम निर्माण गर्दा जानकारी पाउनु हुन्छ कि हुँदैन् ?

..........................................................................................................

४. स्थानीय परिवेशका धार्मिक स्थल के के छन् ?

..........................................................................................................

५. स्थानीय परिवेशमा भएका विभिन्न पक्षलाई कसरी संरक्षण गर्न सकिन्छ ?

..........................................................................................................

६. स्थानीय कला र संस्कृति के कस्ता छन् ?

..........................................................................................................

७. समाजमा रहेका कुन कुन क्षेत्रमा सहयोग गर्नु भएको छ ?

..........................................................................................................

## अनुसूची–७

## कक्षा अवलोकन फाराम

**शिक्षकको नाम :** **मिति**

**सहयोगि विद्यालयको नाम :** **ठेगाना**

**पाठ शीर्षक**

| **(क)** | **शिक्षकको व्यक्तित्व** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | शिक्षकको व्यक्तित्व | अत्युत्तम | उत्तम | मध्यम | निम्न | न्यूनतम | कैफियत |
| १ | सफासुग्घर | | | | | | |
| २ | आत्मविश्वास | | | | | | |
| ३ | मिलनसार | | | | | | |
| ४ | स्पष्ट बोली | | | | | | |
| ५ | भाषाको शुद्धता | | | | | | |
| **(ख)** | **कक्षाको प्रारम्भ** | | | | | | |
| १ | पूर्वपाठको स्मरण | | | | | | |
| २ | पाठप्रति जागरण | | | | | | |
| ३ | कक्षा व्यवस्थापन | | | | | | |
| **(ग)** | **पाठको प्रस्तुतिकरण** | | | | | | |
| १ | विषयवस्तुका ज्ञान | | | | | | |
| २ | विषयवस्तुको प्रयाप्तता | | | | | | |
| ३ | पठको क्रमिकता | | | | | | |
| ४ | उपयुक्तता | | | | | | |
| ५ | स्तरयुक्तता | | | | | | |
| **(घ)** | **कक्षा कार्यकलाप** | | | | | | |
| १ | विद्यार्थी संख्या | | | | | | |
| २ | प्रश्नउत्तरको उपयुक्तता | | | | | | |
| **(ङ)** | **सामग्रीको प्रयोग** | | | | | | |
| १ | उद्देश्य प्राप्तिमा सहयोगी | | | | | | |
| २ | स्तरयुक्त | | | | | | |
| ३ | स्पष्ट देखिने | | | | | | |
| ४ | आवश्यतामुखी | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (**च**) | **संचार साधन** | | | | | | |
| १ | व्याख्या | | | | | | |
| २ | छलफल | | | | | | |
| ३ | प्रदर्शन | | | | | | |
| ४ | खोज | | | | | | |
| ५ | प्रयोग | | | | | | |
| (**छ**) | **संचार साधन** | | | | | | |
| १ | उद्देश्य प्राप्ति | | | | | | |
| २ | मूल्याङ्कन शिक्षण विधिको प्रयोग | | | | | | |
| (**ज**) | **गृहकार्य** | | | | | | |
| १ | गृहकार्यको प्रयोग | | | | | | |
| २ | सुझाव | | | | | | |

## अनुसूची–८

## शान्ति प्रा.वि. का शिक्षकहरूको विवरण

**विद्यालयको नाम : शान्ति प्राथमिक विद्यालय, रात्पहरा** **मिति :**

**ठेगाना : थारमारे–७, सल्यान**

| नाम | ठेगाना | योग्यता | तलिम प्राप्त |
|---|---|---|---|
| गोपाल राम बोहरा प्र.अ. | थारमारे-४ | आई.ए. | प्राप्त |
| लेक बहादुर बस्नेत | थारमारे-३ | आई.एड. | प्राप्त |
| भिम बहादुर बस्नेट | थारमारे-१ | आई.एड | प्राप्त |
| लक्ष्मि भण्डारी | थारमारे-७ | बि.एड. | प्राप्त |

# अनुसूची-९

## अमरज्योति प्रा.वि. चौरपानीका शिक्षकहरूको विवरण

**विद्यालयको नाम : शान्ति प्राथमिक विद्यालय, रात्पहरा** **मिति :**

**ठेगाना : थारमारे-७, सल्यान**

| नाम | ठेगाना | योग्यता | तलिम प्राप्त |
|---|---|---|---|
| झक्कु प्रसाद डि.सी. | थारमारे-७ | आई.एड. | प्राप्त |
| छपिलाल भण्डारी | थारमारे-७ | आई.एड. | प्राप्त |
| व्रिम कुमार बुढा | थारमारे-३ | आई.एड | प्राप्त |
| सूसिला डि.सी.. | थारमारे-७ | बि.एड. | अप्राप्त |

## अनुसूची-१०

## सरस्वती प्रा.वि. का शिक्षकहरूको विवरण

**विद्यालयको नाम : सरस्वती प्रा.वि. विद्यालय, ठिङ्गवाङ्ग,** **मिति :**

**ठेगाना : थारमारे-३, सल्यान**

| नाम | ठेगाना | योग्यता | तालिम प्राप्त |
|---|---|---|---|
| भिम बहादुर डि.सी. (प्र.अ.) | थारमारे-३ | एस.एल.सी. | प्राप्त |
| मधव शर्मा | थारमारे-३ | आई.ए. | प्राप्त |
| लिलाधर शर्मा | थारमारे-३ | वि.एड. | प्राप्त |
| रेशम बस्नेत | थारमारे-३ | आई.एड. | अप्राप्त |

## व्यक्तिगत विवरण

**नाम** : उमलाल भण्डारी
**बुवाको नाम** : कृष्णबहादुर भण्डारी
**आमाको नाम** : छपी भण्डारी
**जन्म मिति** : २०३६-०२-०२
**स्थायी ठेगाना** : थारमारे-७, सल्यान
**अस्थायी ठेगाना** : कीर्तिपुर-१२, काठमाडौं
**लिङ्ग** : पुरुष
**धर्म** : हिन्दु
**जाति** : क्षेत्री
**राष्ट्रियता** : नेपाली
**भाषा** : नेपाली, अङ्ग्रेजी, हिन्दी
**बैवाहिक अवस्था** : विवाहित
**सम्पर्क नं.** : ९७७-९८४९६३८८३१

**शैक्षिक योग्यताः**

| **तह** | **संस्थान** | **उत्तीर्ण वर्ष** | **प्रमुख विषय** | **स्तर** |
|---|---|---|---|---|
| एस.एल.सी. | नेपाल | २०५४ | - | तेस्रो |
| उच्च मा.वि. | उ.मा.सि.प. | २०५९ | जनसंख्या | तेस्रो |
| वि.एड. | त्रि.वि. | २०६३ | जनसंख्या | तेस्रो |
| एम.एड. | त्रि.वि. | २०६७ | पाठ्यक्रम | प्रथम |

**अनुभवः**

- सामुदायिक विद्यालमा २ वर्ष शिक्षण (शिक्षण अध्यापन अनुमति पत्र प्राप्त)।